सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

५ फागुन २०८०, शनिबार (17 Feb 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्न्नयाँ

नारायणगोपाल र गोपाल योञ्जनसँग बिताएका क्षण



संस्मरण

नगेन्द्र थापा
कवि/गीतकार

नारायणगोपालको पहिचान नै उसको आवाज हो । यद्यपि, गीत लेख्न र संगीत भर्न ऊ त्यत्तिकै माहिर थियो । राजनीतिमा गहिरो चाख राख्ने र तर्क-वितर्क गर्ने बानी थियो । भूगोल, साहित्य, समाजको उत्तिकै ज्ञान थियो ।

अविवाहित जीवन

जयन्तीदेवी राई
सभापति, विधायन व्यवस्थापन समिति

इंगेजमेन्ट भएको बिहे रोकियो

लाहुरेहरूबाट पनि बिहेका लागि प्रस्ताव आउँथे । चिठी पठाउँथे ।



महिलाले यी पाँच तरिकाबाट बदल्दै छन् उत्तर कोरिया



पूर्वसचिव तथा लोकसेवा आयोगका पूर्वअध्यक्ष

उमेश मैनालीलाई मनपरेका पुस्तक



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ हेटौंडा कपडा उद्योग सञ्चालनका लागि यस्तो छ सेनाको विस्तृत कार्ययोजना

दुई वर्षभित्रै व्यावसायिक रूपमा कपडा उत्पादन, एक अर्ब ९३ करोड लगानी

■ सेनाको तीनवर्षे कार्ययोजना

०८०/८१ सरकारबाट नीतिगत निर्णयसहित सेनालाई हेटौंडा कपडा उद्योग हस्तान्तरण, विस्तृत परियोजना प्रतिवेदन तयार, हस्तान्तरणपछि पुराना मेसिनरी प्लान्टको प्रतिस्थापन र नयाँ मेसिनरी प्लान्टको छनोट तथा खरिद व्यवस्थापन र भौतिक पूर्वाधार मर्मत-सम्भार तथा पुनर्निर्माण सुरु गर्ने उल्लेख छ ।

०८१/८२ भौतिक पूर्वाधार निर्माण तथा पुनर्निर्माण सम्पन्न, कच्चा पदार्थ, स्पेयर पार्टस् तथा एसेसरिजहरू खरिद व्यवस्थापन, मेसिनरी प्लान्ट जडान र परीक्षण उत्पादन सुरु गर्ने कार्ययोजना छ ।

०८२/८३ वेभिङ (बुन्ने) मेसिनहरू थप गरी पूर्ण क्षमतामा सञ्चालन गरी व्यावसायिक उद्योग विस्तार गर्ने र कच्चा पदार्थ (धागो) उत्पादनमा आत्मनिर्भर हुन बुटवल धागो उद्योगलाई पुनः सञ्चालनका लागि अध्ययन प्रतिवेदन तयार गर्ने उल्लेख छ । सेनालाई उद्योग सञ्चालन गर्न दिनेबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैंले पहल गरेका छन् ।


अजित अधिकारी, पवन तिमिल्सिना

सेनाले विस्तृत कार्ययोजनामार्फत सरकारले स्वामित्व हस्तान्तर गरे हेटौंडा कपडा उद्योगबाट दुई वर्षभित्रै व्यावसायिक रूपमा कपडा उत्पादन गर्न सकिने प्रस्ताव गरेको छ । २४ वर्षदेखि पूर्ण रूपले बन्द सरकारी स्वामित्वको उद्योग सञ्चालनको विस्तृत कार्ययोजना सेनाले सरकारलाई बुझाइसकेको छ ।

दुई सय जनशक्ति प्रयोग हुने

उत्पादन थाल्ने तीनवर्षे योजनामा सेनाले चालू आर्थिक वर्षभित्र हेटौंडा कपडा उद्योगको स्वामित्व हस्तान्तरण भए दुई वर्षभित्रै व्यावसायिक रूपमा कपडा उत्पादन गर्न सकिने प्रस्ताव बनाएको हो ।

» पृष्ठ २ मा क्रमशः





हेटौंडा कपडा उद्योगमा अहिले ४९२ सेट मेसिन उपकरण थोत्रिएर बसेको सेनाको प्रतिवेदनमा छ । यी मेसिन पुरानो मोडलका भएका कारण मर्मत गरेरसमेत प्रयोग गर्न नसकिने अवस्थामा छन् । उद्योग लामो समयदेखि बन्द भएकाले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले त्यहाँ रहेका भवनमध्ये आठवटा निजी उद्योगलाई भाडामा दिएको छ । त्यस्तै, २४३ रोपनी जग्गा निजी क्षेत्रका १५ उद्योगलाई भाडामा दिइएको छ । तर, कपडा उद्योगको नाममा अझै थप भवन र जग्गा रहेकाले तत्काल काम गर्न भने समस्या नहुने औद्योगिक क्षेत्र व्यवस्था लिमिटेडका उपनिर्देशक भूषणकुमार उपाध्यायले बताए । तस्बिर : **पोष्टराज अधिकारी**/नयाँ पत्रिका

■ २४सै घण्टा उद्योग चलाएर वार्षिक ८० लाख मिटर कपडा उत्पादन गर्ने

सेनाले मेसिनरी र जनशक्तिको उच्चतम प्रयोग गरेर सुरुमा आठ-आठ घण्टाका दरले दुई सिफ्टमा काम गरी वार्षिक २६ लाख मिटर कपडा उत्पादन गर्ने जनाएको छ । यसका लागि कपडा बुन्ने शाखालाई मात्रै दुई सिफ्ट र अन्यलाई एक सिफ्ट मात्रै सञ्चालन गरिनेछ । तर, बजार माग बढेको खण्डमा तीन सिफ्ट (२४ घण्टा) उद्योग चलाएर वार्षिक ८० लाख मिटर कपडा उत्पादन गर्न सक्ने प्रस्ताव छ । वार्षिक ८० लाख मिटर कपडा उत्पादन गर्न पनि 'कपडा बुन्ने शाखा'मा मात्रै केही जनशक्ति र मेसिनरी थप गर्नुपर्ने, तर अन्य शाखामा मेसिनरी र जनशक्ति थप नगर्नुपर्ने प्रस्तावमा उल्लेख छ । 'व्यावसायिक रूपमा उद्योग विस्तार गर्दै वार्षिक ८० लाख मिटर कपडा उत्पादन गर्न रङ लगाउने र फिनिसिङ गर्ने शाखामा मेसिनरी थप नगरी तीन सिफ्ट सञ्चालन गर्ने र कपडा बुन्ने शाखामा मात्रै केही मेसिन र जनशक्ति थप गरी तीन सिफ्ट सञ्चालन गर्दा लक्ष्य हासिल हुने देखिन्छ,' सेनाको प्रस्तावमा छ । उद्योगबाट ६० इन्च ठूलो चौडाइसम्मको चुस्ता कपडा, सर्ट, पाइन्ट, डाँग्री, कोट, तन्ना, सिरानीको खोल, एप्रोन, दौरा-सुरुवाल, पर्दालगायत उत्पादन गर्न सकिने उल्लेख छ । कटन, पोलिस्टर, भिस्कस, भिस्कस नाइलन, पोली-भिस्कस र पोलिकटनका कपडा उत्पादन हुने सेनाको भनाइ छ ।

सेनाले ९८ सेट मेसिनबाटै उद्योग चलाउने

पुरानो उद्योगमा करिब पाँच सय सेट मेसिनरी भए पनि सेनाले आधुनिक ९८ सेट मेसिनरी र एसेसरिजको मात्र प्रयोग प्रयोग गर्ने जनाएको छ । उसको प्रस्तावमा कपडा बुन्नका लागि सबैभन्दा धेरै ६७ सेट मेसिन प्रयोग हुनेछ । रङ प्रयोग गर्न १३ सेट, छपाइका लागि तीन सेट, उच्च गणस्तरीय बनाउनका लागि सात सेट, मेकानिकल इलेक्ट्रिक शाखाका लागि एक सेट र फिनिसिङका लागि सात सेट मेसिनको प्रयोग हुने प्रस्ताव गरिएको छ । यी मेसिन आठ-आठ घण्टाको दुई सिफ्टमा सञ्चालन गरी कपडा उत्पादन हुनेछ ।

कपडा कहाँ खपत हुन्छ ?

सुरक्षा निकाय (सेना, प्रहरी र सशस्त्र)को वार्षिक माग २६ लाख मिटर कपडा छ । त्यसैले, सुरुवातमा वार्षिक २६ लाख मिटर उत्पादन गर्न सकिने सेनाको अनुमान छ । निजामती तथा संस्थानका कर्मचारी र सरकारी डाक्टर एवं नर्सले लगाउने एप्रोनलाई हेटौंडा कपडा उद्योगको उत्पादन अनिवार्य गरियो भने वार्षिक माग ८० लाख मिटर खपत हुने सेनाको प्रतिवेदनमा छ । उद्योगले सो क्षमतामा पनि उत्पादन गर्न सक्ने सेनाको भनाइ छ ।

■ बालकुमारी गोलीकाण्डबारे जाँचबुझ आयोगको निष्कर्ष

हचुवाकै भरमा गोली प्रहार, यातायातमन्त्री पनि गैरजिम्मेवार

नयाँ पत्रिका

डेढ महिनाअघि ललितपुरको बालकुमारीमा प्रहरीको गोलीबाट दुई युवकको मृत्यु भएको घटनामा प्रहरीले अनावश्यक बल प्रयोग गरेको जाँचबुझ आयोगले निष्कर्ष निकालेको छ । पूर्वन्यायाधीश शेखर पौडेल नेतृत्वको जाँचबुझ आयोगले शुक्रबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रतिवेदन बुझाउँदै यातायातमन्त्री प्रकाश ज्वालाको गैरजिम्मेवारपन र प्रहरीले वस्तुस्थितिको सही मूल्यांकन नगरी गोली चलाएको औंल्याएको हो ।

आयोगले फिल्डमा खटिएका डिएसपी उमेश लम्साल तथा मन्त्री ज्वालाका पिएसओ सइ बोधराज दनुवारलाई विभागीय कारबाहीको सिफारिस गरेको छ । दुवैजना हाल निलम्बनमा छन् ।

डिएसपी लम्सालले तहगत रूपमा बल प्रयोग गर्नुपर्नेमा एक्कासि गोली चलाउन आदेश दिएको प्रतिवेदनमा उल्लेख छ । मन्त्रीको गाडी जल्नुअघि नै मन्त्रीमाथि आक्रमण भएको अनुमान गरेर गोली चलाउनु गलत भएको औंल्याइएको छ । साथै समितिले मन्त्री ज्वालाको गाडी जल्नुअघि नै गोली चलेकोसमेत निष्कर्ष निकालेको छ ।

गत १३ पुमा ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा

» पृष्ठ २ मा क्रमशः



पूर्वन्यायाधीश शेखर पौडेल नेतृत्वको जाँचबुझ आयोगले शुक्रबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रतिवेदन बुझाउँदै । आयोगमा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुणकुमार बिसी र गृह मन्त्रालयका प्रवक्ता एवम् सहसचिव नारायणप्रसाद भट्टराई सदस्य थिए ।

महासमिति बैठकका प्रस्तावमाथि केन्द्रीय सदस्यहरूको असन्तुष्टि



● **डा. शेखर कोइराला**
केन्द्रीय सदस्य

यहाँ प्रस्तुत प्रतिवेदन र दस्ताबेजहरू हेर्दा कता-कता गठबन्धनको छाया परेको हो कि जस्तो देखियो । महासमिति बैठकमा प्रस्तुत हुने प्रस्तावहरू कांग्रेस पार्टीको मौलिकतामा आधारित हुनुपर्थ्यो, त्यो देखिएन ।



● **गगन थापा**
महामन्त्री

अबका निर्वाचनमा रुखमा मात्र मत दिनुपर्ने अवस्था हुनेछ भन्ने प्रस्तावले आमकांग्रेसजनमा उत्साह थपेको छ । १५औं महाधिवेशनको तालिका धेरै ठीक छ । हामीले हाम्रा प्रतिबद्धता पूरा गर्‍यौं भने जनतामा कांग्रेसले सबै काम समयमै गर्छ भन्ने सन्देश दिन जरुरी छ ।



● **प्रदीप पौडेल**
केन्द्रीय सदस्य

सुशासनका लागि छुट्टै मन्त्रालय बनाउने कि ? अख्तियार अनुसन्धान आयोगलाई रिफर्म गरेर निष्पक्ष र अधिकारसम्पन्न बनाउने कि ? सम्पत्ति शुद्धीकरण आयोगलाई अधिकारसम्पन्न बनाउने कि ? वा अन्य कुनै विकल्प अपनाएर जान सकिन्छ कि ? भनेर यस्ता विषयमा कांग्रेसले सुशासन प्राप्त गर्न कस्तो प्रस्ताव लैजाने भन्ने विषयमा कुनै ठोस योजना आउन सकेन ।



● **नैनसिंह महर**
केन्द्रीय सदस्य

केन्द्रीय समितिमा आएका प्रस्तावहरू ल्याउँदा समितिको निर्णय भने पनि आजसम्म संयोजकबाहेक केन्द्रीय सदस्यसँग छलफल भएन । महासमितिमा केन्द्रीय समितिका रूपमा पेस हुने प्रस्तावमा हामीले स्वामित्व लिने अवस्था देखिएको छैन ।

■ हिन्दुराष्ट्रको पक्षमा २२ नेताको पूरक प्रस्ताव

केन्द्रीय सदस्य र प्रदेश सभापति गरी २२ जना नेताले कांग्रेस धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दुधर्मको पक्षमा उभिन विशेष पूरक प्रस्ताव पेस गरेका छन् ।

'महासमितिको बैठकबाट छलफल गरेर सनातन हिन्दुराष्ट्रको पक्षमा नेपाली कांग्रेस दृढतापूर्वक उभिने कार्यसमिति बैठकमा पूरक प्रस्तावका रूपमा वैदिक सनातन हिन्दुधर्मको पक्षमा प्रस्ताव पेस गरेका छौं,' उनीहरूको प्रस्तावमा छ ।

■ महिलाको पनि छुट्टै ज्ञापनपत्र

कांग्रेसको महिला विभागले पार्टीको नीति प्रस्तावमा महिला नीति समावेश गर्न नेतृत्वको ध्यानाकर्षण गराएको छ । पार्टीको महासमिति बैठकको पूर्वसन्ध्यामा कांग्रेस महिला विभाग प्रमुख पुष्पा भुसालको अग्रसरता एवं पार्टीकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाको संयोजनमा पार्टी सभापति शेरबहादुर देउवालाई ध्यानाकर्षणपत्र बुझाइएको हो । विभागले पार्टीमा महिला सदस्यहरूको समावेशिता र समान अधिकारको मागसहित नेतृत्वको ध्यानाकर्षण गराएको हो ।

■ युवा नेताहरूको दबाब- महासमिति कर्मकाण्डी नबनोस्

महासमिति कर्मकाण्डी बन्ने सम्भावना रहेको भन्दै तेह्रो पुस्ताका युवा नेताले दबाब बनाउन थालेका छन् । शुक्रबार गौशालामा 'महासमिति मन्थन' नामक भेला गरी महासमिति सदस्यहरूले पार्टीका आन्तरिक समस्या, राष्ट्रिय समस्या र जनजीविकाका सवालमा गम्भीर रूपमा बहस गर्नुपर्नेमा जोड दिएका छन् ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा प्रस्तुत महासमिति बैठकका एजेन्डाका विषयमा केन्द्रीय सदस्यहरूले असन्तुष्टि जनाएका छन् । केन्द्रीय सदस्यहरूले प्रस्तावमाथि पर्याप्त छलफल नगरी प्रस्तुत गरिएको र समेटिनुपर्ने विषय समावेश हुन नसकेको भन्दै आलोचना गरेका हुन् । तर, शुक्रबार बैठकले सबै प्रतिवेदन परिमार्जनसहित पारित गरेको छ ।

बिहीबारबाट सुरु बैठकमा उपसभापति पूर्णबहादुर खड्काको नीतिगत, महामन्त्री गगन थापाको सांगठनिक र अर्का महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रस्ताव पेस गरेका थिए । प्रस्तावमाथि शुक्रबारबाट केन्द्रीय सदस्यहरूले धारणा राख्ने

» पृष्ठ २ मा क्रमशः

नेपालमै छाप्न थालियो हुलाक टिकट

०१६ देखि रोकिएको हुलाक टिकट छपाइ ६४ वर्षपछि पहिलोपटक नेपालमा छाप्न थालिएको छ

सुवास भट्ट/नयाँ पत्रिका

नेपालमै पुनः हुलाक टिकट छपाइ भएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडसँगको समन्वयमा हुलाक सेवा विभागले टिकट छपाइ गरेको हो । शुक्रबार सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रालयमा आयोजित कार्यक्रममा ११ अलग-अलग डिजाइनका हुलाक टिकटमा टाँचा लगाएर उद्घाटन गरिन् । ०१६ पछि पहिलोपटक नेपालमा हुलाक टिकट छाप्न थालिएको विभागले बताएको छ ।

विगतमा भारत, बंगलादेश र लातभियासँग टिकट खरिद गर्दिै आएको थियो । नेपालमै छपाइ सुरु भएपछि अब समय, लागत र प्रक्रियामा सहज हुने विश्वास विभागको छ । टिकटका लागि विदेश जानुपर्ने समय, खर्च, प्रक्रिया र मिहिनेतको बचत भएको विभागले जनाएको छ ।

विभागका महानिर्देशक प्रदीपराज अधिकारीले हाललाई एक करोडभन्दा केही बढी थान टिकट छापिएको बताए । उनका अनुसार एक करोड २५ लाख रुपैयाँ बजेटमा जनक शिक्षालले टिकट छापेको हो । जनक शिक्षालले प्रतिटिकट ९५ पैसामा छापेको उनले बताए । 'यो विगतको भन्दा लागत प्रभावी छ,' उनले भने । विगत तीन वर्षदेखि हुलाक टिकट छापिएको थिएन ।

» पृष्ठ २ मा क्रमशः





अहिले विभिन्न ११ वटा डिजाइनमा हुलाक टिकट छापिएको छ । त्यसमा सहिद रामवृक्ष यादव, वाम आन्दोलनकी नेत्री साहना प्रधान, साहित्यिक व्यक्तित्व तथा राजनीतिज्ञ नेत्रलाल पौडेल 'अभागी', प्रजातान्त्रिक आन्दोलनका योद्धा कामी बुढा र नइ प्रकाशनको रजत महोत्सव, बाला त्रिपुरासुन्दरी देवी मन्दिर, औषधीय गुण भएका मरौठीसहित पाँच प्रकारका जडीबुटी अंकित छन् । ०१६ देखि रोकिएको हुलाक टिकट छपाइ ६४ वर्षपछि पहिलोपटक नेपालमा छाप्न थालिएको विभागले जनाएको छ । पहिलोपटक प्रचलनमा ल्याइएको हुलाक टिकट नेपालमै छापिएको थियो । १९३८ सालमा खुकुरी चिह्नअंकित हुलाक टिकट छापिएको थियो ।

हाललाई एक करोडभन्दा केही बढी टिकट छापिएको छ



● **प्रदीपराज अधिकारी,** महानिर्देशक, हुलाक सेवा विभाग

हुलाक टिकट नेपालमै छाप्ने काम सुरु भएको छ । आगामी दिनमा पनि यसले निरन्तरता पाउँछ । जनक शिक्षा सामग्री लिमिटेडसँगको समन्वयमा हाललाई एक करोडभन्दा केही बढी टिकट छापिएको छ । यसले १० करोड रुपैयाँ हाराहारीमा राजस्वमा योगदान पुग्ने विश्वास छ ।

महासमिति...

पृष्ठ १ बाट क्रमशः

क्रम सुरु भएको हो । बैठकमा केन्द्रीय सदस्य डा. शेखर कोइरालाले प्रस्तावहरूमा कांग्रेसको मौलिकताभन्दा पनि गठबन्धनको छाया देखिएको टिप्पणी गरे । उनले आसन्न महासमिति बैठकबाट सबै समस्याको मार्गचित्रसहित समाधान आउनुपर्ने बताए । 'यहाँ प्रस्तुत प्रतिवेदन र दस्ताबेजहरू हेर्दा कता-कता गठबन्धनको छाया परेको हो कि जस्तो देखियो । महासमिति बैठकमा प्रस्तुत हुने प्रस्तावहरू कांग्रेस पार्टीको मौलिकतामा आधारित हुनुपर्थ्यो, त्यो देखिएन,' कोइरालाको भनाइ थियो ।

उनले महासमिति बैठकले 'विधान संशोधन मस्यौदा समिति' बनाएर विधानलाई समयानुकूल परिमार्जन गर्न जरुरी रहेको औंल्याए । साथै, १५औं महाधिवेशनका सन्दर्भमा प्रस्तावित कार्यतालिका कार्यान्वयनको सुनिश्चितता बैठकबाट आउनुपर्नेमा उनको जोड थियो ।

केन्द्रीय सदस्य प्रदीप पौडेलले केन्द्रीय समिति बैठकमा पेस भएका विभिन्न दस्ताबेजमा समस्या पहिचान गरिए पनि समाधानका विषयमा मौन रहेको बताए । दस्ताबेजहरूले सुशासनका विषय उठाए पनि ठोस कार्ययोजना ल्याउन नसकेको पौडेलको आरोप थियो ।

'सुशासनका लागि छुट्टै मन्त्रालय बनाउने कि ? अख्तियार अनुसन्धान आयोगलाई रिफर्म गरेर निष्पक्ष र अधिकारसम्पन्न बनाउने कि ? सम्पत्ति शुद्धीकरण आयोगलाई अधिकारसम्पन्न बनाउने कि ? वा अन्य कुनै विकल्प अपनाएर जान सकिन्छ कि ? भनेर यस्ता विषयमा कांग्रेसले सुशासन प्राप्त गर्न कस्तो प्रस्ताव लैजाने भन्ने विषयमा कुनै ठोस योजना आउन सकेन,' उनले भने ।

केन्द्रीय सदस्य नैनसिंह महरले नीति, सांगठनिक र समसामयिक राजनीतिक प्रस्तावको स्वामित्व लिने अवस्था नरहेको बताए । महरले प्रस्तावहरू केन्द्रीय सदस्यसँग छलफल नगरी तयार भएकाले आफूले फरक प्रस्ताव राख्ने बताएका थिए । 'केन्द्रीय समितिमा आएका प्रस्तावहरू ल्याउँदा समितिको निर्णय भने पनि आजसम्म संयोजकबाहेक केन्द्रीय सदस्यसँग छलफल भएन । महासमितिमा केन्द्रीय समितिका रूपमा पेस हुने प्रस्तावमा हामीले स्वामित्व लिने अवस्था देखिएको छैन ।'

प्रस्ताव निर्माणका लागि समितिसमेत नबनाएको उनको आरोप थियो । हरेक चार वर्षमा कांग्रेसको महाधिवेशन मंसिरमा गर्ने प्रबन्ध वैधानिक रूपमा गर्नुपर्नेमा पनि उनको जोड थियो ।

केन्द्रीय सदस्य प्रा.डा. गोविन्दराज पोखरेलले प्रस्तावमा महाधिवेशन कार्यतालिकासहित धेरै राम्रा विषय समेटिएको धारणा राखे । साथै, आर्थिक समस्या समाधान, सहकारी तथा बैंकका समस्या, कृषि उत्पादनलाई प्राथमिकता दिने नीति तय गर्न र उद्यमी बढाउने गरी कांग्रेसका नीति बन्नुपर्ने औंल्याए ।

महामन्त्री थापाको आगामी निर्वाचनमा गठबन्धन नगर्ने र महाधिवेशनको कार्यतालिकासहितको प्रस्ताव सकारात्मक भएको उनको धारणा थियो । 'अबका निर्वाचनमा रुखमा मात्र मत दिनुपर्ने अवस्था हुनेछ भन्ने प्रस्तावले आमकांग्रेसजनमा उत्साह थपेको छ,' उनले भने, '१५औं महाधिवेशनको तालिका धेरै ठीक छ । हामीले हाम्रा प्रतिबद्धताहरू पूरा गर्‍यौं भने जनतामा कांग्रेसले सबै समयमा गर्छ भन्ने सन्देश दिन जरुरी छ ।'

केन्द्रीय सदस्य कल्याण गुरुङले १५औं महाधिवेशनबाट केन्द्रदेखि तल्लो तहसम्मका पदाधिकारी सबै राज्यको कार्यकारी पदमा जान नपाउने व्यवस्था गरेर एक व्यक्ति एक जिम्मेवारीको अवस्था ल्याउनुपर्ने धारणा राखे । साथै, उनले पदाधिकारी र केन्द्रीय सदस्य स्वतः महासमिति सदस्य हुने व्यवस्था परिमार्जन गर्नुपर्ने मत राखे । साथै आर्थिक नीतिका रूपमा मासिक रूपमा पारिश्रमिकको व्यवस्था हटाएर साप्ताहिक रूपमा पारिश्रमिक उपलब्ध गराउने व्यवस्था समेट्न उनको सुझाव थियो ।

अर्का केन्द्रीय सदस्य जितजंग बस्नेतले सांगठनिक प्रस्तावमा विधानमा नभएका 'युथ कांग्रेस' प्रस्तावमा आएको, विधानमा व्यवस्था हुँदाहुँदै १५औं महाधिवेशनको कार्यतालिका ल्याएकोलगायतका विषयमा असहमति राखे । 'प्रतिवेदन हेर्दा कांग्रेसलाई अर्को पार्टीमा रूपान्तरण गर्न लागेको हो कि भन्ने भयो,' उनले भने ।

केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेससँग गठबन्धनको विषयमा दिएको अभिव्यक्तिबारे महासमिति बैठकले टिप्पणी गर्नु आवश्यक रहेको बताए । महासमिति बैठक नीति अधिवेशनसमेत गर्ने गरी ७ देखि १० फागुनमा गोदावरीमा हुँदै छ । बैठक आज पनि निरन्तर हुनेछ ।

हचुवाकै...

पृष्ठ १ बाट क्रमशः

कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु भएको थियो । शाहको गोली लागेर तथा रावतको अश्रुग्यास लागेर मृत्यु भएको यकिन गरिएको छ ।

घटनापछि ललितपुरका सिडिओ रुद्र पण्डित र एसएसपी सिद्धिविक्रम शाहलाई हटाइएको थियो । आयोगले उनीहरूलाई भने कारबाहीको सिफारिस गरेको छैन ।

मन्त्री ज्वालाका पिएसओले भिड रहेको स्थानमा मन्त्रीलाई जान दिन नहुनेमा नरोकेको भन्दै कारबाही सिफारिस भएको छ ।

मन्त्री ज्वालाको गैरजिम्मेवारी औंल्याइएको छ । एकातर्फ आन्दोलन भइरहेको स्थानमा जान नहुने र अर्कोतर्फ उनले गाडी एकतर्फी बाटोमा समेत लगिएको औंल्याइएको छ । घटनामा मन्त्रीको पनि जिम्मेवारी औंलयाए पनि उनीमाथि कारबाहीको विषयमा भने प्रतिवेदनमा केही नबोलिएको स्रोत बताउँछ ।

प्रतिवेदन बुझ्दै उपप्रधानमन्त्री श्रेष्ठले आयोगले सत्यतथ्य जाँचबुझ गरी मिहिनेतपूर्वक निकालेको निष्कर्षलाई कार्वान्वयन गरिने बताएका छन् । आयोगमा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुणकुमार बिसी र गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराई सदस्य थिए ।

फास्ट ट्र्याकको टेन्डर विवाद

अर्कैको लेखापरीक्षण बुझाउने कम्पनी प्राविधिक मूल्यांकनमा पास

पर्शुराम काफ्ले/नयाँ पत्रिका

काठमाडौं-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक)को प्याकेज ८ 'ख'को ठेक्कामा प्राविधिक मूल्यांकनमा छनोट भएको भारतीय कम्पनी केएमसी कन्स्ट्रक्सन्स हैदराबादले सेनालाई अर्कै नाममा रहेको कम्पनीको आर्थिक विवरण (वासलात) पेस गरेको भेटिएको छ । केएमसी कन्स्ट्रक्सन्स कम्पनीले केएमसी इन्फ्रास्ट्रक्चर प्राइभेट लिमिटेडको नाममा लेखापरीक्षण गरिएको आर्थिक विवरण पेस गरेको हो ।

आवेदनमा फरक कम्पनीको लेखापरीक्षण प्रतिवेदन बुझाउने केएमसी भारतमा नियमन निकायको कालोसूचीमा समेत परेको कम्पनी हो । १६ जनवरी २०२४ मा सेनालाई बुझाइएको विवरणमा केएमसी कन्स्ट्रक्सन्स कम्पनी नै भनिएकोमा गत २७ सेप्टेम्बर २०२३ मा भने प्रशान्त बी एन्ड एसोसिएट्स चार्टर्ड अकाउन्टेन्ट्स केएमसी इन्फ्रास्ट्रक्चर प्रालिका नाममा तयार गरेको लेखापरीक्षण प्रतिवेदन बुझाएको छ । सेनाको द्रुतमार्ग परियोजना कार्यालयलाई बुझाएको विवरणमा यो कम्पनीले पछिल्लो वर्ष ३५ लाख १८ हजार नौ सय रुपैयाँको कारोबार गरेको देखाएको छ । जसमा करिब ७० हजार नाफा कमाएको उल्लेख छ । ठेक्का दिन केएमसी योग्य नहुने भन्दै उजुरी परेपछि सेनाले यसबारे आन्तरिक छानबिन पनि गरिरहेको छ ।

यसबारे जानकार एक सैनिक प्राविधिकले भने, 'फरक नाममा पेस गरेको कागजात मान्य हुँदैन । ३५ लाखको कारोबार गरेको कम्पनीले २० अर्ब रुपैयाँको परियोजना कसरी चलाउन सक्छ ? उसले के आधारमा बैंकबाट ३३ करोड रुपैयाँको टेन्डर शुल्क तिर्न सक्यो भनेर पनि छानबिन गर्नुपर्ने देखियो ।'

भारतमा कालोसूचीमा परेको र दुई वर्षदेखि लेखापरीक्षण नगरेको कम्पनी भन्दै प्रतिस्पर्धी अर्को भारतीय कम्पनीले उजुरी दिएपछि सेनाले आन्तरिक छानबिन गरेको छ । सैनिक प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले ठेक्का प्रक्रिया टुंगिन बाँकी रहेको र कम्पनीहरूको सक्कल कागजात मगाउने कार्य भइरहेको बताए । 'आवश्यक सक्कल कागजात अध्ययनपछि आवश्यक निर्णय लिइनेछ । अहिले मूल्यांकनकै क्रममा छ,' भण्डारीले भने ।

करिब २० अर्ब रुपैयाँको खण्ड ८ 'ख'को ठेक्कामा एउटा चिनियाँ र दुई भारतीय कम्पनीको प्राविधिक प्रस्ताव सेनाले पास गरेको थियो । चिनियाँ पोली च्याङ्दा इन्जिनियरिङ कम्पनी तथा भारतीय केएमसी कन्स्ट्रक्सन्स लिमिटेड र आरभिएनएल-एबिएल जेभी प्राविधिक रूपमा पास भएका थिए । तर, केएमसीले २०२२ भन्दा पछि अडिट नै नगराएको, भारतमा कालोसूचीमा परेको कम्पनीले जाली कागजात पेस गरेर टेन्डर प्रक्रियामा सहभागी भएको भन्दै अर्को भारतीय कम्पनी आरभिएनएल-एबिएल जेभीले १२ माघमा सेनालाई चिठी पठाएको थियो ।

सेनाले ३ माघमा प्याकेज ८ 'ख'का लागि बोलपत्र खुला गरेको थियो भने माघ २३ मा आर्थिक प्रस्ताव खुला गरेको थियो । उक्त प्याकेजको ठेक्का भने गत १ भदौमै आह्वान भएको थियो । तर, चिनियाँ कम्पनीले ठेक्का रकमभन्दा बढी प्रस्ताव गर्दै बोलपत्र पेस गरेपछि सेनाले १२ कात्तिकमा पुनः टेन्डर आह्वान गरेको थियो । प्याकेज ८ को खण्ड 'क' र 'ख' मकवानपुरको सिस्नेरीदेखि महादेवटारको बीचमा पर्छ ।

उच्चको आदेशपछि खरिद प्रक्रिया यथास्थितिमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पुनः प्राविधिक मूल्यांकन सम्बन्धमा परेको रिटमा उच्च अदालत पाटनले अन्तरिम आदेश जारी गरेपछि द्रुतमार्गको प्याकेज ८ (क), प्याकेज ९ (क) र प्याकेज ९ (ख) को खरिद प्रक्रिया यथास्थितिमा रोकिएको छ । खरिद प्रक्रियाको पुनः प्राविधिक मूल्यांकनमा सारभूत प्रभावग्राही नभएका कम्पनीलाई उत्तीर्ण गराएको भन्दै गत ५ पुसमा पाटन उच्च अदालतमा रिट परेको थियो ।

न्यायाधीश सुदर्शनदेव भट्ट र कृष्णराम कोइरालाको संयुक्त इजलासले गत २४ पुसमा अन्तरिम आदेश जारी गर्दै रिट निवेदन अन्तिम टुंगो नलागेसम्म 'आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी प्रकाशित गरेको पत्रसमेत कार्यान्वयन नगर्नु-नगराउनु' भनेको थियो । सोहीअनुसार प्रक्रिया यथास्थितिमा राखिएको छ । त्यसपछि यस मुद्दामा अदालतबाट थप जानकारी नआएको सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताए ।

प्याकेज ८ (क) र ९ (ख) को टेन्डरमा पहिलो प्राविधिक मूल्यांकनमा फेल भएको कालिका कन्स्ट्रक्सन-एसएक्सआरबी जेभीलाई पुनः मूल्यांकन गराएर उत्तीर्ण गराइएको थियो । यसैगरी, प्याकेज ९ (ख) को टेन्डरको प्राविधिक मूल्यांकनमा अनुत्तीर्ण हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन र भारतको अफ्कोन्स इन्फ्रास्ट्रक्चर (अफ्कोन्स-३एचसी) जेभीलाई पनि पुनः मूल्यांकनमा उत्तीर्ण गराई वित्तीय मूल्यांकनको चरणमा प्रवेश गराइएको थियो । यससम्बन्धी समाचार नयाँ पत्रिकाले गत मंसिर २१ र २२ गते प्रकाशन गरेको थियो । यी कम्पनीसहित उक्त प्याकेजहरूमा छनोट भएका लङजिन रोड एन्ड ब्रिज र हनुमान कन्स्ट्रक्सन प्रालिबारे विभिन्न विषय उठान गरी आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी प्रकाशित पत्र कार्यान्वयन नगराउन माग गर्दै गौरी-पार्वती निर्माण सेवा प्रालि र जियाङ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन लिमिटेडको अख्तियारप्राप्त अधिवक्ता सूर्यबहादुर तामाङले रिट दायर गरेका थिए ।

त्यसमा सेनाअन्तर्गतको आयोजना कार्यालय, मूल्यांकन समिति, जंगी अड्डा, रक्षासचिव, रक्षा मन्त्रालय योजना तथा सैनिक कल्याण शाखालाई विपक्षी बनाएर रिट हालिएको थियो । त्यसमा पुस २४ गते अन्तरिम आदेश जारी भएको थियो । अहिले यो मुद्दा उच्च अदालत पाटनमा विचाराधीन छ ।

राष्ट्रिय गौरवको आयोजनासमेत रहेको झन्डै ७१ किलोमिटरको द्रुतमार्ग सेनाले निर्माण गर्दै आएको छ । ८ र १० वैशाख ०८० मा टेन्डर आह्वान गरेको थियो । त्यसमा कुनै पनि कम्पनी योग्य नदेखिएपछि २८ असारमा पुनः टेन्डर आह्वान गरिएको थियो । २४ भदौमा सम्पन्न प्राविधिक मूल्यांकनमा कालिका जेभी, अफ्कोन्स ३ एचसीलगायतका कम्पनी अनुत्तीर्ण भएका थिए । त्यसपछि एसएक्सआरबी-कालिका जेभी, अफ्कोन्स-३ एचसी, बिसी बियानी-लामा र भिपिआरएपिएल-बिजिसिसिपिएल जेभीले पुनः प्राविधिक मूल्यांकन गराउन माग गरेका थिए ।

दुई वर्षभित्रै...

पृष्ठ १ बाट क्रमशः

यसका लागि एक अर्ब ९३ करोड लगानी चाहिने सेनाको कार्ययोजनामा छ ।

सेनाले अहिले सुरक्षा निकायलाई आवश्यक बन्दोबस्ती र विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग सञ्चालन गरिरहेको छ । यसको अनुभवका आधारमा हेटौंडा कपडा उद्योग पनि पूर्ण रूपले सञ्चालनमा ल्याई विगतको राष्ट्रिय साखसमेत फर्काउन सकिने कार्ययोजनामा दाबी छ ।

कार्ययोजनामा आर्थिक वर्ष ०८०/८१ मा सरकारबाट नीतिगत निर्णयसहित सेनालाई हेटौंडा कपडा उद्योग हस्तान्तरण, विस्तृत परियोजना प्रतिवेदन तयार, हस्तान्तरणपछि पुराना मेसिनरी प्लान्टको प्रतिस्थापन र नयाँ मेसिनरी प्लान्टको छनोट तथा खरिद व्यवस्थापन र भौतिक पूर्वाधार मर्मत-सम्भार तथा पुनर्निर्माण सुरु गर्ने उल्लेख छ ।

त्यसैगरी, आर्थिक वर्ष ०८१/८२ मा भौतिक पूर्वाधार निर्माण तथा पुनर्निर्माण सम्पन्न, कच्चा पदार्थ, स्पेयर पार्टस् तथा एसेसरिजहरू खरिद व्यवस्थापन, मेसिनरी प्लान्ट जडान र परीक्षण उत्पादन सुरु गर्ने कार्ययोजना छ ।

यसबाहेक कार्ययोजनामा आर्थिक वर्ष ०८२/८३ मा वेभिङ (बुन्ने) मेसिनहरू थप गरी पूर्ण क्षमतामा सञ्चालन गरी व्यावसायिक उद्योग विस्तार गर्ने र कच्चा पदार्थ (धागो) उत्पादनमा आत्मनिर्भर हुन बुटवल धागो उद्योगलाई पुनः सञ्चालनका लागि अध्ययन प्रतिवेदन तयार गर्ने उल्लेख छ । सेनालाई उद्योग सञ्चालन गर्न दिनेबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैंले पहल गरेका छन् ।

सेनाले चालू आर्थिक वर्ष ०८०/८१ मै उद्योगको स्वामित्व हस्तान्तरणको नीतिगत निर्णय भए अगाडिको काम सहज हुने बताएको छ । यो अवधिमा स्वामित्व पाए आगामी आव ०८१/८२ मा भौतिक पूर्वाधार निर्माण र मर्मत गरी उद्योगलाई चाहिने मेसिनरी प्लान्टहरूसमेत जडान गर्ने र परीक्षण उत्पादन थाल्ने सेनाको प्रस्ताव छ । लगत्तै आव ०८२/८३ देखि भने सेना, प्रहरी र सशस्त्रलाई चाहिने वार्षिक अनुमानित २६ लाख मिटर कपडा उत्पादन गरी बजारमा उपलब्धसमेत गराउने सेनाको कार्ययोजनामा छ ।

सरकारको चालू आर्थिक वर्ष ०८०/८१ को नीति-कार्यक्रममा विगतमा सञ्चालन भएर बन्द अवस्थामा रहेका उद्योगहरू पुनः सञ्चालन गर्न आवश्यक अध्ययन गर्ने उल्लेख छ । त्यसपछि गत जेठमा सेनाका उपरथी भोलानाथ बुढाथोकीसहितको टोलीले हेटौंडा कपडा उद्योगको अवस्था, भौतिक संरचना, यथास्थितिमा सञ्चालन हुन सक्ने/नसक्नेबारेमा विस्तृत अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो ।

त्यसपछि सेनाले गत १७ माघमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित सरकारी उच्च अधिकारीसमक्ष ब्रिफिङ गरिएको थियो । सो ब्रिफिङपछि प्रधानमन्त्री प्रचण्डसहितका उच्च अधिकारी सेनालाई नै कपडा उद्योग सञ्चालन गर्न दिने निष्कर्षमा छन् । 'आगामी आव ०८१/८२ को नीति कार्यक्रम अब चाँडै संसद्मा पेस हुन्छ । नीति तथा कार्यक्रममै सेनालाई कपडा उद्योग सञ्चालन गर्न दिने विषय राखेर विस्तृत छलफलमा लग्ने योजनामा छौं,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो ।

हेटौंडा कपडा उद्योगको अवस्थाबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले समेत हालै अलग्गै एक अध्ययन गरेको थियो । सो अध्ययनमा उद्योगको भवन र जग्गा निजी कम्पनीलाई भाडामा दिइएको उल्लेख छ ।

उद्योग लामो समयदेखि बन्द भएकाले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले त्यहाँ रहेका भवनमध्ये आठवटा निजी उद्योगलाई भाडामा दिएको छ । ती उद्योगले भवन प्रयोग गरी विभिन्न वस्तु तथा सेवा उत्पादन गरिरहेका छन् । त्यस्तै, दुई सय ४३ रोपनी जग्गा निजी क्षेत्रका १५ उद्योगलाई भाडामा दिइएको छ । ती जग्गामा निजी कम्पनीले संरचना भएर औद्योगिक उत्पादन गरिरहेका छन् ।

यद्यपि, कपडा उद्योगको नाममा थप भवन र जग्गा रहेकाले तत्काल काम गर्न भने समस्या नहुने औद्योगिक क्षेत्र व्यवस्था लिमिटेडका उपनिर्देशक तथा सूचना अधिकारी भूषणकुमार उपाध्यायले जानकारी दिए । 'सरकारले निर्णय गरेर कपडा उद्योग सञ्चालन गर्ने भन्ने हो भने भवन र जग्गाको समस्या हुँदैन,' उनले भने । लिमिटेडका अनुसार केही भवन र सय रोपनीभन्दा बढी जग्गा अझै बाँकी छ । सोही संरचना र जग्गामा कपडा उत्पादन सुरु गर्न सकिने उपाध्यायले बताए । उत्पादन वृद्धि भएर थप भवन र जग्गा चाहिने हुँदा निजी क्षेत्रका उद्योगलाई करार नवीकरण नगरी बिदा गर्न सकिने लिमिटेडले जनाएको छ ।

उद्योग सञ्चालनमा कहाँ छन् कठिनाइ ?

उद्योग सञ्चालनका लागि सेनाले सैनिक ऐन र सार्वजनिक खरिद ऐन तथा नियमावलीमा केही संशोधन हुनुपर्ने सुझावसमेत दिएको छ । सैनिक ऐनमा कल्याणकारी कोषको लगानी प्रवर्द्धक हुन नपाउने प्रतिबन्धात्मक वाक्यांश सम्बोधन गर्न कपडा उद्योगलाई पब्लिक लिमिटेड कम्पनीको रूपमा सञ्चालन गर्न पाउने व्यवस्था राख्न सहजीकरण गर्नुपर्ने सुझाव छ ।

यस्तो सुझाव भने सेनाको कार्य प्रकृति सुहाउँदो नभएको कर्पोरेट कानुनका ज्ञाता अधिवक्ता डा. गान्धी पण्डित बताउँछन् । 'सेनाले कुनै उद्योगमा सेयर लगानी गर्न पाउँछ । तर, त्यसको प्रवर्द्धक बन्न मिल्दैन । यसको अर्थ नयाँ कम्पनी खोलेर उद्योग चलाउँछु भन्न पाइएन,' उनले भने ।

त्यस्तै, सार्वजनिक खरिद ऐन, २०६४ मा एउटा सार्वजनिक निकायको उत्पादन अर्को सार्वजनिक निकायले टेन्डरविनै सोझै खरिद गर्न पाउने व्यवस्था उल्लेख छ । यस खण्डमा सैनिक कल्याणकारी कोषको लगानी रहेको उद्योगको उत्पादन पनि सार्वजनिक निकायले सोझै खरिद गर्न पाउने व्यवस्था हुनुपर्ने माग राखिएको छ ।

दुई सय जनशक्ति प्रयोग हुने

विगतमा उद्योग मन्त्रालयका सचिव कार्यकारी अध्यक्ष रहने गरी सातदेखि ११ सदस्यीय सञ्चालक समितिको व्यवस्था थियो । यसमा एकजना कार्यकारी निर्देशक रहन्थे । तर, सेनाले उद्योग चलाउने भए 'सैनिक कल्याणकारी कोषको लगानी तथा नेपाली सेनाको व्यवस्थापनमा सञ्चालन गर्ने' कार्ययोजना पेस गरिएको छ ।

सञ्चालक समितिको संरचना कस्तो हुने भन्नेबारे प्रस्ट व्याख्या गरिएको छैन । तर, व्यवस्थापकीय टिम भने सेनाको अधीनमा हुने गरी एकजना महाप्रबन्धक र एकजना उपमहाप्रबन्धक हुने उल्लेख छ । त्यस्तै, उत्पादन, गुणस्तर, मर्मत, स्टोर, लेखा, मानव संसाधन, बिक्री तथा बजारीकरण र सुरक्षा गरी आठवटा विभागमा प्रबन्धक राख्ने प्रस्ताव छ । यी सबै विभागमा गरेर कुल दुई सय जनशक्तिबाट उद्योग सञ्चालन हुने सेनाको प्रस्ताव छ ।

पहिलो वर्ष एक अर्ब ९३ करोड लगानी गर्ने

उद्योगलाई चाहिने सबै नयाँ मेसिनरी प्लान्ट र एसेसरिजका लागि करिब ७० करोड रुपैयाँ लगानी गर्ने सेनाको प्रस्ताव छ । सबै मेसिनरी उपकरण उच्च प्रविधिका हुनेछन् । नयाँ भवन निर्माण तथा केही पुराना भवनको मर्मत-सम्भारका लागि थप ३५ करोड रुपैयाँ लाग्ने जनाइएको छ । यसअन्तर्गत भवन, वरिपरिको पर्खाल र पानीको पाइपलाइनका लागि २५ करोड, प्लम्बिङ तथा अन्य पाइपलाइनका लागि पाँच करोड, इलेक्ट्रिफिकेसनका लागि ३.५ करोड र अन्य मसलन्दका लागि १.५ करोड रुपैयाँ खर्च लाग्ने सेनाको भनाइ छ ।

त्यसैगरी, उद्योग स्थापनाका लागि सवारीसाधन, फर्निचर, फायर हाइड्रेन्ट, कार्यालय सामग्रीलगायतमा १० करोड गरी सुरुवाती पुँजी एक अर्ब १५ करोड रुपैयाँ लगानी हुनेछ । त्यसपछि कच्चा पदार्थ खरिदमा ५८ करोड, जनशक्तिको तलब, भत्तामा १३ करोड र अन्य उत्पादनसम्बन्धी खर्चमा सात करोड गरेर वार्षिक सञ्चालन खर्च ७८ करोड रुपैयाँ लाग्ने प्रस्ताव छ ।

यसरी अनुमानित कुल एक अर्ब ९३ करोड रुपैयाँको लगानी भएपछि कपडा उत्पादनका लागि उद्योग तयार हुने सेनाको प्रारम्भिक अध्ययन छ ।

नेपालमै...

पृष्ठ १ बाट क्रमशः

'हुलाक टिकट नेपालमै छाप्ने काम सुरु भएको छ,' उनले भने, 'आगामी दिनमा पनि यसले निरन्तरता पाउँछ ।'

अहिले विभिन्न ११ वटा डिजाइनमा हुलाक टिकट छापिएको छ । त्यसमा सहिद रामवृक्ष यादव, वाम आन्दोलनकी नेत्री साहना प्रधान, साहित्यिक व्यक्तित्व तथा राजनीतिज्ञ नेत्रलाल पौडेल 'अभागी', प्रजातान्त्रिक आन्दोलनका योद्धा कामी बुढा र नइ प्रकाशनको रजत महोत्सव, बाला त्रिपुरासुन्दरी देवी मन्दिर, औषधीय गुण भएका मरौठीसहित पाँच प्रकारका जडीबुटी अंकित छन् ।

हुलाक टिकटमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बन्ने र आम्दानी पनि हुने विभाग बताउँछ । महानिर्देशक अधिकारीका अनुसार यसले सरकारी राजस्वमा पनि योगदान पुग्नेछ । एक करोडको हुलाक टिकट छाप्दा त्यसले राजस्वमा १० करोड रुपैयाँ हाराहारीको योगदान पुग्ने उनी बताउँछन् ।

सरकारी र औपचारिक कागजातमा हुलाक टिकटको प्रयोग गर्दिदै आएको छ । सामान पठाउँदा यसले रसिदको काम गर्छ भने हुलाक टिकट नटाँसेको लेनदेन लिखतलाई वैधानिक मानिँदैन । गत वर्षको हुलाक सेवा शुल्कको आम्दानी ३५ करोड रुपैयाँ छ । चालू आवको ६ महिनामा गत आवको सोही अवधिको तुलनामा २० प्रतिशत वृद्धि देखिएको छ । यो टिकटविना हुँदैन ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

वोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०५

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेका सडक निर्माण/स्तरोन्नति कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/07/080-81 अन्तर्गत विभिन्न प्याकेजहरुमा बोलपत्र आव्हान गरिएको र सो सम्बन्धि सूचनाहरु https://bolpatra.gov.np/egp/ मा मिति २०८०/१०/०४ गते प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०/११/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सुर्खेतबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणी: अपार कलेक्सन दर्ता गर्ने कार्यालय : उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल प्रा.फ.र.नं. : ११०८३/०७६/०७७, स्थानीय व्यापार दर्ता मिति : २०७६/११/२३ पान नं. ६०९२०६७५५ ठेगाना : वीरेन्द्रनगर नगरपालिका वडा नं. ६, सुर्खेत **प्रोप्राइटर/जमानीकर्ताको नाम: दुर्गा पौडेल** बाबुको नाम : सुलोचन शर्मा पौडेल पतिको नाम: दिपक ढकाल ससुराको नाम : हरि प्रसाद जैसी ठेगाना : बिरेन्द्रनगर-९, सुर्खेत ना.प्र.नं. : ३७३०३७/७९४ रुपन्देही जारी मिति : २०६३/११/२७ जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत **कर्जा शिर्षक : एस.एम.ई अधिबिकर्ष कर्जा** **कर्जा लिएको शाखा : सुर्खेत**	**क) नाम: दिपक ढकाल** बाबुको नाम : हरि प्रसाद जैसी बाजेको नाम : देविराम जैसी ठेगाना : लाटिकोहली-८, सुर्खेत हालः वीरेन्द्रनगर-९, सुर्खेत ना.प्र.नं. : ६८५६४, जारी मिति : २०६१/०६/०६ जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत **ख) नाम: हरि प्रसाद जैसी** बाबुको नाम : देविराम जैसी बाजेको नाम : लिलाराम जैसी ठेगाना : बालुवाटार-१, दैलेख हालः वीरेन्द्रनगर-९, सुर्खेत ना.प्र.नं. : ४१६ दैलेख, जारी मितिः २०४२/०२/३० जारी गर्ने कार्यालय : जि.प्र.का., सुर्खेत **ग) नाम: कोकिला न्यौपाने** बाबुको नाम : नरपति न्यौपाने पतिको नामः हरि प्रसाद जैसी ससुराको नाम : देविराम जैसी ठेगाना : बेलासपुर-८

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ५ फागुन ०८०
nayapatrikaofficial @naya_patrika


नारायणगोपाल र गोपाल योञ्जनसँग बिताएका क्षण

संस्मरण



नगेन्द्र थापा
कवि/गीतकार

थोरै, तर कालजयी गीत लेख्ने सर्जक हुन्, नगेन्द्र थापा। उनका अधिकांश गीतमा गोपाल योञ्जनको संगीत र नारायणगोपालको स्वर छ। 'चिनारी हाम्रो..', 'संगाल घुम्टोहरू ..', 'मेरो गीत म उभेको धुलोले सुनोस्...', 'बिर्सेर फेरि...' लगायत गीतका रचनाकार थापा कवि-लेखकका रूपमा पनि उत्तिकै चर्चित छन् : प्रतिमा, सिन्कौली माया, हाम्रो प्रिती बस्यो रे (कवितासंग्रह), गोपालको बाँसुरी (गीतसंग्रह) तथा थुप्रै लेख-रचना प्रकाशित भइसकेका छन्। ७८ वर्षका थापाले गोपाल योञ्जन र नारायणगोपालको सम्झना अन्वेषण अधिकारीसँगको कुराकानीमा यसरी गरे :



नारायणगोपालको पहिचान नै उसको आवाज हो। यद्यपि, गीत लेख्न र संगीत भर्न ऊ त्यत्तिकै माहिर थियो। राजनीतिमा गहिरो चाख राख्ने र तर्क-वितर्क गर्ने बानी थियो। भूगोल, साहित्य, समाजको उत्तिकै ज्ञान थियो।

नौ दाजुभाइमध्ये पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा काइँलो र म आठौँ नम्बरको हुँ। सानोमा आमासँगै बसेँ। काठमाडौँ आउने-जाने भइरहन्थ्यो। जुद्धोदय हाइस्कुलबाट एसएलसी दिएपछि म दाइसँगै बसेँ।

दाइको सोच मलाई डाक्टर बनाउने थियो। तैंले पास मात्रै गर्, म विदेश पढ्न जान छात्रवृत्ति मिलाइदिन्छु भन्नुभयो। अमृत साइन्स कलेजका तत्कालीन प्रमुख अमृतप्रसाद प्रधान डेरामै आएर भर्ना लिनुभयो। दाइ ठूलो नेता भएकाले सत्तामा जाँदा हामी क्वार्टरमा सथ्र्यौं। त्यसपछि फेरि डेराको वास हुन्थ्यो। एकपटक प्रधानमन्त्री पद सकिएपछि राजा महेन्द्रले सोधेछन्, 'सूर्यबहादुर तिमी अब कहाँ सर्छौ ?' दाइले, 'सरकार नयाँ डेरा खोज्छु भन्नुभएछ।' महेन्द्रले त्यसपछि घर बनाउन पाँच लाख दिनुभयो। त्यही पैसाले दाइले मालीगाउँमा एकतले घर बनाएपछि हामी यता सर्‍यौं।

मलाई राजनीतिमा फिटिक्कै रुचि भएन। दाइको आफ्नो सर्कल हुन्थ्यो, मेरो आफ्नै। भर्खरको उमेर, छात्रवृत्ति पाएर अमेरिका जान पाइएला भन्ने आसले दाइको सल्लाह मानेर विज्ञान विषयमा भर्ना भएँ। दोम्रो वर्षमा पुगेपछि गड्यौंला, भ्यागुतो चलाउनुपर्ने भयो। मलाई कोठामा आएपछि खानै मन नलाग्ने।

मेरो रुचि साहित्यमा थियो। त्यसैले पहिले 'प्रतिमा' कविता संग्रह निकालेँ। आमासँग अलिकति पैसा मागेर अन्नपूर्ण प्रेसमा गएर पाँच सयप्रति छपाएको थिएँ। त्यसको दुई प्रति दाइलाई दिँदै भनेँ, 'मेरो रुचि यता छ। विज्ञान पढ्न सक्दिनँ।' त्यस्तो रुचि देखेपछि दाइले पनि 'भैगो जा' भनेर छाडिदिनुभयो।

०२१ सालताका म दार्जिलिङ गएर बिए पढ्न थालेँ। गोपाल योञ्जन र म एउटै बेन्चमा बसेर पढ्थ्यौं। साँझको समय हिमालय कला मन्दिरमा कलाकार जम्मा हुन्थे। कर्म योञ्जन, म र गोपाल छुट्टैनथ्यौं। दार्जिलिङ फेसन, साहित्य र कलामा काठमाडौंभन्दा निकै अघि थियो। कविगोष्ठीहरू भइरहन्थे। अगमसिंह गिरी, ईश्वर बल्लभ, अम्बर गुरुङ, बैरागी काइँला, इन्द्रबहादुर राईलगायत साहित्यकारसँग त्यहाँ राम्रै संगत भयो। अगमसिंह दाइसँगको संगत खास थियो। उहाँले मलाई आफ्नै भाइजसरी माया गर्नुभयो। धेरैपटक पिएर मातेपछि मेरो काँधमा हात राख्न लगाएर उहाँलाई रेल्वे स्टेसननजिक रहेको घर पुऱ्याएको छु। खुट्टा लर्बराइसक्दा पनि उहाँको मस्तिष्क सचेत हुन्थ्यो। भन्नुहुन्थ्यो, 'तपाईं नेपालको प्रधानमन्त्रीको भाइ, मलाई यो हालतमा समाएर हिँडेको देख्दा अरूले के भन्लान् ? यतै छोडिदिनुस्।' उहाँ आफैँ सम्मानित स्रष्टा, दार्जिलिङमा नचिन्ने कोही थिएन। तैपनि, मेरो इज्जतको धेरै ख्याल गर्नुहुन्थ्यो।

धेरै कविता गोष्ठीमा गोपाल मसँगै जान्थ्यो। दुई कविता संग्रह- सिन्कौली माया र हाम्रो प्रिती बस्यो रे ! मैले दार्जिलिङ छँदै प्रकाशित गरेको हुँ।

मेरा धेरै कविता सुनिसकेपछि गोपालले गीत लेख्न करकाप गर्न थाल्यो। यतिबेला हामी प्रेमध्वज प्रधान, बच्चु कैलाश, पुष्प नेपाली, नारायणगोपाललगायतका गीत खुबै सुन्थ्यौं। नारायणगोपालको स्वर फरक सुनिएकाले गोपाल र मेरो कुरा हुन्थ्यो, 'यो स्वरलाई ट्र्याकमा ल्याउँदा साँच्चै अभूतपूर्व सुनिन्छ।'

नारायणगोपालसँगको पहिलो भेट

बरोडामा बसेर संगीत सिकिरहेको नारायणगोपाल एकपटक दार्जिलिङ आयो। त्यतिबेला ऊ ईश्वर बल्लभ दाइकहाँ बसेको थियो। त्यसपछि हामीसँग भेट भयो। एक दिन ईश्वर दाइले नारायणगोपाल र गोपालको मीत लगाईदिने प्रस्ताव राख्नुभयो। मैले गोपाललाई भनेँ, उसले स्विकाऱ्यो। अनि, यी दुई मीतज्यू बने।

दोम्रोपटक दार्जिलिङ आउँदा पनि नारायणगोपाल ईश्वर बल्लभ दाइसँगै बसेको थियो। यतिबेला रत्न रेकर्डिङले उसलाई आठवटा गीत तयार गर्न भनेको रहेछ। त्यसका लागि कला मन्दिरमा हाम्रो छलफल हुन्थ्यो। गोपाल योञ्जन र नारायणगोपालले छानेका आठ गीतमध्ये मैले लेखेको 'चिनारी हाम्रो धेरै पुरानो रहेभैँ लाग्दछ...' पनि थियो। नारायणगोपाललाई असाध्यै मन परेछ। धेरै भावार्थ लगाउन सकिने गरी यो गीत तयार गरेको थिएँ। यसमा आमा र सन्तानको सम्बन्ध, मानिस र प्रकृतिको सम्बन्ध, माया-प्रेमलगायत अर्थ लुकेका छन्।

नारायणगोपाल दोम्रोपटक आएको मुख्य कारण पेमलासँगको भेट थियो। चिठीपत्र आदानप्रदानमार्फत साथी बने पनि उनीहरूको भेट भइसकेको थिएन। पेमलासँग भेटाइदिन नारायणगोपाललाई लिएर कर्म दाइ, म र गोपाल ल्यान्डरोभरमा मिरिकस्थित पेमलाले पढाउने स्कुल गएका थियौं। गोपाल र मैले स्कुलको गेटमा पुगेर पेमलालाई बोलायौं। त्यसपछि पेमला आइन्। गोपालले 'उहाँ मीतज्यू' भनेर औंला देखाउँदा पेमलाले झुक्किएर मलाई नारायणगोपाल भन्ने ठानिछन्। मैले 'म होइन, नारायणगोपाल त्यहाँ हुनुहुन्छ' भनेर देखाइदिएँ। नारायणगोपाल र कर्म दाइ केही पर गाडीमा बसेका थिए।

यो पहिलो भेटमा उनीहरूलाई भारत-नेपाल सिमानामा केही समय छाडेर हामी नजिकै बस्यौं। नारायणगोपालले पेमलालाई पहिलो भेटमा 'चिनारी हाम्रो ...' गाएर सुनाएछ। यसको केहीपछि यो गीत नारायणगोपालको शब्द र गोपाल योञ्जनको संगीतमा रेकर्ड भयो। बिएको जाँच दिएपछि म काठमाडौं फर्किने भएँ। गोपाल योञ्जनसँग छुट्दा मलाई निकै गाह्रो भइरहेको थियो। ऊ संगीतको त्रिवेणी थियो, 'रचना, संगीत र आवाज' सबै राम्रो। उसका शब्दहरू हृदयमा गढ्थे, संगीत सुन्दा बेग्लै आनन्द आउँथ्यो। हामी निकै आत्मीय भइसकेका थियौं। मैले गोपालको गीत संग्रह उसलाई नै समर्पित गरेर लेखेको थिएँ। हामी दुवैलाई फेरि भेटिँदैन भन्ने लागेको थियो।

सम्बन्ध

काठमाडौं फर्किएपछि गोपालकै याद आउन थाल्यो। उसलाई लिन म दार्जिलिङ फर्किएँ। तर, आमा मानिरहनुभएको थिएन। गोपाल सात महिनाको छँदै बुबाको निधन भएको, परिवारमा दिदी र आमा मात्रै। त्यसैले छोरा टाढा पठाउन नचाहने। तर, मैले कर गरेपछि उहाँले मान्नुभयो। दार्जिलिङ छँदा म गोपालको घरमा गइरहने भएकाले आमाले निकै माया गर्नुहुन्थ्यो। बरोडाबाट नारायणगोपाल पनि फर्किएपछि हामी तीनजना असनका गल्ली-गल्ली घुम्थ्यौं।

गोपालले त्रिभुवन विश्वविद्यालयमा मास्टर्स पढ्न थालेको थियो। दिदी-भिनाजुसँगै बस्थ्यो। हामी भेट्नासाथ संगीतकै कुरा हुन्थ्यो। पशुपतिमा धुनी जगाएर बस्ने एकजना जोगी थियो। नारायणगोपाललाई देखेपछि बोलाउँथ्यो, गाँजा दिन्थ्यो। गाँजा सल्काएर जोगीलाई थमाएपछि नारायण भजन गाउन थाल्थ्यो।

> गोपाल संगीतको त्रिवेणी हो। गीतकार र संगीतकारका रूपमा उसको परिचय अझै खास छ। संगीतबाहेक उसको लगाव बौद्ध दर्शन अध्ययनमा थियो। दरबार त्यागिसकेका सन्न्यासी बुद्धको झल्को उसमा देखिन्थ्यो, 'शान्त, करुणामय र निष्कपट।

नारायणगोपाल र गोपालबीच धेरै समानता थिए। मुख्यतः नेपाली सुगम संगीतलाई प्रवर्द्धन गर्ने सवालमा हामी एकमत थियौं।

खानपान फरक-फरक थियो। गोपाल पूर्ण शाकाहारी थियो। उसको मुखमा कहिल्यै माछामासु परेन। परिवारमा कसैले पनि खाएनन्। तर, मदिरा थोरै पिउँथ्यो। म माछा-मासु खाने भए पनि मदिरा पिउँदिनथेँ। काठमाडौंमा हुर्किएको नारायणगोपाल मासु र मदिराप्रेमी थियो। 'सूर्यबहादुरको भाइ भट्टीमा भेटियो' भन्ने सन्देश नजाओस् भनेर पनि म सजग थिएँ। उनीहरू वेला-वेलामा पिउँथे।

गोपाल आध्यात्मिक चेत भएको मानिस थियो। बौद्धधर्ममा उसको गहिरो लगाव, सधैँ शान्त रहन्थ्यो। त्यति विनम्र र करुणाले भरिएको मानिस सायदै भेटिन्छ होला। घरमा कुकुरलाई सुम्सुम्याउँदै सोध्थ्यो, 'आज के खाइस् ? कसैले तँलाई गाली गरेको छैन नि ?' सबैलाई यस्तै स्नेह बाँड्न सक्थ्यो। संगीत र अध्यात्मबाहेक उसलाई अरू कुरामा त्यति रुचि थिएन।

नारायणगोपाललाई धर्मबारे खास मतलब थिएन। पूजापाठ गरेको कहिल्यै देखिएन। समाज, राजनीति, विश्वराजनीति, भूगोलबारे पढ्ने र तर्क-वितर्क गर्ने बानी थियो। त्यसैले धेरैजनासँग उसको बहस चलिरहेकै हुन्थ्यो। त्यस समय ऊ नेसनल जियोग्राफी म्यागेजिनको नियमित पाठक थियो। संगीतबारे पनि धेरै अध्ययन गर्ने, गीत छानेर गाउन सक्नुको कारण ऊभित्रको चेत र बौद्धिकता थियो।

चेस खेल्नमा दुवैको उत्तिकै रुचि थियो। मलाई पनि चेस खेल्न आउँथ्यो। तर, प्रायः उनीहरू दुईजना भिड्थे। गोपालसँग छुटेपछि पनि नारायणगोपाल अन्य साथीहरू भेटेर चेस खेलिरहन्थ्यो, त्यस्तो लगाव थियो। फुटबल हेर्न पनि हामी धेरैपटक रंगशाला गयौं। नारायणगोपाललाई काठमाडौंका टिममा को-को खेलाडी छन् र कसले कस्तो खेल्छ भन्ने सबै जानकारी हुन्थ्यो। दिनभर बदाम खाँदै फुटबल हेर्ने गरियो। नारायणगोपालको घरमा पनि आवत-जावत चलिरहन्थ्यो। उसको बुबा आशागोपालले हामीलाई धेरै माया गर्ने।

२७ सालतिर एक दिन थोत्रो सुटकेस बोकेर नारायणगोपाल मेरोमा आयो। अनुहार न्याउरो थियो। पैसा नभएर दार्जिलिङ जान नपाएको बतायो। पेमलासँग बिहे गर्ने योजना बनिसकेको रहेछ। हामीले त्यसको केही समयअघि 'मीतज्यू नाइट' गरेका थियौं र पैसा मैले राखेको थिएँ। २२-२४ हजारजति थियो। त्यसमा ५-७ हजार बढी भए सजिलो हुन्छ भनेपछि मैले बाँकी सापटी गरेर थपेर दिएँ। दार्जिलिङबाट फर्केर आएपछि उसलाई परिवारले स्विकारेन। पोखरामा भूपि शेरचनको घरमा गएर बस्यो। भूपि दाइले हामीलाई निकै माया गर्ने, नारायणगोपाललाई 'सानोबाबु' भन्नुहुन्थ्यो।

नारायणगोपाललाई काठमाडौंमै जागिर मिलाउने प्रयास गरेँ। रेडियो नेपालमा मिलेको पनि थियो। तर, नारायणगोपाललाई जागिर दिए पनि गोपाल योञ्जनलाई जागिर दिन अन्य गायक-गायिका तयार भएनन्। त्यहाँ दरबारको सिफारिसमा जागिर खाएका कलाकारलाई नारायणगोपाल र गोपाल दुवै आएपछि हामीलाई उछिन्छन् भन्ने परेछ। गोपालको जागिर नमिलेपछि नारायणगोपालले पनि जागिर खाएन।

केही समयपछि गोपालले रिन्छेनसँग बिहे गर्ने भयो। मैले नै दार्जिलिङ गएर आमालाई मनाएर आएँ। मेरी श्रीमतीलाई मसँग भेटाइदिने काम गोपालले नै गरेको हो। उसले प्रहरीको सांगीतिक फाँट, सेन्ट जेभियर्स स्कुल, सेन्ट मेरिज स्कुल र त्यसपछि पद्मकन्यामा पनि पढाउन थालिसकेको थियो। चेलाचेली धेरै बनायो। मञ्जु थापा र मेरो जोडी सुहाउँछ, स्वभाव मिल्ने भएकाले घर-व्यवहार राम्रो चल्छ भन्ने उसलाई परेछ। पद्मकन्यामा रानी ऐश्वर्य आउने एक कार्यक्रममा 'डाँफे चरी' भन्ने गीति नाटिका देखाउने तयारी थियो। मलाई बोलायो। यसमा मञ्जुले लिड रोलमा नृत्य गरेकी थिइन्। एक-डेढ घन्टा प्रस्तुति हेर्रे। यसपछि मैले दाइसँग कुरा गर्रे, दाइले नै मागी विवाह गरिदिनुभयो।

नेपाली संगीतलाई नै प्रवर्द्धन गर्न हामीले झन्डै दुई वर्षसम्म 'बागिना' (बाजा, गीत र नृत्य) पत्रिका निकाल्यौं। पत्रिका निकाल्ने योजना नारायणगोपालको थियो, नाम मैले जुराएँ। साहित्यिक पत्रिकाहरू नै निस्कन हम्मेहम्मे पर्ने त्यो जमाना संगीतको पत्रिका निकाल्नु सामान्य कुरा थिएन। बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवरले प्रेस र कागज मिलाइदिएर यसमा धेरै सहयोग गर्नुभयो।

०३६ सालतिर मन्त्री केबी शाहीले मलाई नाचघरको महाप्रबन्धक बन्न आग्रह गर्नुभयो। उहाँले नियुक्तिपत्रसमेत टाइप गर्न लगाइसक्नुभएको रहेछ। मैले नारायणगोपालको नाम सिफारिस गरेँ। कतिजनाले नारायणगोपाल रिसाउँछ, रक्सी खान्छ, झगडा गर्छ भनेर हल्ला चलाइदिएका रहेछन्। दरबारको आँखा परेको ठाउँ भएकाले यहाँ अनुशासन ठूलो थियो। मैले नारायणगोपालबारेका हल्ला चिरेर केबी दाइलाई कन्भिन्स गर्न धेरै मिहिनेत गर्नुपऱ्यो। अन्त्यमा नारायणगोपाललाई नियुक्ति पत्र दिँदै केबी दाइले भन्नुभयो, 'साथी गज्जबकै पाउनुभएछ नारायणजी। तर, तपाईंले गल्ती गर्नुभयो भने म नगेन्द्रलाई कारबाही गर्छु।'

कतिपयले नारायणगोपाल अत्यधिक पिउँथ्यो भन्छन्। नेवारको छोरा भएकाले स्वाभाविक रूपमा अरूभन्दा बढी पिउँथ्यो। तर, उसले त्यसरी खुट्टै नटेक्ने गरी वा जीवन नै लथालिंग हुने गरी पिएको होइन। नत्र, नाचघरजस्तो दरबारको आँखा परेको ठाउँमा महाप्रबन्धकका रूपमा कसरी काम गऱ्यो ? रक्सी खाएर बसेको भए त्यहाँबाट तुरुन्तै निकालिन्थ्यो। कार्यक्रममा जाँदा वा गीत गाउनुअघि मुड फ्रेस गर्न थोरै खान्थ्यो। फुर्सदमा लागुन्जेल खान्थ्यो, उसको शरीर पनि ठूलो भएकाले अरूभन्दा धेरै रक्सी पचाउँथ्यो।

स्वभाव एग्रेसिभ पनि होइन। तर, चित्त नबुझेको कुराको प्रतिवाद गर्थ्यो। कसैसँग साह्रै रिस उठेका वेला, 'त्यसलाई म धोबीपाट दिन्छु भन्थ्यो।' उसले पहलमानी सिकेको थियो।

पछिल्ला वर्षहरू

विवाहपछि व्यावहारिक जीवन सुरु भयो। स्वाभाविक रूपमा भेटघाट केही पातलिने भयो। नारायणगोपाल र गोपाल टाढिए भनेको पनि सुनियो। तर, मसँग भेट्दा उनीहरू पहिलेजस्तै मिलेका हुन्थे। पहिलेजस्तै ख्यालठट्टा चल्थ्यो। त्यसैले, मलाई धेरै कोट्याउन पनि मन थिएन। धेरैपछि थाहा भयो,'उनीहरूले नगेन्द्रसँग भेट्दा हामी ठिकठाक भएजस्तो गर्ने, नत्र यसलाई पीडा हुन्छ भनेर आन्तरिक सहमति गरेका रहेछन्।' कोट्याएर फाइदा पनि थिएन।

केही वर्षपछि नारायणगोपालको सुगर लेभल बढ्न थाल्यो। डाक्टरले रातो मासु नखानू भनेपछि उसलाई त्यही खान मन लागेछ। पेमलाले कम मासु ल्याउन खोज्दा 'नारायणगोपालकी श्रीमतीले एक पाउ मासु किन्दा बेइज्जत हुन्छ। एक किलो ल्याऊ' भन्दो रहेछ। त्यही मासु पकाएर पेमला दिउँसो जागिरमा जान्थिन्। नारायणगोपालले दिउँसोभरिमा मासु सक्ने रहेछ।

किड्नी फेल भएपछि उसलाई वीर अस्पताल भर्ना गरियो। किड्नी ट्रान्सप्लान्टका लागि मद्रास जाने तारतम्य मिलाइसकेका थियौं। वसन्त चौधरीले सहयोग गर्ने, म र पेमला मद्रास जाने योजना बनिसकेको थियो। यसका लागि नारायणगोपालको स्वास्थ्यमा सामान्य सुधार आवश्यक थियो। वसन्त चौधरीले बैककबाटै विशेष डायलेसिस मेसिन झिकाए। उपचार चलिरहेको थियो। मेरो वास अस्पतालमै हुन्थ्यो। नारायणगोपालले निद्रा लाग्न छाड्यो भनेपछि मैले 'आँखा चिम्लिएर पशुपतिनाथ सम्झऊ' भनेँ। उसले हुन्छ भन्यो। भोलिपल्ट त, 'मैले आँखा चिम्लिएर पशुपति सम्झिन खोज्दा जोगमेहर श्रेष्ठको अनुहार पो याद आउँछ भन्थ्यो। उसलाई त्यस्तो किन लाग्यो र त्यस्तो भन्यो मैले केही बुझ्न सकिनँ।' त्यसको ५-६ दिनमै ऊ बित्यो। डिस्चार्ज गर्ने भनेको दिनमै हृदयाघात भएपछि आइसियूमा लगिएको थियो। आइसियूमा लग्ने र निकाल्ने गर्दा-गर्दै ब्लड सप्लाई रोकिएर ब्रेनह्याम्ब्रेज भइसकेको रहेछ।

०५४ सालमा जन्डिस बिग्रिएर गोपालको पनि निधन भयो। उसलाई यहाँ सुधार नभएपछि दिल्लीको एपोलो अस्पताल लगिएको थियो। दिल्लीमा स्वास्थ्य सुधार भएर फोनमा कुराकानी पनि भएको थियो। 'म आउँदै छु' भन्थ्यो, दुई दिनपछि रिन्छेनले निधनको खबर दिइन्।

इंगेजमेन्ट भएको बिहे रोकियो

लाहुरेहरूबाट पनि बिहेका लागि प्रस्ताव आउँथे । चिठी पठाउँथे । तर, मचाहिँ गोर्खा भर्तीमा जानुहुन्न, बन्द गर्नुपर्छ भन्ने अभियानमा थिएँ ।



अविवाहित जीवन

जयन्तीदेवी राई
सभापति, विधायन व्यवस्थापन समिति

भोजपुर ट्याम्केमयुम गाउँपालिका-४ मा २०२४ सालमा मेरो जन्म भयो । मेरो बाल्यकाल विकट गाउँमा कष्टकर ढंगले बित्यो । हरेक सुविधाबाट वञ्चित भयौं । घरकी जेठी छोरी भएकाले सात-आठ वर्षकै उमेरबाट घरव्यवहार हेर्नुपऱ्यो । स्कुल पनि जानुपर्ने, त्यो पनि पूरै दिन जान नसकिने, बढी घरकै काम (घाँस, दाउरा, खेतीपाती) गर्नुपर्ने परिस्थिति थियो । यस हिसाबले बाल्यकाल घरमै बढी बित्यो । मैले प्राविं घरनजिकैको गोन्टाडमा पढें ।

> कलेज पढ्दा कसैले पनि सीधा प्रस्ताव राखेनन् । तर, मेरो कुरा सुनाइदेऊ भनेर मान्छे पठाउँथे । कसैले त नाम नभन्नू भनेर पनि पठाउँथे । उहाँ बिहे गर्नुहुन्छ कि गर्नुहुन्न भनेर सोध्नू भन्थे । यस्तो खबर कसले पठाएको हो म थाहा पाइहाल्थें

त्यसपछि गाउँकै स्कुलबाट आठ कक्षा र सदरमुकामको अन्नपूर्ण माविबाट एसएलसी पास गरें । हाम्रो समयमा सानैमा बिहे गरिदिने चलन थियो । त्यतिवेला पढ्ने छात्रा नै थोरै हुन्थे । गाउँघरमा १४-१५ वर्ष पुगेपछि बिहेको उमेर भएको भनेर समाजले नै भन्थ्यो । घरको आमाबुबालाई पनि चिन्ता हुन्थ्यो । त्यो परिवेशमा मलाई पनि घरबाट बिहे गर्न दबाब दिइयो । हाम्रो समुदायको परम्पराअनुसार एकपटक छोरी माग्न आउँदा बुबाले हुन्छ भनेर वचन पनि दिनुभएको थियो । त्यतिवेला म १५ वर्षकी थिएँ । तर, १२ वर्षको उमेरदेखि नै जनवादी सांस्कृतिक कार्यक्रमबाट प्रभावित भएको र अभियानमै हिँडेकाले सानैमा बिहे गर्नुहुँदैन भन्नेमा सचेत थिएँ । त्यसैकारण बुबाले तय गरिदिएको बिहे गर्न अस्वीकार गरें ।

फेरि सानै उमेरमा बिहे गरेर जानु राम्रो होइन भन्ने लाग्थ्यो । घर-गाउँ छाडेर जानुपर्ने, आफू जन्मेको घरमा केही पनि अधिकार नहुने, त्यसरी अर्को घरमा जानु किन परेको होला भन्ने मनमा एकदम खेलिरहन्थ्यो । उमेर नपुग्दै बिहे गर्नुहुन्न भन्ने मेरो सोचलाई बुबाले साथ दिनुभयो । उहाँ ब्रिटिस गोर्खा आर्मी भएकाले छोराछोरीको इच्छाअनुसार गर्नुपर्छ भन्नेमा हुनुहुन्थ्यो । मैले बोलिसकेपछि उहाँले कहिले पनि बिहे गर भनेर कर गर्नुभएन ।

एसएलसी पढ्दासम्म कसैप्रति आकर्षण पनि भएन । लभ पर्ने कुरा त धेरै परको भयो, तर प्रस्तावहरू भने आइरहेका थिए । एक त १५-१६ वर्षको खास उमेरमा ०३५/०३६ सालतिरै विद्यार्थी राजनीतिमा होमियो । त्यतिवेला पार्टीको कडा अनुशासन थियो । पार्टीले नै बिहे गरिदिने हुन्थ्यो, आफूले रोज्ने, खोज्ने अवस्था थिएन । प्रेम बिहे गर्ने अवस्था पनि थिएन । पार्टीले नै प्रेम गर्नहुन्न, चिठी लेख्न हुन्न भनेर स्कुलिङ गरेकाले हामी एकदमै अनुशासित भएर मन नै त्यतातिर गएन । त्यो अनुशासनले गाइड गऱ्यो ।

भोजपुर क्याम्पसमा आइए पढें । त्यतिवेला विद्यार्थी संगठनमा आबद्ध भएर अगाडि बढ्न सहज थिएन । बिहेकोभन्दा पञ्चायत ढाल्ने अभियानको टर्चर थियो । निरंकुश राजतन्त्रविरुद्धको अभियानमा लागेकाले सहज ढंगले बस्ने अवस्था थिएन । भूमिगत कार्यक्रम गऱ्यो, भाग्यो, कुद्यो । राजनीतिक भागदौडमै युवाकाल बित्यो, बिहेतिर ध्यानै गएन । दुखेदुःखमा समय बित्यो । आइए पढ्दै गर्दा गिरफ्तारीमा पनि परें । संघसंस्थाअन्तर्गतको मुद्दा तीन वर्ष खेप्नुपऱ्यो । पूरै हिरासतमा बस्नुपऱ्यो । त्यसले गर्दा आइए पूरा गर्नै पाँच/६ वर्ष लाग्यो । त्यसले गर्दा पनि बिहेतिर ध्यान गएन । यसक्रममा केटा साथीहरूबाट प्रस्ताव नआएको भने होइन । विद्यार्थी संगठनकै साथीहरूबाट मात्र होइन, पार्टीले नै बिहे गर्नुपर्छ भनेको थियो, तर मैले मानिनँ । बिहे भन्ने कुरामा मलाई दबाब नदिनुस्, मेरो खुसी हो, निजी विचार हो, यसमा मैले आफैं निर्णय गर्न पाउनुपर्छ, गर्न पनि सक्छु, नगर्न पनि सक्छु, त्यति धेरै मलाई इन्ट्रेस्ट छैन भन्दै आएँ, मलाई इन्ट्रेस्ट थिएन पनि । किनभने अहिलेजस्तो सुविधा थिएन । बिहे गरेर अर्को गाउँ ठाउँमा जानुपर्ने, यो सबै कुराले त्यतिवेला गाह्रो थियो । मलाई के कुराले उत्प्रेरित भयो भने बिहे गरिसकेपछि गाउँ ठाउँ छाडेर जानुपर्ने, त्यत्रो सेवा गरेको छु यो माटोमा, त्यो पनि छाडेर जानैपर्ने ! म बिहे गर्दिनँ भन्ने लाग्थ्यो ।

०४५ सालमा काठमाडौं आएर आन्दोलनमा होमियौं । अखिल नेपाल महिला संघमा संगठित भएर विभिन्न मोर्चामा खट्यौं । ०४७ सालमा खुला वातावरण भइसकेपछि एमाले पार्टीमा आबद्ध थिए, त्यही क्रममा ताहचलमा बिए पढ्न थालें । पढाइको वातावरण नियमित भयो । साथै बिहेको दबाब पनि बढ्दो थियो । कलेजमा साथीहरूले प्रेम र बिहेको प्रस्ताव पनि राख्थे । तर, पहिलेदेखि नै बिहे गर्नैपर्छ भन्ने लाग्दैनथ्यो । यद्यपि म बिहेको विरोधी भने होइन । तर, मलाई यो अर्कै संसारजस्तो लाग्थ्यो । मेरो भोगाइ, बुहारी भएर सारा अर्कै संसारमा जिउनुपर्छ, त्यसैले यो गर्दिनँ भन्ने लाग्यो । हुन त यो दुनियाँले गरेको कुरा हो । तर, मलाई अहिलेको भन्दा धेरै फरक परिवेशमा मेरो जीवन बित्छ भन्ने लाग्थ्यो । बित्थ्यो पनि । सानो ठाउँबाट म जहाँ पुगें, त्यसलाई छेक्थ्यो, असर गर्थ्यो । मेरो प्राथमिकताको विषय नै राजनीति, संगठन पऱ्यो ।

मैले पाटन क्याम्पसबाट मास्टर्स गरें । त्यहाँ मैले नियमित कलेज गएर पढ्न पाइनँ । किनभने म उपसभापति, अन्तरिम सांसदको जिम्मेवारीमा थिएँ । स्वअध्ययन गरेरै पास गरें । यो समयमा कलेजतिर त्यस्तो प्रेम र बिहेको विषय झेल्न परेन ।

कलेज पढ्दा कसैले पनि सीधा प्रस्ताव राखेनन् । तर, मेरो कुरा सुनाइदेऊ भनेर मान्छे पठाउँथे । कसैले त नाम नभन्नू भनेर पनि पठाउँथे । उहाँ बिहे गर्नुहुन्छ कि गर्नुहुन्न भनेर सोध्नुभन्थे । यस्तो खबर कसले पठाएको हो म थाहा पाइहाल्थें । यस्तोचाहिँ थ्रिल्ले भयो । भोजपुर पढ्दा पनि, काठमाडौं कलेज पढ्दा अरूमार्फत थ्रिल्ले प्रस्ताव आउँथ्यो । मान्छेहरूले डाइरेक्ट एप्रोच गरेन ।

बुबाले मेरो बिहे गरिदिने भनेर साइमुन्द्रो (रीत) समेत खाइसक्नुभएको थियो । यो भनेको इंगेजमेन्ट नै हो । १५ वर्षको उमेर छँदा बुबाले केटा ठिकै छ, यतिका मान्छेले बिहे गरेका छन् भनेर मगनी गरिदिनुभयो । तर, मैले विद्रोह गरें, हुन्छ भनिसकेको कुरामा पनि गर्दै गर्दिनँ भनें । पल्लो गाउँबाट आफन्तमार्फत केटाको परिवार माग्न आएको थियो । छोरी दिएँ भनेर बोलिसक्नुभएको बुबाले ठीकै छ, छोरीको इच्छा हो भन्नुभयो । तर, आमाले सहज रूपमा लिनुभएन । छोरीले बिहे गरिदिएहुन्थ्यो, बिहे गरेर बसेहुन्थ्यो, दुःख नगरे हुन्थ्यो, किन गरेको होला भनेर आमा बढी चिन्तित हुनुहुन्थ्यो । फेरि मलाई माग्न आएको केटा एउटै स्कुल पढेको साथी थियो, उसले पनि सहजै लियो । लाहुरेहरूबाट पनि बिहेका लागि प्रस्ताव आउँथ्यो । विदेशबाट चिठीहरू आउँथे । तर, मचाहिँ गोर्खा भर्तीमा जानुहुन्न, बन्द गर्नुपर्छ भन्ने अभियानमा थिएँ ।

स्नातकोत्तरसम्मको पढाइपछि पार्टीबाटै बिहे प्रस्ताव आए । पार्टीका नेताले अब बिहे गर्नुपर्छ भनिरहे । प्रस्ताव निकै आउँथे । गर्नुपर्छ भनेर साथीहरूले भनिरहनुहुन्थ्यो । तर, मैले टार्दै गएँ । उमेर कट्दै गएपछि अब बिहे गर्नुहुन्न भन्ने विचार दृढ हुँदै गयो । नेताहरूमा माधव नेपाल कमरेडले यसरी बस्नुहुन्न, अब बिहे गर्नुपर्छ, तपाईंले अब सोच्नुस् भन्नुभएको थियो । साथै मान्छे नै हेरेर फलानोसँग गर्दा कसो होला भनेर सिफारिसै गर्नुभएको थियो । तर, मैले बिहे गर्ने सोच छैन भनेर मानिनँ ।

इलाममा लगन जुराउने झलनाथको प्रयास

पार्टीको केन्द्रीय कमिटीमा आइपुग्दा उमेर ३५ कटिसकेको थियो । झलनाथ खनालले आफ्नै ठाउँ (इलाम)तिर बिहे गराइदिने गरी पहल गर्नुभएको थियो । यसका लागि उहाँले घुमाउरो हिसाबले योजना बनाउनुभएको रहेछ । उहाँले इलामको पार्टीको जिम्मेवारीमा जान भन्नुभयो । उहाँले त्यतिवेला यो बिहे गरिदिने उद्देश्यले हो भनेर भन्नुभएन, पार्टीको काम गर्न जानुपऱ्यो भन्नुभयो । तर, उहाँको भित्री योजना बिहे गराइदिने रहेछ । मैले पार्टीको जिम्मा लिएर अर्को जिल्ला होइन, आफ्नै भोजपुर जिल्ला जान्छु भनेर मानिनँ । म नगएपछि उहाँ (झलनाथ)ले भन्नुभयो, 'कुरा बिग्रियो नि ! मैले बिहेको उद्देश्यले भनेको थिएँ, तपाईंले मान्नुभएन ।' अभिभावकका हिसाबले उहाँहरूले तपाईंको जीवन धेरै संघर्षमा बित्यो, त्यसैमा जीवन अर्पण गर्नुभयो, तर तपाईंको जीवन अब यसरी हुँदैन, व्यवस्थापन गर्नुपर्छ, यो ढंगले सोचेर हुँदैन, अर्कै ढंगले सोच्नुपर्छ भनेर परिवारको सदस्यको रूपमा सुझाव दिइरहनुभयो । जिल्लाका नेताहरू, घरपरिवार, आफन्तहरूले पटक-पटक भनिरहे । तर, अब एउटा विचारमा अडिग भएपछि पहिला ठीक छैन लाग्यो, अहिले पनि ठीकै गरेछु भन्ने लाग्छ, पश्चत्ताप छैन ।

बिहेसँगै सन्तानको कुरो पनि जोडिएर आउँछ । तर, अहिले बिहे नगरेका मान्छेको धेरै छोराछोरी हुन्छ । गरेकाहरूको निश्चित हुन्छ, अहिले मसँग बहिनी, दाइका छोराछोरीहरू गरी पाँचजना बानेश्वरमा बस्छौं । साथै जमघटमा अरूको बुढाबुढी, छोराछोरी देख्दा पनि मलाई त्यस्तो केही महसुस भएन । मेरो पनि भइदिएहुन्थ्यो भन्ने भएन, पहिले नै माइन्ड मेकअप गरेर होला । एक्लो जीवन आनन्द छ । अब कोही-कोही वेला बिरामी पर्दा, यताउता गर्दा कुनै सहयोग चाहिएको वेला परिवारको अभाव खड्किएला । तर, अहिलेको अवस्था हेर्दा छोराछोरी धेरै हुनेको पनि सँगै कोही हुँदैन, मर्ने वेलामा कहिल्यै सँगै हुँदैनन्, रात, दुई रात शव राख्नुपर्ने स्थिति छ । यो देख्दा मैले बिहे नगरेर ठीकै गरेछु लाग्छ ।

विवाह भनेको समाजलाई स्थापित गर्ने कुरा हो । समाज निर्माण, सृष्टि सञ्चालनका निम्ति जरुरी छ । किनभने सबैले मेरो जस्तै कुरा गरेर त हुँदैन । फेरि मैले आफूले नगरे पनि लमी भएर धेरै साथीभाइको बिहे गरिदिएको छु । जीवन बिताउने कुरामा बिहे गर, मजस्तो नबन भनेर प्रेरित गर्ने गरेको छु । जिल्ला तहका, मसँग काम गरेका नेताको पनि लमी बनेर बिहे गराइदिएको छु ।

बिहेका फाइदा र बेफाइदा

बिहे भइसकेपछिको सजिलो भनेको बिहे भइसकेपछि आमाबुबा, आफन्त र साथीभाइलाई सन्तोष हुन्छ । समाजले पनि राम्रै दृष्टिले हेर्छ । एकले अर्कोलाई सहयोग गर्ने, राम्रो मिल्दाखेरी एक-अर्कामा साथ सहयोग हुने, छ है भन्ने एकखालको विश्वास हुने, सामाजिक रूपमा राम्रो सन्देश जाने हुन्छ ।

अब बिहे नगर्दा एक्लै बस्ने सिंगल महिलालाई समाजले हेर्ने दृष्टिकोण त्यति राम्रो छैन । त्यसमाथि राजनीति गर्नेलाई अनेक आरोप लगाउन सक्छन् । अहिले त्यति धेरै छैन, हटेर गयो । तर, हाम्रो जमानामा नाम जोडेर अनेक लाल्छना लगाउने हुन्थ्यो । फेरि मैले केही कुराको निर्णय गर्नुपऱ्यो भने अरूको जस्तो श्रीमान्, छोराछोरीलाई सोध्नुपर्ने के हो भन्न परेन । कतै गइएछ भने तुरुन्तै आऊ भन्ने खालको पनि हुँदैन ।

अब राजनीति गर्दा पनि धेरैका श्रीमान्-श्रीमती सँगै लागे । तर, अहिले एकै परिवार हुँदा जहिल्यै महिलाले सेक्रिफाइस गर्नुपर्ने हुन्छ । मेरोमा त्यो भएन । त्यस्तै हुन्छ कि भन्ने डर पनि थियो । कही न कही त्यसको असर हुन्छ नै । मैले मेरो आफ्नो स्वविवेक, स्वविचारले चाहेअनुसारको स्वतन्त्रपूर्वक गर्न पाएँ, खुला भएर राजनीतिमा लागिरहन पाएँ, यो जिम्मेवारीमा पुग्न सकें । त्यही त ठूलो कुरो रहेछ । कसैको दबाब सहनुपर्ने, हप्कीदप्की, कुटाइ खानुपर्ने स्थिति रहेन । मेरा कतिपय साथीहरू कुटाइ खाएर पनि बसेका छन् । महिलाहरूले यति धेरै हिंसा भोग्नुपरेको थियो, त्यसविरुद्ध बोल्नुपर्छ भन्ने थियो, समाजभित्रको अन्याय, अत्याचारविरुद्ध बोल्न पाएहुन्थ्यो, यस्तो कुरा पर्छ, बिहेमा अल्झिनुहुन्न भनेर गरिनँ । अर्काको अधीनमा बस्ने कहिले पनि बानी भएन । घरबाट पनि एककिसिमले आफ्नो निर्णय नै गरेर आइयो, त्यो पनि एउटा कारण हो । अर्को घरमा गयो भने त मेरो मात्रै निर्णय हुन सक्दैन, यो कसरी सहन गरिन्छ होला भन्ने लाग्थ्यो । यसका दुइटै पक्ष हुन्छ । मेरो हकमा समाजमा केही बदल्नुपर्छ भन्नेमै बढी चिन्तित भएँ । त्यसैले यो विवाहप्रति मेरो लगाव पनि भएन र जीवनमा त्यति धेरै मान्यता नै दिइनँ, तर म बिहेविरोधी होइन, समाज सञ्चालन गर्ने सवालमा बिहे नगर्ने कुरा राम्रो होइन ।

प्रस्तुति : कमलराज भट्ट

अनुभव

रंगमञ्च र सिनेमाको फरक

● नाजिर हुसेन, अभिनेता



सिनेमा गर्नुअघि चार वर्ष थिएटरमा बिताएको थिएँ । पहिलोपटक सिनेमामा आफूलाई फरक महसुस गरें । किनभने थिएटरमा आफ्नो काम आफैं गरिन्छ । तर, सिनेमा अभिनय गर्दा लक्जरीजस्तै फिल भएको थियो । नाटकमा आवश्यक ड्रेस, प्रप्स सबै आफैंले जम्मा गर्नुपर्थ्यो । तर, सिनेमामा कस्ट्युम डिजाइनरले ड्रेस तयार गरिदिने, मेकअप आर्टिस्टलगायतले आवश्यक सबै समान जुटाइदिने हुने रहेछ ।

पहिलोपटक सिनेमा 'पुन्टे परेड'मा क्यामेरा फेस गर्नपरेको थियो । बानेश्वरको एउटा कलेजमा सुटिङ भएको थियो । पहिलो फिल्मको पहिलो सिन प्रियंका दिदी(प्रियंका कार्की)सँग थियो । अभिनयका हिसाबले त खासै फरक परेन, सिनेमामा काम गर्न । तर, म क्यामेरासँग एकदमै लजाउँथैं । त्यसैले सुरुसुरुमा क्यामेराअघि काम गर्न अर्कै फिल भयो । दुई-तीनवटा फिल्ममा काम गरेपछि बल्ल बानी पर्दै गयो । फिल्म 'वीरविक्रम' सुटिङका दौरान दया दाइ (दयाहाङ राई) ले पनि केही कुरा सिकाउनुभयो । सिनेमाको टेक्निकल कुरा के हुँदो रहेछ भनेर पुस्तक पनि पढ्न थालें । एकपछि अर्को फिल्ममा काम गर्दै जाँदा सजिलो हुँदै गयो ।

> रंगमञ्चले जति जीवन सिकाउँछ, त्यति सिनेमाले सिकाउँदैन । रंगमञ्चले सिनेमाले भन्दा बढी क्रिएटिभ बन्न सिकाउँछ ।

पछिल्लो समय सिनेमामै व्यस्त भएँ । नाटकमा काम गर्न पाएको छैन । रंगमञ्चमा काम नगरेको ६ वर्ष भइसकेछ । रंगमञ्चको धेरै कुरा मिस हुन्छ । नाटकको रिहलसल गरेको, स्टेज बनाएको, पहिरन तयार गरेकोजस्ता कुरा धेरै मिस हुन्छ । सिनेमाको कामले गर्दा नाटकमा काम गर्न पाएको छैन । अब छिटै नाटक निर्देशन गर्ने योजना बनाएको छु । मलाई चाँडै नाटकमा पनि देख्न पाउनुहुन्छ ।

नाटक अझै व्यावसायिक हुन सकेको छैन । सिनेमा एक हिसाबले व्यावसायिक छ । मेरो बुझाइमा सिनेमाले धेरै मान्छेबीच पुऱ्याउन सहयोग गर्छ । रंगमञ्चबाट सिनेमामा आउँदा आफूलाई बुझ्न पाइँदो रहेछ । आफू के हो भनेर थाहा पाइँदो रहेछ । तर, रंगमञ्चले जति जीवन सिकाउँछ, त्यति सिनेमाले सिकाउँदैन । रंगमञ्चले सिनेमाले भन्दा बढी क्रियटिभ बन्न सिकाउँछ । नाटकमा थुप्रै एक्टिङ फर्महरूको पढाइ हुन्छ ।

प्रेमताल

कविता



भूपिन

हर्पन खोला बाँधले छेकिएर फेवाताल बन्छ
तिमीमा पूर्ण मन अर्पेको अर्पण-खोला हुँ म
तिम्रो मनको बाँधमा छेकिएर प्रेमताल बन्छु ।

हरपल महसुस गर्छु
मेरा स्नायु गल्लीका ओरालाहरूमा
तिम्रा यादहरूको जलधार बग्छ,
मेरो हृदयको जलाशयमा
तिम्रा सम्झनाहरूको करेन्ट बग्छ ।
अवश्य महसुस गर्नेछौ एकदिन तिमीले
कि
जसरी फेवातालबाट बर्दैबर्दै गएर
पातले छाँगोमा हाम फाल्ने सुन्दर झरनाबाट
सहरको सारा अँध्यारो मेटिदिने
सर्यौं 'वाट' बिजुली निकाल्न सकिन्छ
प्रेमतालबाट बर्दैबर्दै गएर
तिम्रो मनमा हाम फाल्ने मजस्तो विरूप झरनाबाट पनि
एउटा जीवन झिलमिल पार्ने
केही 'वाट' बिजुली निकाल्न सकिन्छ !

जीवनका लागि
प्रेमजत्तिको उज्यालो बत्ती केही छैन
तर निश्चितता स्वयं अनिश्चित हुने यस दुनियाँमा
कुनै टुंगो छैन
कि प्रत्येक प्रेम-झरना
आफ्नै बाँधबाट बगेर
हाम फाल्दैमा कुनै मनको पहरामा
उसले बिजुली नै बन्ने मौका पाओस्
र कसैको मनको सहर
झलमल्ल पार्ने अवसर पाओस् !

ओ मेरो प्रेम !
जीवनका सबैसबै प्राथमिकताहरू बिर्सिएर
धिपधिपे बिजुली बन्ने आजीवन रहरको बन्दी म,
तिम्रो मनको पहरामा हाम फालिरहन्छु
पातले छाँगोजस्तै !
भ्रम नै सही
म एक बल्ब उज्यालो बन्न चाहन्छु ।

अन्डा तोडेर कोकुनमा हाम फालिरहेको
म एक झुसिलकिरा
पुतली बन्न चाहन्छु ।

साप्ताहिक राशिफल

५ फागुन (शनिबार) - **११ फागुन** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो :** ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सञ्चित कर्मको फल पाउने साता रहेको छ । वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । आफन्तसँगको भेटघाटले मनमा प्रसन्नता थपिएला । गरेको कामबाट प्रशंसा मिल्नेछ । साताको अन्त्यमा सानै प्रयासले पनि महत्त्वपूर्ण काम बन्नेछन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

प्रतिष्ठित काम प्राप्तिको योग छ । धेरैलाई प्रभावित पार्ने समय रहेको छ । व्यावसायिक कामबाट सोचेको लाभ मिल्नेछ । विद्यामा पनि प्रगति हुनेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने वेला छ । बिहीबारपछि भने व्यवसायबाट नोक्सान हुने योग छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

धार्मिक वा सामाजिक काममा सरिक हुने योग छ । व्यावसायिक काममा सोचेअनुसार नै उन्नति हुनेछ । राजनीति तथा नोकरीमा आफन्तको सहयोगमा कार्यसिद्धि हुनेछ । आयआर्जन पनि हुनेछ । प्रेम र मित्रताको गाँठो कसिएला । साताको अन्त्यमा भने खर्चमा वृद्धि र व्यवसायमा गिरावट आउने देखिन्छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

धार्मिक कृत्यमा रुचि बढ्नुका साथै धार्मिक भ्रमणमा नयाँ कामको थालनी हुने समय रहेको छ । आफ्नो क्षेत्रको नेतृत्व हात लाग्ला । बुधबार र बिहीबार व्यापार बढ्नुका साथै आयमूलक काममा पनि सफलता नै मिल्नेछ । साताको अन्त्यमा पारिवारिक मिलन हुनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सुरुको समय मनोरञ्जनपूर्ण रहला । शत्रुपक्ष पछि हट्नेछन् । प्रेम र मित्रताको गाँठो कसिएर जाला । बुधबार भने मनमा खिन्नता बढ्ने योग छ । महत्त्वपूर्ण सामान हराउने सम्भावना छ । साताको अन्त्यमा समयले साथ दिनेछ । धर्मकर्ममा मन जाला । सामाजिक कामबाट प्रतिष्ठा मिल्नेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रेमको बन्धन कसिने तथा नयाँ सम्बन्ध जोडिने साता छ । रमाइलो जमघटमा सरिक भइएला । पारिवारिक सरिक यात्रासमेत सम्भावित छ । बिहीबार र शुक्रबारको समय अलि कमजोर रहला । सानातिना झमेलामै समय खर्चिने योग छ । विवाद बढ्ने र चोटपटक लाग्ने योग छ, सचेत हुनुहोस् ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

बौद्धिक तथा व्यावसायिक पक्षबाट लाभ उठाउने मौका छ । शत्रु परास्त भएर जालान् । मुद्दासमेत किनारा लाग्नेछन् । काममा उत्साह थपिनेछ । मित्रताको गाँठो कसिएर जाला । नयाँ प्रेम सम्बन्ध स्थापित हुन सक्छ । साताको अन्त्यमा काममा बाधा र स्वास्थ्यमा संकट हुने देखिन्छ, सचेत हुनुहोस् ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा व्यापार-व्यवसाय तथा बौद्धिक क्षेत्रमा राम्रो प्रगति हुनेछ । प्रतिस्पर्धीहरू स्वतः कमजोर रहनेछन् । आर्थिक पक्ष पनि सबल बन्नेछ । बिहीबार स्वास्थ्यमा सुधार र काममा उत्साह थपिनेछ । प्रेमको बन्धन कसिलो हुँदै जाने छ । साताको अन्त्यमा समय निकै नै उत्साहपूर्ण रहनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा काममा सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ । बुधबारको समय भने कमजोर रहला । निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्छ । साताको अन्त्यमा कर्मयोगका थप बाटाहरू खुल्नेछन् । पढाइलेखाइ र व्यवसायमा उन्नति हुनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

उद्योग-व्यवसायमा सोचेअनुसारको सफलता मिल्नेछ । प्रतिस्पर्धीहरूले हार माने पनि अरूको भर पर्ने समय भने छैन । आफन्तसँगको विश्वासमा पनि कमी आउला । बुधबार खानपानको असावधानीले स्वास्थ्यमा समस्या आउला । साताको अन्त्यमा पठनपाठनमा प्रगति हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

खर्चको मात्रा बढे पनि प्रियजनसँग भेटघाट हुनेछ । पार्टी, पिकनिकमा सरिक हुने मौका मिल्नेछ । पारिवारिक जमघटमा नयाँ कार्यको थालनी हुनेछ । बुधबारदेखि पराक्रम पनि बढेर जानेछ । साताको अन्त्यमा आफन्तकै विश्वासघातमा परिएला । झुटा आरोप आइलाग्ने सम्भावना छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा प्रशस्त आम्दानीको योग भए पनि खर्चको मात्रा बढ्ने देखिन्छ । वैदेशिक काम सोचेअनुसार बन्नेछन् । सोमबार प्रियजनसँग अर्थपूर्ण भेटघाटको योग छ । साताको अन्त्यमा प्रशंसकहरू थपिएर जालान् । काममा पनि उत्साह थपिनेछ । भाग्यले साथ देला ।

महिलाले यी पाँच तरिकाबाट बदल्दै छन् उत्तर कोरिया

• लेस्ली पार्कर, ब्रोनवेन डाल्टन, क्युङ्जा जंग





उत्तर कोरियामा आलु अनुसन्धानकर्ताको रूपमा आफ्नो आधिकारिक जागिर छोड्दा काङ केवल २० वर्षकी थिइन् । उनी अवैध बजार गतिविधि सञ्चालन गर्ने महिलाहरूसँग सामेल हुन चाहन्थिन् । 'कठिन मार्च' (सन् १९९० को दशकको मध्यतिरको अनिकालको समय)बाट जोगिन र सरकारको कडा नियन्त्रणबाहिर आफ्नो र परिवारका लागि जीविकोपार्जन गर्न महिलाहरू त्यस्ता गतिविधिमा संलग्न थिए ।

राज्यबाट स्वीकृत रोजगारीबाट आफूले अपेक्षा गरेभन्दा बढी आम्दानीका लागि काङले चामल, धातु र पेट्रोलियमजस्ता सामानको व्यापार गर्न थालिन् । अन्ततः सन् २०१३ मा दक्षिण कोरिया पुग्नुअघि उनको सबैभन्दा आकर्षक व्यवसाय चीनमा कारखानामा काम गर्न चाहने युवतीहरूका लागि ब्रोकर सेवा बन्न पुग्यो ।

हाम्रो नयाँ पुस्तक 'नर्थ कोरियाज वुमन लेड ग्रासरुट क्यापिटलिजम'को अनुसन्धानमा सहभागी हुने महिलामध्ये काङ एक थिइन् । उत्तर कोरियामा तल्लो तहको पुँजीवादको उदयमा काङजस्ता महिलाद्वारा पितृसत्तात्मक समाजका लागि जतातै सावधानीपूर्ण कथ्य प्रदान गर्दछन्, तसर्थ जोखिम उठाएर मात्र त्यहाँका महिलाको कम मूल्यांकन गर्नुपर्ने हुन्छ । विडम्बनाको कुरा हामीले हाम्रो अनुसन्धानमा यो कुरा फेला पारेका छौं कि महिलालाई सार्वजनिक क्षेत्र र औपचारिक अर्थतन्त्रबाट बहिष्कार गरेर उत्तर कोरियाको सरकारले वास्तवमा उनीहरूलाई उद्यमी बन्न प्रेरित गरेको छ, जसले समाजमा गहिरो प्रभाव पारेको छ ।

यो कसरी सम्भव भयो ? उत्तर कोरियाली अधिकारीहरूले पुँजीवादको फैलावटलाई नियन्त्रण गर्ने उद्देश्यले आतंक र निगरानीपूर्ण संस्कृतिसँगै जनतालाई दमन जारी राखेका छन् । तर, पुरुषहरू नै उनीहरूको मुख्य केन्द्र बनेका छन्, महिला होइनन् । कम मूल्यांकन गरिएका र ओझेलमा रहेर काम गरेका उत्तर कोरियाका महिलाहरू महत्त्वपूर्ण आर्थिक र सामाजिक परिवर्तनलाई हाँक्ने ठाउँ सिर्जना गर्न, सरकारको आधिकारिक अनुगमन र नियन्त्रणहरूलाई बेवास्ता गर्न माहिर छन् ।

हाम्रो पुस्तकले उत्तर कोरियाली महिलाहरूले दैनिक जीवनमा आफ्नो समूहको प्रयोग गर्ने जटिल तरिकाहरूको अन्वेषण गरेको छ । हाम्रो अनुसन्धान उत्तर कोरियाली महिला विद्रोही, गैरसरकारी संस्था र उत्तर कोरिया र उत्तरपूर्वी चीनको धेरै क्षेत्रीय यात्रामा भएका ५२ वटा अन्तर्वार्तामा आधारित थियो । परम्परागत 'ब्रेनवास' गरिएका यान्त्रिक वा सुरक्षा चाहिने असहाय पीडितको विपरीत हामीले उत्तर कोरियाका महिला बलिया, लचिलो र रचनात्मक छन् भन्ने फेला पारेका छौं ।

गुप्त प्रतिरोधका कार्यमार्फत तिनीहरूले पारिवारिक सम्बन्ध, महिलाको यौन तथा प्रजनन मुद्दाहरू र महिलाहरूकै सांस्कृतिक पहिचानमा परिवर्तन ल्याइरहेका छन् ।

कोरिया परिवर्तन गर्ने यी पाँच तरिका

१. तल्लो तहको पुँजी हाँक्ने महिला

हाल उत्तर कोरियाली महिलाहरूले तल्लो तहको पुँजीबजारलाई हाँकिरहेका छन् । स्थानीय बजारहरूमा केन्द्रित उदीयमान अनौपचारिक अर्थतन्त्रमा महिलाहरू सक्रिय खेलाडी साबित बनेका छन् । महिला अर्थतन्त्रले घरायसी आयको लगभग ८० प्रतिशत र मानिसहरूको खाद्यान्न र आधारभूत आवश्यकताको ६० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ । संक्षेपमा उत्तर कोरियालीहरू बाँच्नका लागि महिला श्रममा निर्भर छन् । यो स्थिति घरपरिवार र बजार दुवैमा देखिन्छ ।

प्रायः उत्तर कोरियाली परिवारमा महिलाहरू कमाउने मुख्य स्रोत बनेका छन् । यसले महिलाहरूका लागि थप अवसर सिर्जना गरेको छ र राज्यलगायत तिनीहरूलाई नियन्त्रण गर्न खोज्नेका लागि चुनौती खडा गरेको छ ।

२. परिवर्तन हुँदै लैंगिक भूमिका

महिलाहरूमा आएको परिवर्तनले उत्तर कोरियाका दुई आधारभूत स्तम्भ समाजवाद र गहिरो जरा भएको पितृसत्तामा कम्पन ल्याइदिएको छ । बजार गतिविधिमा महिलाहरूको संलग्नताले उनीहरूलाई पैसासहित दुर्लभ स्रोतमा पहुँच प्रदान गरेको छ । आर्थिक स्वतन्त्रता र घरेलु निर्णय प्रक्रियामा लामो समयदेखि स्थापित पारिवारिक गतिशीलतालाई तनावपूर्ण बनाएको छ र व्यापक सामाजिक मान्यतालाई चुनौती दिएको छ । अध्ययनमा सहभागीमध्येकी एक सियोल नामक महिला यसरी व्याख्या गर्छिन्,'रासन घट्दै गएपछि महिलाले थप पहल गरे र घरबाहिर गएर काम गर्न थाले । घरमा बस्ने पुरुष नै थिए । पुरुषले खाना पकाएर घरेलु काम गर्नुपर्छ भन्ने अपेक्षा गर्न थाल्यौं । मलाई लाग्छ महिला र पुरुषले आ-आफ्नो भूमिकालाई उल्टाए ।'

सार्वजनिक क्षेत्र र औपचारिक अर्थतन्त्रबाट बहिष्कार गरेर उत्तर कोरियाको सरकारले वास्तवमा महिलालाई उद्यमी बन्न प्रेरित गरेको छ, जसले समाजमा गहिरो प्रभाव पारेको छ ।

३. परिवर्तन हुँदै यौन, प्रेम र विवाह

महिलाहरूले यौन, प्रेम र विवाहलाई अनुभव गर्ने र हेर्ने तरिका भन् जटिल बन्दै गएको छ । यसमा विवाहमा ढिलाइ र थप सम्बन्धविच्छेद समावेश छन् । पुरुषप्रधान देशमा महिला एकल बस्ने र सम्बन्धविच्छेद गर्ने आँट गर्न थालेका छन् । विवाहपूर्व र विवाहइतर जोडीहरू (जसले एकल आमाहरूको संख्या बढेको छ) र कम उमेरका पुरुषहरूसँग विवाह गर्ने वृद्ध महिलाहरूजस्ता गैरपरम्परागत सम्बन्धहरू पनि फस्टाउँदै गएका छन् । बे नामकी युवती भन्छिन्,'म धेरै पैसा कमाउँछु, मैले विवाहका लागि उच्चस्तर कायम गरेकी छु । पैसा कमाउनमा व्यस्त हुँदा मसँग विवाह वा विवाहका बारेमा सोच्ने समय छैन ।'

सहरवासीले डेटिङ, सेक्स र सम्बन्धका बारेमा उदार मनोवृत्ति अपनाइरहेका छन्, जसलाई जु नाम गरेका पुरुष यसरी व्याख्या गर्छन्, 'धेरै युवाहरू अहिले सार्वजनिक रूपमा डेटिङ गरिरहेका छन् । दक्षिण कोरियाली नाटकहरू हेरेपछि युवतीहरूले आफ्नो प्रेमीलाई दक्षिण कोरियालीहरूले जस्तै 'ओप्पा' भनेर बोलाउँछन् । युवा जोडीहरू एकअर्काको काँधमा हात राखेर घुमिरहेका छन् ।'

केही महिलाहरूले आफ्नो सुरक्षा सुनिश्चित गर्न चीनमा बसोवासको माध्यमको रूपमा चिनियाँ पुरुषसँग रणनीतिक रूपमा सम्बन्ध राखेका छन् ।

४. रोजाइमा अग्ला हिल

बेई नाम गरेकी युवती भन्छिन्,'महिलाहरू हाई हिल लगाउने बानी परेका छन् । किनभने सायद हामी केटीहरू पुड्का छौं । महिलाहरू गाउँमा बस्ने होस् वा पहाडमा हामी पिच नभएका सडकमा पनि यी जुत्तामा सजिन रुचाउँछौं ।' तिनीहरूका दक्षिण कोरियाली समकक्षीजस्तै अहिलेको युवा पुस्ता 'स्लिम बडी' र 'लङ स्ट्रेट हेयर'मा सजिन बढी रुचाउँछन् । धेरै महिलाहरूले आँखाको ढकनीको शल्यक्रिया मात्र होइन, डिम्पल सर्जरी वा नाकको शल्यक्रिया पनि गरेका छन् । महिलाहरूले पत्नी र आमाहरूको घरेलु आदर्शहरूलाई चुनौती दिइरहेका छन्

५. प्रचारमा आदर्श महिला

राज्यले आफ्नो प्रचार-प्रसारमा 'आदर्श' नारीलाई प्रस्तुत गर्ने तरिका बदलेर सामाजिक परिवर्तनको संकेत दिएको छ । उत्तरकोरियाले नेताको बहिनी, श्रीमती र अहिले छोरीहरूलाई विज्ञापनको रूपमा प्रयोग गरिरहेको छ । जस्तैः वर्तमान तानाशाह किम जोङ उनकी पत्नी तथा प्रथम महिला री-सोल-जु नियमित रूपमा प्रा.डा. (इटालीको सुविधासम्पन्न फेसन हाउस), क्रिस्चियन डायर (फ्रान्सको लक्जरियस फेसन हाउस)मा देखा पर्छिन् र त्यहाँ उपलब्ध डिजाइनरबाट प्रेरित देखिन्छन् ।

(लेस्ली पार्कर उत्तर कोरियाको सामाजिक अर्थशास्त्रमा रुचि राख्ने पूर्वअर्थपत्रकार हुन् । ब्रोनवेन डाल्टन सिड्नीस्थित युनिभर्सिटी अफ टेक्नोलोजीकी प्राध्यापक हुन् । क्युङ्जा जंग युनिभर्सिटी अफ टेक्नोलोजी, सिड्नीकी सहप्राध्यापक हुन् । यो लेख 'द कन्भर्सेसन'बाट सुभाष शर्माले अनुवाद गरेका हुन् ।)

मन परेका ८ पुस्तकमाथि उमेश मैनालीको समीक्षा

मन परेको पुस्तक

पूर्वसचिव तथा लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनाली दर्शन, राजनीतिक तथा सामाजिक दर्शनका पुस्तक बढी पढ्ने गर्छन् । उनले आफूलाई मन परेका केही पुस्तकबारे टिप्पणी गरेका छन् :



उमेश मैनाली, पूर्वसचिव तथा लोकसेवा आयोगका पूर्वअध्यक्ष

■ **द रिपब्लिक** : दर्शनसँग सम्बन्धित हरेक पुस्तक रोचक हुन्छन् । यसले हाम्रो बौद्धिकता बढाउँछ । सोक्रेटिस्का चेला प्लेटोको रिपब्लिक र उनले आफ्ना गुरुसँग गरेको संवादमा आधारित पुस्तक मलाई निकै मनपर्छ । प्लेटोले युटोपिया नामक काल्पनिक राज्यको विषयमा लेखेका छन् । एउटा उचित सिजनमा हृष्टपुष्ट युवा-युवतीलाई सँगै राख्ने र समागमपछि जन्मिएको बच्चालाई राज्यले हेर्ने कुरा यसमा उल्लेख छन् । उनले यसलाई महिलाको साम्यवाद भनेका छन् । प्लेटोले 'दार्शनिक राजा'को कल्पना गरेका छन् । हरेक ३५ वर्षमा एउटा परीक्षा दिने र त्यसमा उत्कृष्ट हुने व्यक्ति राजा चयन हुने उल्लेख छ । यो एउटा काल्पनिकी हो । यसलाई कालान्तरमा प्लेटोका चेला अरिस्टोटलले नै अव्यावहारिक भनिदिए । तर, काल्पनिकी नै भए पनि पढ्दा मज्जा आउँछ । प्लेटोले 'माइट मेक्स राइट्स' भनेका छन् । यसलाई कालान्तरमा अब्राहम लिंकनले खण्डन गरे । लिंकनले 'राइट्स मेक्स द माइट' अर्थात् अधिकार पाएपछि मात्रै मानिस शक्तिशाली बन्छ भने ।

■ **द प्रिन्स** : राजाले जिम्मेवारीबाट बर्खास्त गरेपछि निकोलो म्याकियाभेलीले राजकुमारलाई पत्र लेखे । यही पत्र उनको मृत्युको पाँच वर्षपछि १५३२ मा 'प्रिन्स' पुस्तकमा प्रकाशित भयो । यसमा उनले शासन कसरी चलाउने भनेर आफ्नो अनुभव लेखेका छन् । उनले लेखेका छन्- क्षमताविनाको अवसर व्यर्थ हुन्छ । त्यसैगरी, अवसरविनाको क्षमता खेर जान्छ । राजनीति सधैं धोका, विश्वासघात र अपराधबाट चल्ने भएकाले यस्ता अप्रिय काममा राजा संलग्न हुन नहुने उनको तर्क छ । शासकले अप्रिय काम अरूलाई प्रत्यायोजन गर्नुपर्ने सुझाव दिएका छन् ।

■ **हवाई नेसन्स फेल** : डेरोन एस्मोग्लु र जेम्स ए रोबिनसनको यो पुस्तक पनि निकै मनपर्छ । सन् २०१२ मा प्रकाशित यो पुस्तकले विभिन्न दार्शनिकका सिद्धान्त र त्यसको व्यावहारिक प्रयोगबारे विश्लेषण गरेको छ । फ्रान्सेली दार्शनिक मन्टेस्क्युले भनेका थिए, देशको विकास हुनका लागि भौगोलिक अवस्थाले भूमिका खेल्छ । गर्मी देशमा बस्ने मानिस अल्छी हुने र जाडोमा बस्ने मानिस जाँगरिलो हुने तर्क उनले गरेका थिए । 'हवाई नेसन्स फेल'ले यो सिद्धान्त कसरी गलत हुन्छ भन्ने विश्लेषण गरेको छ । जस्तो, नोग्याल्स आधा मेक्सिको र आधा अमेरिकामा पर्छ । अमेरिकापट्टिको प्रगति, उनीहरूको प्रतिव्यक्ति आयदर र शिक्षास्तर राम्रो छ । अर्कोतर्फ, मेक्सिकोको बिजोग छ । एउटै भूगोल, एउटै संस्कृति र एउटै भाषा भएको ठाउँमा पनि फरक छ । भनेपछि मन्टेक्स्युको 'जियोग्राफिकल हाइपोथेसिस' सही भएन । यसले अन्य धेरै दार्शनिकका सिद्धान्तलाई पनि खण्डन गरेको छ । इनोसेन्ट हाइपोथेसिस सही देखिन्छ ।

■ **२१ फर्स्ट लेसन्स फर २१ फर्स्ट सेन्चुरी** : यो पुस्तक म बल्ल आधा पुगेँ । तर, निकै मज्जा भइरहेको छ । युवल नोहा हरारीको यो पुस्तक प्रविधिले विश्वलाई कसरी परिवर्तन गर्दै छ भन्ने विषयमा छ । एआईले कतिखेर रोजगारी कसरी समाप्त गरिदिन्छ । त्यसपछि फेरि कसरी रोजगारीका अवसर सिर्जना हुन्छ भन्नेबारे पुस्तकमा उल्लेख छ । सन् २०५० सालसम्म के हुन्छ, सन् २०८० तिर आइपुग्दा के हुन्छ भन्ने विषयको पूर्वानुमान गरिएको छ ।

■ **ग्रेट स्पिचेस** : अब्राहम लिंकनले प्रजातन्त्र र सुशासनबारे बोलेका कुराहरू निकै सान्दर्भिक छन् । उनका ती भाषण 'ग्रेट स्पिचेस'मा संग्रहित छन् । गणतन्त्रबारे उनले भनेका थिए, 'यो राष्ट्रपतिको कुर्सी न त सिंहको परिवारलाई न त चिलको जातलाई हो ।' यसको व्याख्या मात्रै जरुरी रहयो । सर्वसाधारण पनि कुर्सीमा जान्छन् । यहाँ कसैको जात र वंश जाने होइन । लोकतन्त्रमा कोही पनि अरूभन्दा तल हुँदैन । त्यही नै हो गणतन्त्र भनेका छन् । लोकतन्त्रलाई कसैले मार्ने सक्दैन । यसका सञ्चालकले गलत गरे भने यसले आफैं आत्महत्या गर्छ भनेका छन् । हामी (जनप्रतिनिधि) नै लोकतन्त्रका लेखक र उपसंहारक हुनेछौं भनेका छन् । उनका भाषणका हरेक शब्दमा अलग कुरा छ । जनताद्वारा जनताका लागि भन्ने व्याख्या पनि उनले आफ्नो भाषणमै गरेका हुन् । प्रजातन्त्रको परिभाषा पनि यसै भाषणमार्फत दिने गरिन्छ ।

■ **चाणक्य** : चाणक्यका सबै पुस्तक उत्कृष्ट लाग्छ । प्राचीनकालमा नै उनले राज्यसम्बन्धी लेखेका पुस्तक निकै राम्रा छन् । उनको वास्तविक नाम विष्णु गुप्त हो । तर, चाणक्य नाममा राजनीति र कौटिल्य नाममा अर्थशास्त्रका पुस्तक लेखे । कौटिल्य नीतिमा कस्तो किल्ला बनाउनुपर्छ, कस्ता कर्मचारी हुनुपर्छ, कस्ता गुप्तचर हुनुपर्छ आदि धेरै रोचक कुरा समावेश छन् । भ्रष्टाचारबारे लेखेका छन्- पानीमा भएको माछाले सास फेरेको हो कि पानी खाएको हो कसरी थाहा पाउने ? सरकारी कोष चलाउनेले पनि कतिबेला हीनामिना गर्छ भन्ने थाहा हुँदैन । तर, थाहा भएपछि कडा सजाय हुनुपर्छ भनेर लेखेका छन् । पूर्वीय दर्शनतर्फ विवेकानन्द, खप्टड बाबालगायत भौतिक दर्शनका पुस्तक मलाई निकै मनपर्छ ।



■ **विज्डम अफ लाओत्से** : प्राचीन चिनियाँ दार्शनिक लाओत्सेका विचार 'विज्डम अफ लाओत्से'मा समावेश छन् । राज्य सञ्चालनसँग सम्बन्धित धेरै कुरा यसमा समावेश छन् । कर्मचारीतन्त्रबारे उनले भनेका छन्- एक-एक केस्रा छानेर कपाल कसरी कोरिन्छ ? सीता-सीता छानेर भात कसरी बन्छ ? एकैपटक पकाउनुपर्ला नि ?' कर्मचारी यस्तै हुन्, उनीहरूले हरेक कुराको डिटेल खोज्छन् र ढिलाइ हुन्छ । कन्फ्युसियसको दर्शन पनि जीवनउपयोगी छ ।

■ **त्यस बखतको नेपाल** : सरदार भिरबहादुर पाँडेको त्यस बखतको नेपाल (भाग १ देखि ५) निकै मनपर्छ । ठेट भाषामा सबैले बुझ्ने गरी पुस्तक लेखिएको छ । यसले नेपाली समाज, राज्य प्रणाली सबै विषयमा दर्शाउँछ । विदेशी लेखक सिल्भियन लेभीको 'नेपाल हिन्दू अधिराज्यको इतिहास : भाग १ र भाग २' (नेपालीमा अनूदित) पनि निकै राम्रो छ । ग्रीष्मबहादुर देवकोटाको, नेपालको राजनीतिक दर्पण भाग १, २ र ३ पढेपछि कसले नेपालमा के गरेको रहेछ भन्ने छर्लंग हुन्छ । अरबिन्द रिमालका पुस्तक '१९९७ देखि २०१७ एक अवलोकन' पनि महत्त्वपूर्ण छन् । यी पुस्तकबाट नेपाली राजनीतिको एउटा तस्बिर आउँछ । कसले के गल्ती गरेको रहेछ त्यो पनि थाहा हुन्छ ।

प्रस्तुति : अन्वेषण अधिकारी

जापान छाडेर गाउँमै मासिक चार लाख

इलम

• टोपलाल अर्याल



४२ वर्षीया कमला भलामी बिहान तीन बजे उठ्छिन् । किनकि झिसमिसेमै च्याउ बोकेर बुटवल झर्ने गाडी उनको घरअगाडि लाइन लाग्छ । दैनिक चार-पाँच सय किलो च्याउ बुटवल पुग्छ । गाडी छुट्ने समयभन्दा पहिले नै च्याउ टिप्ने र प्याकिङ गर्ने चटारो हुन्छ । जापानबाट फर्किएपछि कमलाले यस्तै काममा दिन बिताइरहेकी छिन् ।

कमलाको घर रेसुंगा नगरपालिका-८ खानीगाउँ हो । अहिले च्याउमा कहलिएकी हुन् कमला भलामी । कमला सन् २००८ मा जापान पुगिन् । मासिक साढे तीनदेखि चार लाख कमाइ पनि हुन्थ्यो । तर, बचत थिएन । सन् २०११ मा स्वदेश फर्किएर गाउँमै काम गर्न थालिन् । घरमा गाईभैंसी, बाख्रा, बंगुर थपिन् । ०७४ बाट व्यावसायिक कुरिलो खेती पनि सुरु गरिन् । अहिले दुई रोपनीमा कुरिलो छ । बजार खोज्न पर्दैन । वर्षमा डेढ-दुई लाखको कुरिलो बिक्री हुन्छ । अहिले गाईभैंसी र बंगुर हटाएर च्याउ खेती सुरु गरेकी छिन् । दुई वर्षदेखि श्रीमान् रमेश भलामी पनि घरमै छन् । दुवैजना च्याउ खेतीमै व्यस्त छन् ।

कमलाले चार वर्षदेखि व्यावसायिक रूपमा च्याउ खेती गरिरहेकी छिन् । उनी भन्छिन्, 'मासिक ३० लाखको कारोबार हुन्छ । खर्च कटाएर मासिक साढे तीनदेखि चार लाखसम्म बस्छ ।' कमलाले २५-३० जनालाई रोजगारी पनि दिएकी छिन् ।

कमलाले पहिलो वर्ष कृषि ज्ञान केन्द्रबाट एक लाख अनुदान ल्याएर एउटा टर्नेलबाट व्यावसायिक च्याउ खेती सुरु गरेकी थिइन् । पहिलो व्यावसायिक टर्नेलबाट करिब ६० हजार नाफा भएपछि कमलालाई च्याउ खेतीमा उत्साह थपियो । बर्सेनि टर्नेल थप्दै गइन् । अहिले कमलाले ७० वटा टर्नेलमा च्याउ खेती गर्छिन् । बाह्रै महिना च्याउ फलाएर बजार पठाएकी छिन् । दैनिक सात सय किलो च्याउ उत्पादन हुँदै आएको कमला बताउँछिन् । जग्गाको भाडा मात्रै वार्षिक दुई लाख ५० हजार तिर्छिन् ।

सुरुमा थोरै सरकारी अनुदान पाए पनि अहिले कसैले सहयोग नगरेको उनको गुनासो छ । भोट मात्रै माग्न आउने तर उद्यमीहरूलाई सहयोग नगर्ने नेताहरूप्रति कमला असन्तुष्टि व्यक्त गर्छिन् । उनी भन्छिन्, 'चुनावका वेला भोट माग्ने नेताहरूले किसानलाई हेरेनन् ।' गाउँका किसानको व्यवसाय प्रवर्द्धन गर्न बिचौलियाको अन्त्य गर्नुपर्ने कमलाको धारणा छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



निर्देशकको प्रश्न
अभिनेताको उत्तर



चलचित्र निर्देशक प्रदीप भट्टराई

अभिनेता विपिन कार्की

असफलता के हो ?

सुटिङमा निर्देशकको अनुहार फुस्रो देखियो भने राति निद्रै लाग्दैन

कुनै सिनमा अनुहार देखिँदैन, तर अभिनय गर्नुपर्छ। एउटा सिनेमामा बोराभित्र कुटाइ खाँदै एक्टिङ गरेको छु। सुम्लैसुम्ला बस्ने गरी कुटाइ खाइयो। त्यसैले कलाकारले सबै काम जानेको हुनुपर्ने रहेछ। डोको बोक्न, घाँस काट्न पनि जान्नुपर्छ। काम गरेजस्तो मात्रै गरेर मिल्दैन, कलाकारले साँच्चै काम गर्नुपर्छ।

प्रायः कलाकारहरू सुटिङ अवधिसम्म मात्रै आफ्नो पात्रसँग नजिक हुन्छन्। तर, तपाईं पात्रको निकै गहिराइसम्म पुग्नुहुन्छ। त्यो पात्रबाट बाहिर निस्किन कतिको गाह्रो हुन्छ ?

मलाई कुनै सिनेमाको पात्रबाट बाहिर निस्किन केही समय लाग्छ। 'जात्रै जात्रा'को सुटिङ सकिएलगत्तै 'फूलबारी'मा काम गर्नुपऱ्यो। दया दाइ (दयाहाङ राई) र म 'फूलबारी'को सेटमा थियौं। फूलबारीको सेटमा दया दाइसँग बोल्दा 'जात्रा' को क्यारेक्टरजस्तै गरी बोलेछु। हामी दुवै मज्जाले हास्यौं। त्यसपछि थाहा भयो कि एउटा 'क्यारेक्टरबाट बाहिर निस्किन कति गाह्रो हुने रहेछ भनेर। आफूले निभाएको पात्रलाई सुटिङ अवधिभर आफूभित्र जर्बजस्ती घुसाउनुपर्छ। तुरुन्तै अर्को पात्र गर्दा पुरानो क्यारेक्टरबाट बाहिर निस्कन गाह्रो हुँदो रहेछ। कहिलेकाहीं सिनेमामा बोलेको डाइलग श्रीमतीसँग पनि बोलिँदो रहेछ। एउटा कलाकारको रियल लाइफमा रिल लाइफ पनि मिसिँदो रहेछ।

अहिलेसम्म निर्वाह गरेका आफ्ना पात्रहरूको माया कत्तिको लाग्छ ?

आफूले निर्वाह गरेका पात्रहरू आफ्नै सन्तानजस्ता लाग्छन्। जात्राको 'फणीन्द्र कार्की' होस् वा पशुपति प्रसादको 'भस्मेडन' वा छड्केको 'बिन्दु' नै किन नहोस्। हरेक पात्रसँग म आफैं मिसिएको हुन्छु। मैले पहिले नै पात्रलाई माया गरेको हुन्छु। पात्रसँग सामीप्य भएपछि पात्रले मलाई पनि माया गर्दो रहेछ। जसले गर्दा दर्शकले पनि मन पराइदिनुभएको छ। म आफ्ना पात्रसँग इन्जोय गर्छु। जहाँ म रुन्छु, हाँस्छु र बोल्छु, दर्शकहरूले मलाई त्यसरी मन पराइदिनुभएको छ। त्यस्तो प्रतिक्रिया पाउँदा म सही बाटोमा रहेछु भन्ने लाग्छ।

आफ्नो पात्रलाई सम्झेर कहिलेकाहीं रुनुभएको छ ?

वेलावेला आफ्नो पात्रलाई सम्झेर रुन्छु। सिनेमाको पात्रले मात्रै होइन, म्युजिक भिडियोको पात्रले पनि रुवाएको छ। 'घुमीघुमी' म्युजिक भिडियोको पात्राले मलाई अझै रुवाउँछ। हिँड्दा, बोल्दा र सुत्दा पनि पात्रहरू खोजिरहेको हुन्छु। जतिवेला पनि पात्रबारे नै घोत्लिरहन्छु। मलाई सोच्ने बानी परिसक्यो। तपाईं पनि सिनेमाका लागि धेरै सिन सोचिरहनुहुन्छ होला। त्यो सिनबारे घोत्लिनुहुन्छ होला। आफैं विश्लेषण पनि गर्नुहुन्छ होला। म पनि कुनै अनौठो पात्र देख्दा उसलाई हेरिरहन्छु।

आफूले काम गरेको सिनेमाको रिलिज मिति नजिक आउँदा तपाईंलाई कस्तो महसुस हुन्छ ?

सिनेमा रिलिज मिति नजिँदै गर्दा एसएलसीको जाँच दिने वेला आएजस्तै महसुस हुन्छ। फिल्मको प्रोडक्सन सुरु भएपछि जाँच सुरु भयो जस्तो लाग्छ। एउटा विद्यार्थीका लागि परीक्षाले कति अर्थ राख्छ ? कलाकारलाई आफ्नो नयाँ सिनेमा रिलिज हुन लाग्दा त्यस्तै महसुस हुँदो रहेछ।

सिनेमा भनेको दर्शक आए पास नआए फेल हुने त हो। फेल भएको अवस्थाबाट तपाईं कसरी निस्कनुहुन्छ ?

एउटा सिनेमामा कलाकारले निकै मिहिनेत गरेर काम गरेको हुन्छ। त्यसबाट निकै ठूलो आशा पनि गरेको हुन्छ। सिनेमाको सफलता बक्स अफिसमा भएको कलेक्सनबाट नापिन्छ, यो स्वाभाविक पनि लाग्छ। दर्शक हलमा नआउँदा वा नचल्दा मन चस्स हुन्छ। कतिपय सिनेमामा काम गर्दा केही कमजोरी भयो होला। मैले राम्रै काम गरे पनि दर्शकलाई ट्रेन्ड गर्न सकिनँ होला। तर, दर्शक कहिल्यै गलत हुँदैनन्। हाम्रो फिल्म हेर्न दर्शक नआउनु भनेको हाम्रो गल्ती हो। दर्शकमा फिल्म सेन्स भर्दै लैजानुपर्छ।

सिनेमामा स्टारहरूलाई एकदमै ठूलो मानिन्छ। अझ हिरोहरूलाई जीवनमा कुनै समस्या आउँदैन भन्ने बुझाइ छ। हिरोले सबै कुरालाई जितिदिन्छ भन्ने भाष्य पनि छ। तर, स्टार समय एकनाश हुँदैन। तपाईको विचारमा असफलता भनेको हो ?

कलाकारले गरेको कुनै पनि काम खेर जाँदैन जस्तो लाग्छ। आजको असफलता भोलि कुनै ठाउँमा काम लाग्छ। नराम्रो अनुभव पनि भोलि तपाईंको जीवनमा राम्रो बन्न सक्छ। त्यसैले कलाकारितामा लागेका मान्छेलाई असफलताले झन् खार्दै लैजान्छ। एउटा कलाकारलाई फेलियरले झन् खार्दो रहेछ। हामीलाई दुःख र पीडाले केही समयसम्म घाटा लाग्ला। तर, कालान्तरमा फाइदा पुऱ्याइएकै हुन्छ। त्यो असफलतालाई प्रयोग गर्न सक्यौं भने भोलि त्यसैले राम्रो गर्न सक्छ। जति गल्ती गऱ्यो, त्यति नै सिकिँदो रहेछ। कामले परिपूर्ण कहिल्यै नहुँदो रहेछ। हामी जहिल्यै सिकिरहेका हुन्छौं।

फेलियर भएपछि पनि सफलताका खुइकिला बन्दै जान्छन्।

'जात्रा' मा काम गर्नुअघि तपाईंका भस्मेडन र बिन्दु माझीजस्ता उद्दण्ड पात्र हिट भइसकेका थिए। 'जात्रा'को सुस्त र सोझो 'फणीन्द्र' भन्ने पात्रको भूमिका गर्दा डर लागेन ?

निकै डर लागेको थियो। फणीन्द्र पात्र मेरा लागि निकै चुनौती थियो। त्यो पात्र आफैं जोखिम पनि थियो। दर्शकमा मेरो एउटा छाप परिसकेको थियो। बिन्दु र भस्मेजस्ता पात्रमा दर्शकले मलाई विश्वास गर्नुभएको

> निर्देशकले मलाई यसरी गर, ठ्याक्कै यस्तै गर्नुपर्छ वा यस्तै हुनुपर्छ भनेर नभनिदिएहुन्थ्यो जस्तो लाग्छ। निर्देशक आफैंले अभिनय गरेर डाइलग भनेर देखाएपछि त कलाकारबाट राम्रो कुरै आउँदैन नि।

थियो। तर, मलाई फेरि अर्कै छाप पार्नुपर्ने चुनौती थियो। तपाईंले पनि मलाई विश्वास गरेर फणीन्द्र पात्र दिनुभयो। निर्देशकले कलाकारलाई विश्वास गरेर भूमिका दिएपछि चुनौतीलाई स्वीकार गर्नुपर्ने रहेछ।

तपाईंले पैसाका लागि मात्रै फिल्म साइन गर्नुभएको छ ?

छैन। यदि मैले पैसाका लागि मात्रै फिल्म साइन गरेको भए अहिले मसँग हरेक १५ दिनमा एउटा सिनेमा हुन्थ्यो होला। पैसाले मात्रै सबैथोक निर्धारण गर्दैन। पैसाकै लागि फिल्म साइन गर्नु नपरोस् पनि। म जिरोबाट आएको मान्छे हुँ। अहिले यहाँसम्म आइपुग्दा फाइदामै छु। अन्त्यमा सबैजना शून्यमै पुग्ने हो। त्यसैले मलाई एक्टिङ घाटाको बिजनेस लाग्दैन। अहिलेको कामले आवश्यकता पूर्ति भइरहेको छ। हिजो अभाव र आपतमा पनि पैसाका लागि फिल्म साइन गरिनँ। मेरो काम मन पराइदिनुभएको छ। अहिले त झन् दर्शकप्रति जिम्मेवारी बढेको छ। यसमा संवेदनशील भएर काम गर्नौं जस्तो लाग्छ। कसैले अफर गर्दैमा आफ्नो क्षमताभन्दा माथि पुगेर गर्नु पनि नहुँदो रहेछ।

तपाईंलाई निर्देशकले कस्ता कुरामा इन्टरफेयर नगरिदिएहुन्थ्यो जस्तो लाग्छ ?

निर्देशकले मलाई यसरी गर, ठ्याक्कै यस्तै गर्नुपर्छ वा यस्तै हुनुपर्छ भनेर नभनिदिएहुन्थ्यो जस्तो लाग्छ। निर्देशक आफैंले अभिनय गरेर, डाइलग भनेर देखाएपछि त कलाकारबाट राम्रो कुरै आउँदैन नि। सेटमा कतिपय निर्देशकले माया गर्छन्, फुर्क्याउँछन्। बच्चालाई जस्तो व्यवहार पनि गर्छन्। यो एकदमै राम्रो कुरा पनि हो। त्यसले हामीलाई जिम्मेवार हुन सघाउँछ। अझै राम्रो गरौं जस्तो लाग्छ। तर, सुटिङमा निर्देशकको अनुहार फुस्रो देखियो भने राति निद्रा लाग्दैन।

नाटकबाट सिनेमामा आएका कलाकारको अभिनय बढी लाउड भयो भनेको सुनिन्छ। तपाईको अभिनय बढी लाउड भयो भनेर कसैले भनेको छ ?

सिनेमामा हामीले समाज पनि भनिरहेका हुन्छौं। हाम्रो बोलिचालीको भाषा हुनुपर्छ। हाम्रो समाजका क्यारेक्टर जस्तो बोल्छन्, त्यस्तै आउनुपर्छ। हामीले बोल्ने भाषा नै आउनुपर्छ साहित्य र सिनेमामा। यो कुरालाई नाटकले ल्यायो। नाटक नाटक हो र सिनेमा सिनेमा हो भन्ने कुरा धेरैलाई थाहा हुँदैन। फिल्मको टेक्निक फरक छन्। फिल्म एक्टिङ र नाटक एक्टिङमा सेम इमोसन पनि फरक तरिकाले हुँदो रहेछ। नाटकमा प्रस्ट बोल्नुपर्छ। क्यामेरा हुँदैन। दर्शकलाई पनि ध्यान दिनुपर्छ। फिल्ममा सामान्य गरे पनि पुग्छ। पहिले सिनेमामा नाटककै जस्तै गरियो। 'छड्के' फिल्म गर्दा यो कुराको महसुस गरैं। क्यारेक्टर पनि त्यस्तो थियो। मैले नाटककैजस्तो इन्टेनसिटी खोजेको थिएँ। तर, फिल्ममा लेन्सले इन्टेनसिटी माग्छ। यो कुरा थाहा थिएन। कतिपय अवस्था मेरो पनि लाउड हुन्थ्यो। मैले बिस्तारै घटाएँ। नाटकमा जस्तै पछाडिको दर्शकलाई पनि बुझाउनुपर्दैन। फिल्ममा दर्शक आफैं नजिक आउँछन्।

अभिनययात्राको पहिलो सिनेमा र पछिल्लो सिनेमासम्म आइपुग्दा आफूमा के फरक पाउनुहुन्छ ?

जतिवेला अभिनयको भोक थियो, त्यतिवेला नाटकमा सानो रोल पाउँदा पनि मेरो इच्छा पूरा भयो जस्तो लाग्थ्यो। जिन्दगीको मक्सद पूरा भयो भन्ने लाग्थ्यो। अर्को नाटकमा फेरि दर्शकले नोटिस गर्ने खालको रोल पाएहुन्थ्यो जस्तो लाग्थ्यो। नाटकमा खेल्नुअघि नै टार्गेट बनाउँथें। नाटकमा मुख्य कास्टिङ हुन पाएहुन्थ्यो जस्तो लाग्थ्यो। फिल्म पनि खेल्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो। फिल्ममा पनि मुख्य भूमिकामै काम पाएँ। जीवनमा बिस्तारै सपनाका दायरा फराकिला हुँदै गए। एकचोटि ठूलो सपना देख्दा कहिल्यै पूरा नहुने रहेछ। साना-साना सपना बढाउँदै जानुपर्ने रहेछ। त्यो वेला गुरुकुलमा भर्ना हुँदा खुसी थिएँ, त्यति नै अहिले सिनेमा 'महाजात्रा'सम्म आइपुग्दा खुसी छु। अहिले पनि अभिनयको बाटोमै छु जस्तो लाग्छ।

एउटा कलाकारले अभिनय गर्न मानसिक र शारीरिक रूपमा कत्तिको तयारी गर्नुपर्छ ?

अभिनयका लागि शारीरिक रूपमा एकदमै फिट हुनुपर्छ। मानसिक रूपमा पनि उत्तिकै तयारी गर्नुपर्छ। बाहिरबाट देख्दा अभिनय गर्ने त हो नि भन्ने सोच्छन्। तर, अभिनयमा फिल आउनुपर्छ। बाहिरबाट देखेजस्तो सजिलो हुँदैन। भारी बोक्न मात्रै होइन, कुटाइ खान पनि तयार हुनुपर्छ। मैले 'महाजात्रा'को एउटा सिनमा अनुहार नदेखे पनि अभिनय गरेको छु। कुनै सिनमा अनुहार देखिँदैन, तर अभिनय गर्नुपर्छ। एउटा सिनेमामा बोराभित्र कुटाइ खाँदै एक्टिङ गरेको छु। सुम्लैसुम्ला बस्ने गरी कुटाइ खाइयो। त्यसैले कलाकारले सबै काम जानेको हुनुपर्ने रहेछ। डोको बोक्न, घाँस काट्न पनि जान्नुपर्छ। काम गरेजस्तो मात्रै गरेर मिल्दैन, कलाकारले साँच्चै काम गर्नुपर्छ।

'महाजात्रा'बाट कस्तो अपेक्षा गर्नुभएको छ ?

'महाजात्रा'ले मेरो करिअर निर्धारण गर्छ भन्ने लाग्छ। चैत ९ गते मेरो फिल्मी करिअरका लागि निकै महत्त्वपूर्ण दिन हुनेछ। मलाई विश्वास छ, यो सिनेमाले नयाँ मापदण्ड निर्माण गर्नेछ।

छोरीको बुबा हुनुअघि र पछि आफूमा के फरक पाउनुभयो ?

मेरो बुबा पनि एक्टर हो भन्ने छोरीको दिमागमा पस्न थालेको छ। सिनेमा बुझ्ने भइसकेकी छैनन्। म नचिन्ने गेटअपमा छु भने पनि चिन्छिन्। बुबा भएपछि फरक महसुस हुँदो रहेछ। जसरी परेवाले गुँडमा सिन्का लिएर जान्छ, त्यो उसको जिम्मेवारी रहेछ। त्यो सिन्का पोथीलाई लगेर दिँदो रहेछ। त्यस्तै आफूमा पनि जिम्मेवरी थपिँदो रहेछ।

तपाईंकी श्रीमतीलाई तपाईंको कुन सिनेमा मन पर्छ ? उहाँलाई तपाईंको मन नपरेको कुनै सिनेमा छ ?

मैले अभिनय गरेको सिनेमामध्ये श्रीमतीलाई 'जात्रा' मन पर्छ। हरेक गृहिणीलाई 'जात्रा' मनपर्ने सिनेमा पनि हो। प्रेमिल श्रीमान् सबैको कल्पना हुन्छ। अहिले मेरी श्रीमतीले स्क्रिप्ट पनि पढ्छिन्। स्क्रिप्ट पढेर मलाई पनि सल्लाह दिने भइसकिन्। कुनै फिल्मको स्क्रिप्ट मैले भन्दा उनले पढेर सल्लाह पनि दिन्छिन्।

कुनै सिनेमा हेरेर यस्तो चरित्रचाहिँ नगरेको भएहुन्थ्यो भनेकी पनि छिन्। एउटा सिनेमा हेरेर हलबाट घरसम्म पुग्दा मसँग बोल्दै बोलिनन्। 'क्यारेक्टर नै भएन, यस्तो फिल्म पनि खेल्नु हुन्छ ?' भनेर गाली गरिन्। एक शब्द बोलिनँ। अबचाहिँ १० पटक सोचेर काम गर्छु भनेर सम्झाएँ।

प्रस्तुति : पवन बराइली
तस्बिर : संजित परियार

मासिन्या पीडा पुस्तान्तरणको दर्दनाक कथा

जल, जमिन र जंगलबाट टाढा हुन बाध्य गराएपछि गाउँ छाडेर हिँड्नुपर्दाको मर्मलाई 'मासिन्या'ले मार्मिक ढंगले उतारेको छ



तस्बिर सौजन्य : सुशील तामाङ

२०२० सालमा जारी मुलुकी ऐनमा नै छुवाछुत उन्मूलनबारे स्पष्ट उल्लेख गरिए पनि चोर बाटो समातेर नयाँ जंगबहादुर कसरी गाउँ छिर्छन् र मासिन्या बनाइएका समुदायलाई मास्छन् भन्ने कथा नै नाटकको मुख्य विषय हो

रंगमञ्च

● अन्वेषण अधिकारी

यो देश बिगाऱ्यो कसले ? बनाउँछ कसले ? बन्छ कसरी ? समाजमा धेरै सुनिने बहसका विषय हुन् यी। यस्ता विषयमा आ-आफ्नै पक्षधरता हुने नै भए। सामाजिक सञ्जालको दुनियाँमा यसबारे झनै चर्को वादविवाद भइरहन्छ। तर, कुनै जवाफ भेटिन्न। यस्ता निकर्षहीन बहसलाई एकछिन बिर्सनुहोस् र मोबाइलको स्विच अफ वा साइलेन्ट मोडमा राख्नुहोस् अनि मण्डला नाटकघरमा प्रदर्शन भइरहेको 'मासिन्या' हेर्नुस्।

यति ठोकुवाका साथ भन्न सकिन्छ कि नाटक घरमा बितेको डेढ घन्टाको अवधि तपाईंले सधैं सम्झिरहनु हुनेछ र तपाईंभित्र 'मासिन्या'ले जबर्जस्त स्पेस बनाउनेछ।

'मासिन्या'मा वर्तमान छ, आजभन्दा २० वर्षअघि (द्वन्द्वकाल) र विभिन्न संवादमार्फत इतिहास कोट्याइएको छ। जंगबहादुरद्वारा जारी विसं. १९१० को मुलुकी ऐनले समाजमा चलाइएको जातीय विभेदलाई कानुनी रूप दियो। त्यो कानुन तत्कालीन सामाजिक संरचनालाई संस्थागत गरेर शक्तिशालीहरूलाई खुसी पार्ने अनि शासनसत्तामा पकड जमाउने लक्ष्यले बनाइएको बुझ्न गाह्रो छैन।

तागाधारी वर्गलाई माथिल्लो मानियो। राज्यले उनीहरूकै भाषा र संस्कृतिलाई अबलम्बन गरेकाले भाषिक र सांस्कृतिक कठिनाइ हुने कुनै थिएन। राज्यका निकायहरूमा अवसर उनीहरूलाई नै थियो। भलै, सबै भूगोल र वर्गका तागाधारी शक्तिशाली वा धनी थिए भन्ने होइन। नमासिन्या र मासिन्या मतवालीमा जनजातिलाई वर्गीकरण गरियो। दलितलाई छोइछिटो चल्ने र छोइछिटो नचल्ने भनेर विभाजित गरियो। उनीहरू जंगबहादुर अधि र पछि पनि पिल्सिइरहेका छन्। त्यसैले उनीहरूको दृष्टिमा जंगबहादुर मात्रै दमनकारी हुनुपर्ने कारण छैन।

युरोपेली तथा अमेरिकी देशमा क्रान्ति सम्पन्न भएर अलग जागरण आइसकेको, छिमेकी भारतमै स्वतन्त्रताको चेत विकास भएर सिपाही विद्रोह चलेको (उक्त विद्रोह दबाउन पनि जंगबहादुरकै नेतृत्वमा नेपालबाट सेना गएको थियो। विद्रोहीहरू हार्दा स्वतन्त्रताका लागि अर्कै एक सय वर्ष कुनुपऱ्यो।) त्यस समय फ्रान्सेली क्रान्तिको नारा 'स्वतन्त्रता, समानता र भातृत्व' विश्वभर फैलँदै थियो। यता, नेपालमा जंगबहादुरका भाइ-भतिजासमेत गरेर थप एक शताब्दी राणाशासन चल्नेवाला थियो। त्यस अवधि यसरी नै शासन चल्यो।

नमासिन्या जनजातिहरूले सेनामा भर्ती हुन तथा सरकारी कामकाजमा जागिर पाउँथ्ये। मासिन्या समुदाय त्यस्तो अवसरबाट वञ्चित थिए। चन्द्रशमशेरले दासप्रथा अन्त्य भएको घोषणा गर्नुअघिसम्म उनीहरूलाई दास राख्नसमेत छुट थियो। ज्यालाविना नै काममा लगाउन पाइन्थ्यो। धेरै तामाङ युवतीहरूलाई यस अवधिमा नतर्की, सुसारे, दासी बनाएर काठमाडौं ल्याइयो। युवाहरूलाई दास बनाएर ज्याला नदिई दरबारहरू बनाउन लगाइयो। ज्याला माग्नेहरूलाई मासियो।

तर, राणा शासन धेरै टिकेन। सचेत युवाहरूको नेतृत्वमा नेपालमा क्रान्ति भएर २००७ सालमा प्रजातन्त्र आयो, त्यसपछि गुमेको प्रजातन्त्र ०४६ सालमा फर्कियो, ०६३ सालमा अर्को जनआन्दोलन भएर मुलुक गणतन्त्रमा आयो। २०२० सालमा जारी मुलुकी ऐनमा नै छुवाछुत उन्मुलनबारे स्पष्ट उल्लेख गरिए पनि चोर बाटो समातेर नयाँ जंगबहादुर कसरी गाउँ छिर्छन् र मासिन्या बनाइएका समुदायलाई मास्छन् भन्ने कथा नै नाटकको मुख्य विषय हो।

निकुञ्ज स्थापना भयो, नयाँ जंगबहादुर गाउँ छिरे। संरक्षित क्षेत्रको घाँस काटेको भन्दै गाउँलेको कठालो समाते। विकासका नाममा डोजर चल्यो, गाउँमा भएका छ्योर्तेन, गुम्बामै गएर ठोक्कियो। सुनुवाइको मौका नै नदिई गोबधको झुठो मुद्दामा राज्यले कसुरदार ठहर गऱ्यो। यसरी जल, जमिन र जंगलबाट टाढा हुन बाध्य गराएपछि गाउँ छाडेर हिँड्नुपर्दाको मर्मलाई 'मासिन्या'ले मार्मिक ढंगले उतारेको छ।

बाबु-आमाको सम्झनामा छ्योर्तेन बनाउन जीवनका ऊर्जावान् समय खर्चिरहेको च्याङ्बाको सिर्जनशील हातमा राज्यले खुकुरी थमाइदिएको छ। निर्धक्क र निर्दोष साङ्मोलाई प्रेतात्मा बनेर आफ्नै भदैको शरीरमा प्रवेश गर्न बाध्य राज्यले पारेको छ। 'मासिन्या' पीडा पुस्तान्तरणको दर्दनाक कथा हो। यो नाटकले भावुक मात्रै बनाउँदैन, इतिहास कोट्याउन र वर्तमानमा सहअस्वित्वको सिद्धान्त अवलम्बन गर्न पनि प्रेरित गर्छ। यसले राज्यसँग अधिकार माग्नका लागि उत्पीडित समुदायलाई झकझक्याउँछ।

लेखकहरू राजु स्याङ्तान, लक्ष्मी रुम्बा र रावत, कलाकार तथा निर्देशक बुद्धि तामाङ र सोनाम लामाको प्रयास सराहनीय छ। यसमा बहुसंख्यक तामाङ कलाकारकै अभिनय छ। प्राविधिक कमीकमजोरी हरेकमा हुन्छन्। त्यसतर्फ जान्न। किनकि 'मासिन्या' नाटक मात्रै नभई तामाङ समुदायले आफ्नो पुर्स्तौंदेखिको पीडा अभिव्यक्त गर्न र सम्मानित ठाउँ खोज्न थालेको एउटा अभियान हो। यसलाई बेवास्ता गर्न कसैले मिल्दैन।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ५ फागुन ०८०

ब्याजदर बढ्दा बिमा कम्पनीलाई फाइदा

३०.५१ प्रतिशतले बढ्यो जीवन र निर्जीवन बिमा कम्पनीको नाफा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को ६ महिनामा १४ जीवन र १४ निर्जीवन बिमा कम्पनीको नाफा ३०.५१ प्रतिशतले बढेको छ। बिमा कम्पनीहरूले सार्वजनिक गरेको चालू आवको दोस्रो त्रैमासिक वित्तीय प्रतिवेदनले यस्तो देखाएको हो।

गत आवको ६ महिनामा यस्ता बिमा कम्पनीहरूले चार अर्ब ६६ करोड ८१ लाख रुपैयाँ खुद नाफा कमाएका थिए। चालू आवको ६ महिनामा त्योभन्दा एक अर्ब ४२ करोड ४६ लाख बढी अर्थात् ६ अर्ब नौ करोड २७ लाख रुपैयाँ नाफा कमाएका छन्।

समीक्षा अवधिमा निर्जीवन बिमा कम्पनीहरूको खुद नाफा ४२.६५ प्रतिशतले बढेको छ। गत आवको ६ महिनामा उनीहरूको खुद नाफा दुई अर्ब १० करोड ९० लाख रुपैयाँ थियो, यसपालि त्यो नाफा तीन अर्ब ८५ लाख रुपैयाँ पुगेको छ। समीक्षा अवधिमा जीवन बिमा कम्पनीको खुद नाफा भने २०.५१ प्रतिशतले बढेको छ। गत आवको ६ महिनामा उनीहरूले दुई अर्ब ५५ करोड ९० लाख रुपैयाँ खुद नाफा कमाएका थिए। चालू आवको ६ महिनामा तीन अर्ब आठ करोड ४१ लाख नाफा कमाएका छन्।

बिमा कम्पनीहरूको यो नाफा बिमांकीय मूल्यांकनभन्दा अघिको हो। बिमांकीय मूल्यांकन गर्दा कम्पनीको बिमा कोषको १० प्रतिशतसम्म रकम नाफा-नोक्सान खातामा सार्न सकिन्छ। त्यसले गर्दा बिमा कम्पनीहरूको नाफा थप बढ्नेछ।

समीक्षा अवधिमा निर्जीवन व्यवसाय (बिमाशुल्क) ३.१९ प्रतिशतले घटेको छ। गत आवको ६ महिनामा २० अर्ब आठ करोड रहेको निर्जीवन बिमाशुल्क अहिले १९ अर्ब ४४ करोडमा झरेको छ। यसैगरी, जीवन बिमातर्फ पनि पहिलो व्यवसाय २.५५ प्रतिशतले घटेको छ। गत आवको ६ महिनामा १४ अर्ब १७ करोड रहेको प्रथम जीवन बिमा शुल्क अहिले १३ अर्ब ८१ करोड ६७ लाखमा सीमित भएको छ। कुल जीवन बिमा व्यवसाय भने ३.५८ प्रतिशतले मात्रै बढेको छ। गत आवको ६ महिनामा ७१ अर्ब ६५ करोड रहेको जीवन बिमाशुल्क अहिले ७४ अर्ब २२ करोडमा पुगेको छ। पहिला-पहिला दोहोरो अंकमा बढ्दै गएको बिमा व्यवसायमा गत आवदेखि भने संकुचन आएको छ। तर, सोही व्यवसाय गर्ने कम्पनीको नाफामा भने उच्च वृद्धि देखिएको हो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

समीक्षा अवधिमा जीवन बिमातर्फ नेपाल लाइफले सबैभन्दा धेरै नाफा कमाएको छ, उक्त कम्पनीले ४२ करोड ७७ लाख नाफा कमाएको छ। दोस्रो नम्बरमा भने हिमालयन लाइफ रहेको छ, उक्त कम्पनीले ३४ करोड ६० लाख नाफा कमाएको छ। तेस्रो स्थानमा रहेको सन नेपाल लाइफले ३२ करोड ८४ लाख रुपैयाँ खुद नाफा कमाएको छ।

निर्जीवनतर्फ सबैभन्दा बढी नाफा कमाउनेमा नेपाल इन्स्योरेन्स देखिएको छ, उक्त कम्पनीले ४९ करोड ७७ लाख रुपैयाँ नाफा कमाएको छ। दोस्रो स्थानमा भने राष्ट्रिय बिमा कम्पनी छ, उक्त कम्पनीले ४२ करोड ७२ लाख नाफा कमाएको छ। तेस्रो स्थानमा रहेको सिद्धार्थ प्रिमियरले ३६ करोड नौ लाख नाफा कमाएको छ।

■ घाटामा नेसनल इन्स्योरेन्स

बिमा क्षेत्रको औसत नाफा बढ्दा नेसनल इन्स्योरेन्स भने घाटामा देखिएको छ। समीक्षा अवधिमा यो कम्पनी एक करोड सात लाख ५५ हजार रुपैयाँले घाटामा छ। गत आवको यसै अवधिमा यो कम्पनी १६ करोड ९१ लाख २१ हजार रुपैयाँले नाफामा थियो। यो विदेशी कम्पनी हो।

■ कसरी बढ्यो नाफा ?

विशेष गरी बैंकहरूले निक्षेपको ब्याजदर बढाउँदा बिमा कम्पनीहरूको नाफा बढेको हो। गत आवमा देखिएको तरलता अभावको अवस्थालाई दृष्टिगत गर्दै बैंकहरूले बढाएको ब्याजदर अझै पनि उच्च नै छ। त्यसकारण बिमा कम्पनीहरूमा ब्याजमार्फत हुने आम्दानी पनि उच्च छ। त्यसैले नाफा बढ्नमा सहयोग पुगेको निर्जीवन बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले बताए। बिमा कम्पनीको आम्दानीको मुख्य स्रोत लगानीबाट आउने प्रतिफल हो। बिमा कम्पनीहरूले आफ्नो लगानीयोग्य पुँजीमध्ये ७० प्रतिशतभन्दा बढी पैसा बैंकको मुद्दती निक्षेपमा राख्छन्। त्यो अवस्थामा मुद्दती निक्षेपबापत आउने ब्याज आम्दानी नै बिमा कम्पनीको मुख्य आम्दानीको स्रोत हो। तसर्थ, ब्याजदरमा हुने परिवर्तनले बिमा कम्पनीको नाफा प्रभावित बनाउँछ। यस्तै, मर्जरका कारण कम्पनीहरूको शाखा संख्या, कर्मचारी संख्या घट्दा खर्चसमेत घटेकोले नाफा बढेको हुन सक्ने नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए।

■ ६ महिनामा जीवन बिमा कम्पनीको नाफा (रु. हजारमा)

नेपाल लाइफ	४२७,७३७
हिमालयन लाइफ	३४६,०६२
सन नेपाल लाइफ	३२८,४०५
नेसनल लाइफ	२५५,१५४
सूर्यज्योति लाइफ	२३६,६३०
आइएमई लाइफ	२३४,७२५
रिलायबल नेपाल लाइफ	२३०,९७९
सानिमा रिलायन्स लाइफ	२१९,७३०
मेट लाइफ	१९३,८५०
प्रभु महालक्ष्मी	१७६,४२३
एसियन लाइफ	१५९,८९२
एलआइसी नेपाल	१३६,६२५
सिटिजन्स लाइफ	१२३,६५७
राष्ट्रिय जीवन बिमा	१४,२८८

■ ६ महिनामा निर्जीवन बिमा कम्पनीको नाफा (रु. हजारमा)

नेपाल बिमा	४९७,७९७
राष्ट्रिय बिमा	४२७,२५८
सिद्धार्थ प्रिमियर	३६०,९७६
दी ओरियन्टल	२५८,३१७
शिखर	२५१,११२
नेको	२२१,२६७
सगरमाथा लुम्बिनी	२००,८४३
हिमालयन एभरेस्ट	१८४,३४९
आइजिआई प्रुडेन्सियल	१८३,७९८
युनाइटेड अजोड	१३१,८८७
प्रभु	१०८,६१२
सानिमा जिआइसी	१०५,५९१
एनएलजी	८७,५४४
नेसनल	-१०,७५५

जलविद्युत्को बिमालाई ननट्यारिफमा लैजान अर्थमन्त्रीको निर्देशन



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले जलविद्युत् आयोजनाको बिमा पोलिसीलाई ननट्यारिफमा लैजान निर्देशन दिएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले आयोजना गरेको 'जलविद्युत् बिमा नीति र दृष्टिकोण' विषयक कार्यशालामा बोल्दै उनले खुला बजार नीतिअनुरूप जलविद्युत् आयोजनाको बिमा हुनुपर्ने बताएका हुन्।

'ट्यारिफ र ननट्यारिफ भन्ने यो गलत अभ्यास भयो, बजारलाई स्वतन्त्र छाडिदिनुस्' अर्थमन्त्री महतले भने, 'मार्केट रेटमा जानुस्, रियल रिस्क के हो ? त्यसका आधारमा जानुस्। थोरै रिस्क हुनेले पनि धेरै तिर्ने कुरा जायज भएन।' उनले बाढीले क्षति पुगेका आयोजनाले नौ-नौ महिनासम्म पनि दाबी भुक्तानी नपाउनु दुःखद भए पनि 'लिन मात्रै पाए हुन्थ्यो, दिन कहिल्यै नपरे हुन्थ्यो' भन्ने बिमा कम्पनीहरूको सोच पनि गलत रहेको बताए। बाढी प्रभावित आयोजनाले भन्सार छुट नपाएको विषयमा केही डकुमेन्ट नपुगेको भन्दै अर्थमन्त्री महतले भने, 'कसको के-के सामानमा क्षति भएको हो ? अब के-कति सामान चाहिएको हो ? यसको मास्टर लिस्ट आएपछि क्याबिनेटबाट निर्णय गर्नुपर्छ।'

इप्पानका अध्यक्ष गणेश कार्कीले नेपाली बिमा कम्पनीले जलविद्युत् आयोजनालाई समयमै दाबी भुक्तानी दिन नसकेको गुनासो पोखे। अर्थमन्त्रीबाटै जलविद्युत् आयोजनाको दाबी भुक्तानी एक महिनाभित्रै सेटल गर्न निर्देशन दिए पनि बिमा कम्पनीले सात अर्ब रुपैयाँ दाबी भुक्तानी नदिएको उनको भनाइ थियो। आयोजनाले बिमा कम्पनीलाई प्रिमियम तिरिरहने, तर आयोजनामा क्षति हुँदा दाबी भुक्तानी नपाउने हो भने आयोजनाले मात्रै किन पैसा तिरिरहने भन्ने प्रश्न उठिरहेको पनि कार्कीले बताए। पहिले-पहिले बिमा पोलिसीमा ट्यारिफ रेट नहुँदा सहजै हुने जलविद्युत्को बिमा अहिले प्राधिकरणले जबर्जस्ती ट्यारिफ रेट लगाएपछि धेरै आयोजनाले बिमा नै नगरेको उनको गुनासो थियो।

हार्दिक समवेदना



जन्म
वि.सं. २००७/३/१२

स्वर्गारोहण
वि.सं. २०८०/१०/२३

स्व. खेमप्रसाद मैनाली

हाम्रा सहकर्मी दिवाकर मैनालीका पूजनीय पिता **खेमप्रसाद मैनाली**को स्वर्गारोहण भएको १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नयाँ पत्रिका
परिवार

भरतपुर विमानस्थलको विस्तार सुरु

चितवन/ चितवनको भरतपुर विमानस्थल विस्तार प्रक्रिया अघि बढेको छ। शुक्रबार भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहालको अध्यक्षतामा बसेको बैठकले विमानस्थल विस्तारको प्रक्रिया तत्काल अघि बढाउने सहमति गरेको हो। नगरप्रमुख दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, नेपाल नागरिक प्राधिकरण (क्यान)का महानिर्देशक प्रदीप अधिकारीसहित बसेको बैठकले विमानस्थल विस्तारको काम र घोडाको प्रजनन केन्द्र शक्तिखोरमा स्थानान्तरण गर्ने कार्य एकसाथ अगाडि बढाउने निर्णय गरेको छ।

विमानस्थल विस्तारका लागि सर्भे गरी डिजाइन गर्ने र डिजाइनअनुरूप ओएलएस (अप्सट्रेकल लिमिटेसन सर्भे) गरिने महानगरका वरिष्ठ इन्जिनियर सन्तोष आचार्यले जानकारी दिए। सर्भेको काम सोमबारबाट सुरु गरेर एक हप्ताभित्रै सम्पन्न गरिने उनको भनाइ छ। सर्भे रिपोर्ट आएपछि डिजाइनअनुसार बजेट सुनिश्चित गरेर विस्तारको काम अघि बढ्नेछ। यस्तै, समग्र विमानस्थल विस्तार सहजीकरणका लागि क्यान, सेना र महानगरको प्रतिनिधि सम्मिलित सहजीकरण समिति गठन गर्ने सहमति पनि भएको छ। १८ माघमा बसेको मन्त्रिपरिषद् बैठकले सैनिक संरचना हटाएर भरतपुर विमानस्थल विस्तार गर्ने निर्णय गरेको थियो। संरचना सार्दा हुने खर्च क्यानले व्यहोर्नेछ।

विमानस्थलसँगै सेनाको घोडा प्रजनन केन्द्रलगायत संरचना छन्। विमानस्थल विस्तारका लागि थप १९ बिघा जमिन आवश्यक पर्छ। अहिले १२ सय मिटरको धावनमार्ग रहेको विमानस्थलमा उत्तर-पश्चिमतर्फ चार सय १२ मिटर विस्तार गर्ने योजना क्यानको छ। यसअनुसार विमानस्थलको धावनमार्ग कम्तीमा १५ सय मिटरको बनाउनुपर्नेछ।

भैरहवामा पहिलोपटक राष्ट्रिय महिला उद्यमी सम्मेलन

काठमाडौं/ देशभरिका महिला उद्यमी सम्मिलित दुईदिने 'राष्ट्रिय महिला उद्यमी सम्मेलन-२०८०' भैरहवामा सुरु भएको छ। 'महिलाको लगानी, घर-घरमा उद्यमी' भन्ने नारासहित नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समितिको अगुवाइमा महासंघकै लुम्बिनी प्रदेश र सिद्धार्थ उद्योग वाणिज्य संघको समन्वयमा पहिलोपटक यस किसिमको सम्मेलन आयोजना भएको हो।

सम्मेलनमा उद्यम व्यवसाय सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्थासँगै प्रक्रियागत सहजता, तालिम, पुँजी, प्रविधि, दक्ष जनशक्ति र बजारीकरणसम्मका विद्यमान चुनौतीबारे सम्मेलनमा उपस्थित महिला उद्यमीले ध्यानाकर्षण गराएका छन्। साथै, थोरै पुँजी लगानीबाटै स्थानीय स्रोत-साधनको परिचालन गरी व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिला उद्यमी एवं लघु, घरेलु तथा साना उद्योगबाट ठूलो आर्थिक उन्नतिको सम्भावना रहेको पनि उनीहरूले औंल्याएका छन्।

सम्मेलनमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले महिला उद्यमलाई लागत, खर्च र आयसँग जोड्ने वेला भएको धारणा राखे। प्रदेशका गृहमन्त्री सन्तोष पाण्डेयले महिला उद्यमीलाई सहयोग गर्नु प्रदेश सरकारले आफ्नो दायित्व ठानेको र त्यसलाई पूरा गर्न गम्भीर रहेको बताए। महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले साना उद्योगीको प्रवर्द्धन, महिला उद्यमीको सशक्तीकरण र आर्थिक समृद्धिको प्रवर्द्धनसँगै दिगो व्यवसायका लागि सरकारले वातावरण तयार गर्नुपर्ने धारणा राखे। महासंघका उपाध्यक्ष हेमराज ढकालले महिला उद्यशीलता विकासका लागि सरकार र निजी क्षेत्र मिलेर काम गर्नुपर्ने बताए।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/११/०५

यस अस्पतालबाट मिति २०८०/०९/१५ गते प्रकाशित सरसफाई सम्बन्धी जनशक्तिको कार्य आपूर्तीको लागि बोलपत्र आह्वान गरिएको सम्बन्धी सूचना (IFB No.: STIDH/NCB/2-2080/81)अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील :

सि. नं.	बोलपत्र नं.	विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क
1	STIDH/NCB/02-080/81	Supply of Workers	Shrestha Sarsafai Sewa / Sagarmatha Multi Service Pvt. Ltd., Kathmandu	रु १,१५,०१,९८३.६४ /- (भ्याट सहित)

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०/११/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सुलिचौर, रोल्पाबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्योता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुने चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोपाईटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नामः श्री सकिरा फेन्सी स्टोर्स दर्ता गर्ने कार्यालयः घरेलु तथा साना विकास समिति, मुख्य शाखा कार्यालय, प्युठान प्रा.फ.र.नं.: २५०४/०७५/७६ दर्ता मिति : २०७५/०७/०५ पान नं: ३०५४७८२५२ ठेगानाः नौबहिनी गा.पा.-०६, प्युठान **प्रोपाईटर/जमानीकर्ताको नामः अतिउल्ला मियाँ** बुबाको नामः बसिर मिया बाजेको नामः रहिमान मिया ठेगानाः वांगेसाल-०४, प्युठान नागरिकता नं.: ४०७१२/४३४/०४४ जारी मिति :२०६०/०२/२६ जारी गर्ने कार्यालयः जि.प्र.का., प्युठान **कर्जा शीर्षकः व्यापार आवधिक कर्जा** **ऋण लिएको शाखा कार्यालय : सुलिचौर, रोल्पा**	**क) नामः सकिरा वेगम** बुबाको नामः जुना मिया पतिको नामः अतिउल्ला मिया ससुराको नामः बसिर मिया ठेगानाः वांगेसाल-०४, प्युठान हालको ठेगानाः नौबहिनी-६, प्युठान ना.प्र.नं.:५३३०३४/१००, जारी मितिः २०७०/०२/२५ जारी गर्ने कार्यालयः जि.प्र.का., प्युठान **ख) नामः मजुरन मिया** बुबाको नामः मेहरमान मिया पतिको नामः बसिर मिया ससुराको नामः रहिमान मिया ठेगानाः बांङ्गेसाल-०४, प्युठान हालको ठेगानाः नौबहिनी- ६, प्युठान ना.प्र.नं.: ८/६९९/०४६, जारी मिति :२०४६/०२/१३ जारी गर्ने कार्यालयः जि.का., प्युठान **ग) नामः वसिर मिया** बुबाको नामः रहिमान मिया बाजेको नामः बहादुरे मिया ठेगानाः वांगेसाल-०७, प्युठान हालको ठेगानाः नौबहिनी-६, प्युठान ना.प्र.नं.: ४०९, जारी मितिः २०४१/०३/०४ जारी गर्ने कार्यालयः जि.प्र.का., प्युठान
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय कपिलवस्तुमा श्री बसिर मियाको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा कायम रहेको कपिलवस्तु जिल्ला विरपुर-८क स्थित कित्ता नं.२३६४ को क्षेत्रफल ९३.१२ व.मी. भएको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

पालुङ बचत तथा ऋण सहकारी संस्था लि.का ऋणीहरूलाई ऋण चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०५

यस पालुङ बचत तथा ऋण सहकारी संस्था लि.का संचालक र कर्मचारीहरु उपर संस्थाका शेयर सदस्यहरुले दिएको जाहेरी बमोजिम अनुसन्धान भई चलेको ठगी मुद्दा हाल सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको छ। मिति २०८० पुष २६ गतेका दिन सर्वोच्च अदालतबाट मिलापत्रको लागि आदेश भएकोले सो आदेश समेतलाई मध्यनजर गरी मिलापत्र प्रयोजनमा लागि र यस संस्थाले प्रवाह गरेको ऋणहरु समेत सो मुद्दाका जाहेरवाला लगाएत शेयर सदस्यहरुबाट संकलित निक्षेप भएको हुँदा जाहेरवालाहरु र अन्य शेयर सदस्यहरुको निक्षेप रकम फिर्ता गर्ने प्रयोजनका लागि संस्थाले प्रवाह गरेको ऋण चुक्ता गर्न प्रयोजनका लागि यो सूचना प्रकाशन मितिले ३५ दिन भित्र यस संस्थाको तपशिलमा उल्लेखित ठेगाना र सम्पर्क व्यक्तिहरुलाई सम्पर्क गरी लिएको ऋण र सो मा लाग्ने ब्याज समेत जोडी चुक्ता गर्न आउनुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्यथा कर्जा असुल गर्न प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध गर्दछौं।

सम्पर्क कार्यालय : थाहानगरपालिका वडा नं. २ फाँट बजार

संयोजक तदर्थ समिति :	सदस्य	सदस्य	सदस्य
सुरेन्द्र बस्नेत	मनोहर बस्नेत	मिन ब. बस्नेत	राजेश बस्नेत
९८६२०९७६७०	९८४५८००४१८	९८५१३३५५०९	९८४५०७३३४२

PROTECTIVE MICRO INSURANCE LIMITED
प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड
Protective Micro Insurance Limited
Dhangadhi 03, Kailali, Sudurpashim Nepal.
फोन नं. ०९१-५९०७०७, ०१-५९१६७९०,
इमेल: info@protectivemicro.com, वेवसाईट : www.protectivemicro.com

प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०५

आदरणिय शेयरधनी महानुभावहरु,

यस प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडको मिति २०८०/११/०४ गते बेलुका ६:०० बजे बसेको सञ्चालक समितिको बैठक नं. २५ को निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारणसभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभवहरुको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

वार्षिक साधारणसभा बस्ने मिति, समय र स्थानः

मिति : २०८०/११/२७ गते आईतबार (तदनुसार १० मार्च, २०२४)
स्थान : प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड, मुख्य कार्यालय गोदावरी रोड, धनगढी, कैलाली।
समय : अपरान्ह १:०० बजे

प्रथम वार्षिक साधारणसभामा पेश गरिने प्रस्तावहरु:

(क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूची लगायत सोहि अवधिका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।
३. आर्थिक वर्ष २०७९/८० को कारोवारको लेखापरीक्षण गर्नका लागि सञ्चालक समितिबाट नियुक्त लेखापरीक्षकको नियुक्ति र निजलाई उपलब्ध गराएको पारिश्रमिक अनुमोदन गर्ने।
४. आर्थिक वर्ष २०८०/८१ को कारोवारको लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षक नियुक्ती गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने।
५. कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२)(क) मा व्यवस्था भए वमोजिम समुह "क" का संस्थापक शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सदस्यहरुको निर्वाचन गर्ने।
६. कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२)(ग) मा व्यवस्था भए वमोजिम १ (एक) जना स्वतन्त्र विशेषज्ञ सञ्चालकको निर्युक्ति गर्ने।
७. सञ्चालक समितिका सदस्यहरुका लागि सञ्चालक समितिबाट निर्धारण गरिएको बैठक भत्ता तथा अन्य सेवा सुविधा अनुमोदन गर्ने।

(ख) विशेष प्रस्तावहरु :

१. कम्पनीको प्रवन्धपत्रको दफा ६ को उपदफा (४) र (५) वमोजिम सर्वसाधारणका लागि छुट्याएको ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।
२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको साधारण शेयर जारी पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा।

(ग) विविध।

साधारणसभा सम्बन्धी जानकारी :

१. साधारण सभामा उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश-पत्र वा नागरिकताको प्रमाण-पत्र वा शेयर प्रमाण-पत्र लिई आउनु हुन अनुरोध गरिन्छ।
२. सभा शुरु हुने भनि तोकिएको दिन भन्दा कम्तिमा ३ तीन दिन अर्थात ७२ घण्टा अगावै कम्पनीको मुख्य कार्यालय धनगढी कैलाली र बागमती प्रदेश कार्यालय गुसिंगाल, ललितपुरमा कार्यालय समय भित्र प्रतिनिधि (प्रोक्सी) फारम दर्ता गराइ सक्नु पर्नेछ। शेयरधनीले एक जना भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन। एक जना भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ। तर मतदान गर्न पाउनु हुने छैन।
३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभाहुने दिन बिहान १०: बजे देखि खुल्ला रहने छ।
४. कुनै कम्पनी वा संघ संस्था यस कम्पनीको शेयरधनी रहेको अवस्थामा सम्बन्धित कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठीत संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ।
५. साधारणसभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको मुख्य कार्यालय, धनगढी, कैलाली र बागमती प्रदेश कार्यालय गुसिंगाल, ललितपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ।

कम्पनीको सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आजदेखि

स्वस्थ लघुवित्त, समृद्ध सदस्य

बैंकको पहुँचमा नपुग्ने गरिब तथा विपन्न वर्गलाई सेवा दिने लघुवित्त क्षेत्रमा देखिएका समस्या र चुनौतीबारे छलफल गर्दै आगामी रणनीति बनाउन शनिबार र आइतबार (०८० फागुन ५-६) काठमाडौंमा चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन हुँदै छ। स्वावलम्बन विकास केन्द्रको आयोजनामा हुने लागेको सम्मेलनमा नियामक, नीतिगत र सरकारी निकायका प्रतिनिधि, लघुवित्त संस्थाका नेतृत्वकर्ता, सञ्चालक, लघुवित्तकर्मी, सेवाग्राही सदस्य, जनप्रतिनिधि गरी सात सयभन्दा बढीको सहभागिता रहने आयोजकले बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। सम्मेलनको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने कार्यक्रम रहेको छ।

नेपालमा विगत १०-१२ वर्ष लघुवित्त क्षेत्रका लागि सुनौला दिन रहे पनि पछिल्लो समय केही समस्या देखिएकाले त्यसलाई पहिचान गर्दै निराकरण गर्ने उद्देश्यसहित सम्मेलन आयोजना गरिएको केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले जानकारी दिए। 'लघुवित्त क्षेत्रको पुनर्संरचना र पनुर्जागरण गर्नुपर्ने आवश्यकता देखिएको छ,' उनले भने, 'त्यसका लागि सम्मेलन प्रभावकारी बन्ने अपेक्षा गरेका छौं।' त्यसका लागि सम्मेलनको नारा नै स्वस्थ लघुवित्त, समृद्ध सदस्य राखिएको उनले बताए।

विश्वका एक सय ७८ वटा देशमा सञ्चालन भइरहेको लघुवित्त मोडल ग्रामीण अर्थतन्त्रको पुनर्संरचनाका लागि उपयुक्त रहेको श्रेष्ठले दाबी गरे। तर, पछिल्लो समय देखिएका केही विकृतिले गर्दा नेपालमा लघुवित्त सेवा बदनाम हुन थालेको भन्दै यसलाई सुधार गर्न जरुरी देखिएको उनले औंल्याए। त्यसैले सम्मेलन लघुवित्त सेवालाई स्वच्छ, स्वस्थ र सक्षम बनाउन तथा लक्षित वर्गको सामाजिक, आर्थिक समृद्धि स्थापित गर्ने अस्त्रका रूपमा अगाडि बढाउने उपाय खोज्न केन्द्रित हुनेछ। यसका साथै हरेक लघुवित्त संदस्यलाई उद्यमी बनाई आत्मनिर्भर बनाउनेतर्फ विशेष जोड दिने उनले बताए। अहिले युवापुस्तामा बिदेसिने लहर चलेको भन्दै त्यसलाई रोक्न लघुवित्तले भूमिका खेल्नुपर्ने उनको जोड थियो।

लघुवित्त संस्थाले वित्तीय सेवासँगै शिक्षा, तालिम, सामाजिक काम गर्नुपर्नेमा आफ्नो भूमिका बिर्सिँदै गएको श्रेष्ठले गुनासो गरे। लघुवित्तले बढी ब्याज लिएको गुनासो सुनिए पनि यो ब्याजदर दक्षिण एसियामै न्यून रहेको उनले दाबी गरे।

हाल लघुवित्त वित्तीय संस्था र लघुवित्त गर्ने सहकारी संस्थाले नेपालका ७७ वटै जिल्लामा पुगेर लघुवित्त सेवा प्रदान गरिरहेका छन्। हाल ५७ वटा लघुवित्त संस्थाले पाँच हजार ८२ शाखामार्फत करिब ६० लाखलाई लघुवित्तमा आबद्ध गरेका छन्। यसमध्ये २८ लाख सदस्यले लघुवित्त गर्ने संस्थाबाट ऋण लिएर व्यवसाय गरिरहेका छन्। लघुवित्त गर्ने संस्थाले चार खर्ब ३२ अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी पनि गरेका छन्। लघुवित्तबाहेक ५० वटाजति लघुवित्त सञ्चालन गर्ने सहकारी संस्था पनि क्रियाशील रहेको आयोजकले जानकारी दिएको छ।



देशको समग्र आर्थिक गतिविधिमा आएको सुस्तता, लघुवित्त कारोबार गर्ने संस्थाबीच अधिक प्रतिस्पर्धा, लघुवित्तप्रति आमसर्वसाधारणमा भ्रम सिर्जना गर्ने समूहको सक्रियतालगायतका कारण नेपालको लघुवित्त क्षेत्र विषम परिस्थितिबाट गुज्रिरहेको छ

तर, देशको समग्र आर्थिक गतिविधिमा आएको सुस्तता, लघुवित्त कारोबार गर्ने संस्थाबीच अधिक प्रतिस्पर्धा, लघुवित्तप्रति आमसर्वसाधारणमा भ्रम सिर्जना गर्ने समूहको सक्रियतालगायतका कारण नेपालको लघुवित्त क्षेत्र विषम परिस्थितिबाट गुज्रिरहेको छ। यस्तै लघुवित्त सञ्चालन गर्ने संस्थाको कर्जा असुली प्रभावित हुँदा खराब कर्जा वृद्धि भइरहेको छ। लघुवित्त सेवाप्रति समाजमा फैलिएको गलत सन्देशका कारण व्यवसाय विस्तार गर्न अप्ट्यारो परिस्थिति सिर्जना भएको बताइएको छ।

कोभिड-१९ को महामारी र जलवायु परिवर्तनको कहर, रोजगारीको अभाव, बिदेसिँदो युवा श्रम शक्ति तथा उपभोग्य वस्तुको बढ्दो आयात, विभिन्न देशबीच बढेको द्वन्द्वका कारण सिर्जना भएको आर्थिक मन्दीले प्रभावित भएका तल्लो वर्गका विपन्न नागरिकलाई माथि उठाउने दायित्व लघुवित्त संस्थामाथि थपिएको छ। यो अवस्थामा लघुवित्तमा देखापरेका समस्या र चुनौतीको लेखाजोखा गरी लघुवित्त क्षेत्रलाई समयसापेक्ष बनाउन सबै सरोकारवाला एकै थलोमा बसेर आ-आफ्ना भोगाइ, सिकाइ, अनुभव र ज्ञानको आदानप्रदान र विचारको मन्थन गर्न सम्मेलन प्रभावकारी हुने आयोजकले दाबी गरेको छ।

केन्द्रले प्रत्येक दुई वर्षमा लघुवित्त सदस्य सम्मेलनको आयोजना गर्दै आएको छ। 'उद्यमशीलताको विकास, गरिबी निवारणको निकास' नारासहित पहिलो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन ०७३ सालमा, 'स्वच्छ लघुवित्त, हाम्रो अभियान' नाराका साथ दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन ०७५ सालमा र 'घरघरमा उद्यम फैलाऔं, गरिबीलाई शून्य बनाऔं' भन्ने नाराका साथ तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन ०७८ सालमा सम्पन्न भएको थियो।

हुनेखानेलाई कर्जा प्रवाह हुन थालेपछि समस्या आएको हो



शंकरमान श्रेष्ठ, अध्यक्ष
स्वावलम्बन विकास केन्द्र

लघुवित्त वित्तीय संस्थाहरूले गरिबी न्यूनीकरणको उद्देश्य प्राप्तिमा कसरी काम गरिरहेका छन् ?

लघुवित्त एउटा उद्देश्यमुखी कार्यक्रम हो। लघुवित्त चमत्कारी अस्त्र हो, गरिबीलाई शून्यमा झार्न सक्छ। धेरै देशमा लघुवित्तमार्फत गरिबीलाई करिब-करिब शून्यमा झार्ने काम भएको छ। हाम्रो नेपालमा पनि उत्साहका साथ दुईवटा ग्रामीण बैंकको स्थापनाबाट सुरुवात भएको थियो। त्यसपछि ग्रामीण बैंक पाँचवटा पुग्यो। त्यो वेलामा विकास क्षेत्रको अवधारणा थियो। त्यसपछि दुईवटा गैरसरकारी संस्था स्वावलम्बन विकास केन्द्र र निर्धनले गैरसरकारी क्षेत्रमार्फत यसको सुरुवात गरे। आधुनिक लघुवित्त प्रणालीको सुरुवात त्यही वेलामा भएको थियो। साना किसान विकास कार्यक्रमले पनि लघुवित्तसँग समन्वय गरेको थियो। त्यो प्रणाली लघुवित्तको मात्रै भएन। सुरुमा राम्रो काम भयो। विदेशीहरूले पनि यसलाई फूलमुन इन डार्कनेस (अँध्यारोको पूर्णिमा) भनेका थिए। पछि पञ्चायतकालमा यसको राजनीतीकरण भयो। जसले लघुवित्तको प्रभावकारितामा ह्रास ल्यायो। नेपाल राष्ट्र बैंकले विभिन्न मोडलको खोजी गऱ्यो। जसमा ग्रामीण मोडलको माइक्रोफाइनान्स उपयुक्त मानियो।

बंगलादेशमा नवल लरेट प्राध्यापक महम्मद युनुसले ४१ जना गरिबसँग पहिलोपटक परीक्षण गरेका थिए। गरिबहरू बैंकेबल (बैंकिङ कारोबार गर्न योग्य) हुन सक्छन् कि सक्दैनन् भन्ने उनको खोजको उद्देश्य थियो। सबैको मान्यता थियो, गरिबले धितो दिन सक्दैन। धितो नभई ऋण दियो भने डुब्छ भन्ने थियो। त्यही भएकाले वाणिज्य बैंकहरू लघुवित्तसँग टाढा भाग्थे। साना किसान विकास कार्यक्रम सुरु गर्दा पनि साना किसानबाट डराइडराई धितो लिएर दिन थाले। तर, यो ग्रामीण मोडल सुरु भएपछि पूर्ण रूपमा गरिबलाई नै लक्षित गरेर विनाधितो लघुवित्त प्रवाह भयो। सुरुको अवस्थामा यसले चामत्कारिक प्रभाव पाऱ्यो। म आफैंले पनि स्वावलम्बन विकास केन्द्रबाट यसको सुरुवात गरैं। स्रोत-साधन भएको वाणिज्य बैंकसँग मात्रै थियो। वाणिज्य बैंकसँग हामीले पैसा चाहियो भने उनीहरूले विश्वास गर्दैनथे। टालटुल गर्थे। ग्रिनलेज बैंक (हालको स्ट्यान्डर्ड चार्टर्ड बैंक)सँग हामीले पैसा माग्दा नाइँ भनेन, तर दुई वर्षसम्म उसले कर्जा प्रवाह गरेन।

मैले प्रोफेसर युनुसलाई चिनेको थिएँ। उहाँ बंगलादेशको माइक्रोफाइनान्सको जन्मदाता हुनुहुन्थ्यो। उहाँ अमेरिकामा पढेको आफ्नै देशमा बस्नुपर्छ भनेर फर्किनुभएको हो। प्रोफेसर युनुस चितगाउँ युनिभर्सिटीको प्रोफेसर हुनुहुन्थ्यो। अर्थशास्त्रको प्रोफेसर भए पनि उहाँले सिकाउनुभएको ज्ञानको उपयोग हुन सकेको थिएन। गरिबलाई ऋण दिने भन्ने थिएन। युनुस गरिबले ऋण तिर्छ कि तिर्दैन भनेर २७ डलरबराबरको टक्का लिएर गाउँगाउँमा जानुभयो। टोकरी बुनेको देख्नुभयो। उनीहरूले बनाएको टोकरी पाँच रुपैयाँमा बिक्री भयो। तर, उनीहरूले ५० पैसा पाउने रहेछन्। यो त शोषण रहेछ। उनीहरूले सबै सामान साहुबाट लिएर टोकरी बुनेर दिने गरेका रहेछन्। यदि यो टोकरी बुन्ने सामान आफ्नै भयो भने कतिमा पाउँछ भन्दा साढे दुईमा पाइन्छ भन्ने जवाफ आयो। ४१ जनालाई टोकरी बुन्ने सामान किन्न २७ डलर दिइयो। १९७५ को वेलाको कुरा हो यो। उनीहरूले टोकरीमा ५० पैसाको ठाउँमा साढे दुई फाइदा भयो। पुँजी आफ्नो हुने भएपछि रिटर्न बढी भयो। पैसा पनि सजिलै तिऱ्यो। धितो नचाहिने रहेछ भन्ने प्रमाणित भयो। गरिबहरू इमानदार हुन्छन् भन्ने अवधारणाले चल्यो लघुवित्त। यसरी लघुवित्त सुरु भयो। यसलाई संस्थागत रूपमै अघि बढाउनुपऱ्यो भनेर युनुसले गरिबले ऋण तिर्दो रहेछ भनेर ऋण मागे। बैंकहरूले प्रोफेसरको पछाडि कुरा काट्न थाले। प्रोफेसर आफैं जमानी बस्ने भनेपछि बैंकहरूले लगानी गर्न तयार भए। ऋण लगानीको भुक्तानी शतप्रतिशत भयो। यसरी उनले सञ्जाल विस्तार गरे। सोनाली बैंकसँग उनले सम्झौता गरेर १० भन्दा बढी गाउँमा लघुवित्तको सुरुवात गरे। त्यसपछि ग्रामीण बैंकको सुरुवात गरे। सरकारले विश्वास गरेर छुट्टै ग्रामीण बैंक ऐन नै जारी गऱ्यो। त्यो ग्रामीण बैंकले एक करोड ३४ लाखमा सेवा पुऱ्यायो। नेपालमा ५७ लघुवित्त छन्, ६० लाखलाई सेवा पुऱ्याएको दाबी गर्छन्। तर, २९ लाखले मात्रै ऋण लिएका छन्। जुन आधाभन्दा पनि कम हो। ग्रामीण बैंकमा ९५ प्रतिशतले ऋण लिएका छन्। त्यहाँ कुनै किसिमको समस्या छैन।

यति राम्रो उद्देश्य भएको लघुवित्तमा अहिले समस्या कसरी आयो ?

लघुवित्तमा केही आधारभूत मान्यता छन्, जसलाई पछ्यायो भने काम हुन्छ। पहिलोमा यसले गरिबलाई मात्रै ऋण दिनुपर्छ। धनीलाई ऋण दिन वाणिज्य बैंक छँदै छन्। यो गरिबमुखी कार्यक्रम हो। हुनेखानेलाई कर्जा प्रवाह हुन थालेपछि लघुवित्तमा समस्या आएको हो। दोस्रोमा लक्षित वर्गमुखी हुनुपर्छ। यसले विपन्नलाई लक्षित गर्नुपर्छ। यसका लागि लक्षित वर्गको पहिचान हुनुपर्छ। यसका लागि सहभागितामूलक वेल्थ च्याङकिङ गर्नुपर्छ। गरिबको पहिचान समुदाय आफैंले गर्नुपर्छ। गाउँका शिक्षित, गाउँपालिकाका प्रतिनिधि सबैलाई बोलाएर म्यापिङ गर्नुपर्छ। हामीले सुरुवातमा यसरी नै म्यापिङ गरेका थियौं। लक्षित वर्गको पहिचान भएपछि उनीहरूलाई साक्षरता प्रदान गरिन्छ। बचत भनेको के हो र किन गर्नुपर्छ भन्ने सिकाइन्छ। त्यसपछि उनीहरूलाई थोरै-थोरै पैसा बचत गर्न सिकाइन्छ।

हाम्रोमा समस्या किन आयो भने एकैचोटि तीन लाखभन्दा बढी पैसा दिइयो। जो गरिब पनि होइनन्। यो गरिबीबाट माथि उठाउने भनेको एकैपटक सम्भव छैन। आफ्नो सन्तानलाई एकैपटक एसइई उत्तीर्ण गराउँछु भनेजस्तै हो। आफ्ना बालबालिकालाई केजी, नर्सरी हुँदै सुरु गर्नुपर्ने हुन्छ। आवश्यकताभन्दा बढी कर्जा प्रवाह गर्दाको परिणाम हो। कम्पनी ऐनअनुसार वित्तीय संस्था दर्ता भए, कम्पनी भनेकै कमाउनका लागि हो। सेयर पुँजी राखेको हुन्छ, लाभांश खोज्न थालियो। यसले मानसिकता नै कमाउनेतर्फ केन्द्रित भयो। मैले सुरुवात गर्दा म्यानेजरलाई १५०० रुपैयाँ तलब दिएको थिएँ। उनीहरू खुसी थिए। गरिबको दैलोमा गएर सेवा गर्थे। विधिलाई छोडेर काम गर्दाको परिणाम अहिले देखिएको हो। केन्द्रीय बैंकको नियमन कमजोर भएकै हो। नियमनले उद्देश्यपरक काम भएको हो कि होइन भनेर हेरिएन। अनुगमन हुन सकेन। तर, लघुवित्त निष्क्रिय भएको होइन।

स्वावलम्बन विकास केन्द्रले हाल के-कस्तो काम गरिरहेको छ ?

अहिले तीन शून्य (थ्री जिरो) अवधारणामा काम गरिरहेका छौं। एउटा जिरो भनेको गरिबीलाई शून्यमा झार्ने हो। तराईमा गएर हेर्नुभयो भने ३० वर्ष पहिले र अहिलेकोमा केही फरक पाइँदैन। ५७ वटा लघुवित्त छन्। देशभरका गरिबको पहिचान गर्नुपर्छ। उनीहरूको आवश्यकता पहिचान गर्नुपर्छ। हामीले युवाहरूलाई समेटेर थ्री जिरो क्लब सञ्चालनमा ल्याएका छौं। डिसेम्बरसम्म एक हजारभन्दा बढी क्लब गठन भएका छन्। स्थानीय तहमा समस्या पहिचान गर्ने काम गर्छन्। स्वरोजगार प्राप्त गर्छन्। ती युवाले अर्को थ्री जिरो क्लब गठन गर्छन्। अहिले वृक्षारोपणको काम गरिरहेका छन्। हरेक युवा आफू बसेको ठाउँमै बसोस् भन्ने हो। एउटा जिरो गरिबीलाई जिरोमा झार्ने हो। अर्को बेरोजगारीलाई जिरोमा झार्ने हो। अन्तिमको शून्य भनेको कार्बनलाई जिरोमा झार्ने हो।

अहिले हाम्रो शक्ति पलायन भइरहेको छ। हाम्रै काँधमा देश बनाउने जिम्मेवारी छ भनेर रणनीति बनाएका छौं। अर्को हामीले इकोभिलेजको पनि अवधारणा अघि बढाएका छौं। हामीले बाह्रबिसेमा सुरु गरिसकेका छौं। त्यहाँ टनेल बनाएर गोलभेंडा खेती गरिएको छ। गँड्यौलापालन पनि हुन्छ। प्लास्टिकको पोखरी निर्माण गर्ने काम पनि भएको छ। अर्गानिक उत्पादन बढाउने अवधारणामा छ। यस्तो गाउँमा एकजना सदस्य पनि बेरोजगार छैन। एउटा स्वतन्त्र र सामाजिक अर्थतन्त्र निर्माण गर्ने योजनामा छौं। ऋण दिने काम केन्द्रले गर्दैन, लघुवित्तले गर्ने हो।



सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिएर बाख्रापालन गरिरहेकी बुद्धशान्ति गाउँपालिका- ५, शान्तिपुर झापाकी विना गुरुङ। बाख्रापालनबाट वार्षिक तीन-चार लाख रुपैयाँ आम्दानी गर्ने गरेको उनी बताउँछिन्।

लघुवित्तको योगदानलाई नजरअन्दाज गर्नुहुँदैन

पछिल्लो समय लघुवित्तविरुद्ध आन्दोलन चर्कियो, लघुवित्त खारेज गर्नेसम्मका नारा लागे, यस्तो अवस्था किन आयो ?

यसमा मुख्य तीन कारण छन्। पहिलो, लघुवित्त संस्था नै धेरै भए, उनीहरूका शाखा धेरै भए। संस्था धेरै भएपछि अस्वस्थ प्रतिस्पर्धा भयो। जथाभावी कर्जा लगानी भयो। लघुवित्तको राम्रोसँग सुपरिवेक्षण र निरीक्षण हुन सकेन। ऋणीहरू ऋणग्रस्त भए। ऋण तिर्नकै लागि ऋण लिनुपर्ने अवस्थामा पुगे। लगानी सही ठाउँमा हुन सकेन र परियोजनाबाट पैसा फिर्ता आउन सकेन।

दोस्रो कारण, यहीबीचमा नेपालमा आएको महाभूकम्प, कोरोना महामारी, विश्वव्यापी आर्थिक मन्दी र रसिया-युक्रेन युद्ध पनि हो। भूकम्प र कोरोनाले आयआर्जनका क्षेत्र प्रभावित भए। उद्यमीले आय गर्न सकेनन्। युद्ध र आर्थिक मन्दीले विश्वकै उत्पादनदेखि माग र आपूर्तिको शृंखला बिग्रियो। मूल्यवृद्धि उच्च भयो। यसको असर पनि ससाना उद्यमशीलतामा पर्न गयो। उद्यमका क्षेत्र खुम्चिए।

तेस्रो कारण, लघुवित्तको समस्यालाई राजनीतीकरण गरियो। यसबीचमा ऋणको दुरुपयोग भयो। लघुवित्तले जथाभावी कर्जा प्रवाह गरे, ऋणीले पनि कर्जाको जथाभावी प्रयोग गरे। तर, यो नितान्त आर्थिक समस्या थियो। यसैबीचमा कुनै समूहले यसलाई राजनीतीकरण गऱ्यो। लघुवित्तमा देखिएको समस्यालाई क्यास गर्ने गरी आन्दोलनमा घुसपैठ गरियो। आर्थिक समस्यालाई राजनीतीकरण गरिँदा पनि समस्या सिर्जना भएको हो।

यसबाहेक सरकारी नीति, नियमनको कमजोरी पनि समस्याका कारक हुन सक्छन्। मुनाफा कमाउने नियतका साथ लघुवित्तमा विभिन्न माध्यमबाट जोडिएकाहरूको कारण पनि समस्या आएको हो। यस्ता धेरै कारणले लघुवित्तमा समस्या बढ्दै गयो, अहिले प्रस्फुटन भयो।

लघुवित्तका समस्याका विषयमा राष्ट्र बैंकको अध्ययनले के देखायो ? कसको कमजोरी रहेछ ?

राष्ट्र बैंकको अध्ययनले लघुवित्तमा कुनै एउटा पक्षको मात्रै कमजोरी रहेको देखाएको छैन। बहुपक्षीय कमजोरीका कारण समस्या सिर्जना भएको देखाएको छ।

वित्तीय पहुँच र समावेशिता वृद्धि गर्ने सरकारको नीतिअनुसार राष्ट्र बैंकले लघुवित्तको लाइसेन्स बाँड्यो। कर्जाको सीमा पनि बढाएर १५ लाखसम्म पुऱ्याइयो। आवश्यकताभन्दा धेरै लाइसेन्स बाँड्नु र कर्जासीमा बढाउनु उचित थिए कि थिएनन् ? यसको विश्लेषण हुनुपर्छ। लघुवित्तहरू स्वनियमनमा हुन्छन्, लघुवित्तको सिद्धान्तअनुसार चल्छन् भन्ने मान्यता राखेर राष्ट्र बैंकले पनि सुपरिभिजनलाई अलि लुज छाडिदियो। नियमनमा कडाइ गरिएन। यसले गर्दा जथाभावी कर्जा प्रवाह र कर्जाको दुरुपयोग भयो।

एउटा महत्त्वपूर्ण कुरा के हो भने, ऋण लिने मान्छे कहिल्यै पनि पीडित हुँदैन। समस्यामा परेका हुन सक्छन्। तर, उनीहरूलाई पीडित भनेर व्याख्या गर्नुहुँदैन। अध्ययनबाट एउटै ऋणीले २३ वटासम्म लघुवित्तबाट ५२ लाखसम्म ऋण लिएको देखियो। संस्थाले पनि वित्तीय चेतना एवं साक्षरता अभिवृद्धि गरेन। तर, संस्था यस्तो काममा चुक्यो भन्दैमा ऋण तिर्दिनँ भन्न मिल्दैन। ऋण त तिर्नैपर्छ।



रेवतीप्रसाद नेपाल, कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक

लघुवित्त क्षेत्रमा देखिएको समस्याको समाधान कसरी भइरहेको छ ?

यसमा नीतिगत सुधार पनि गर्दै छौं। यसबाहेक अघिल्लो फागुन १० गते सर्कुलर जारी गरेर केही नियम हेरफेर गऱ्यौं। एक व्यक्तिलाई एकभन्दा बढी संस्थाबाट कर्जा प्रवाह गर्न नमिल्ने व्यवस्था गऱ्यौं। लघुवित्तलाई बढी प्रतिस्पर्धी नहुन र ग्राहकलाई राम्रो व्यवहार गर्न भनेका छौं। कर्मचारी र ग्राहकलाई वित्तीय साक्षरता दिन भनेका छौं। आय-आर्जनका क्षेत्रमा मात्रै लगानी गर्न भनेका छौं। अति समस्यामा परेका ग्राहकलाई 'ग्राहक संरक्षण कोष' उपयोग गरेर सहयोग गर्न भनेका छौं। समस्या समाधानका लागि कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचना पनि गर्न भनेका छौं। केन्द्रीय बैंकले अहिलेको विषम परिस्थितिलाई सहज वातावरणमा परिणत गर्दै लैजाने गरी काम गरिरहेको छ।

अहिले क्रमशः सुधार पनि भइरहेको छ। ऋण नतिरौं भनेर उक्साउने र ऋण तिर्दिनँ भन्नेलाई कानुनअनुसार कारबाही गर्नुपर्छ भन्नेमा हामीले जोड दिएका छौं। लघुवित्तका सिइओ र सरोकारवालासँग निरन्तर छलफल गरिरहेका छौं।

ऋणी र लघुवित्त आफैंले पनि समस्या समाधान गर्न सक्लान् ?

सबैभन्दा राम्रो बाटो नै यही हो। विगतमा पैसा चलाउने र दिने दुवै पक्ष अराजक भएकै हुन्। ह्वारह्वार ऋण दिने र लिने भएकै हो। लघुवित्तले पनि बैंकमा सर्वसाधारणले जम्मा गरेको निक्षेप परिचालन गरेको बिर्सिएर लगानी गरे। ऋणीले पनि उत्पादनमा भन्दा पनि खानपानमा खर्च गरे। कमजोरी सबैको भयो। अब दुवै पक्षले म-म भनेर स्वनियमनमा बस्नुपर्छ। एक-अर्कालाई सघाएर समस्या समाधान गर्नुपर्छ।

लघुवित्त सम्मेलनका सन्दर्भमा तपाईंका केही सन्देश छन् ?

लघुवित्तले लामो आन्दोलन गरेर यहाँसम्म आएको हो। महिलाको जीवनस्तर सुधार्न, उद्यमशीलता वृद्धि गर्न एवं सहरको पैसा गाउँमा लैजान लघुवित्तले गरेको योगदानलाई बिर्सन हुँदैन। लघुवित्तले गाउँ-गाउँमा पैसा पुऱ्याएको छ। अहिले नेपालमा देखिएको समस्या कम्बोडिया, भारत एवं बंगलादेशमा पनि देखिएका हुन्, छन्। अब एक-दुई वर्ष सुःख-दुःख सहेर सबै मिलेर प्रयास गरियो भने लघुवित्तको समस्या समाधान हुन्छ। भविष्य उज्यालो छ। अन्त्यमा लघुवित्तको योगदानलाई नजरअन्दाज गर्नुहुँदैन।

लघुवित्तको सहयोगले फेरिएको मैयाको दैनिकी



भानु नगरपालिका- १ कल्याणटारकी मैया श्रेष्ठ आफ्नो पसलमा । सबैको लघुवित्त वित्तीय संस्थाबाट ऋण लिएर व्यवसाय गरेकी उनले खर्च कटाएर मासिक ४० हजारसम्म बचत गर्ने गरेकी छिन् ।

पछिल्लो समय लघुवित्तबाट ऋण लिएर व्यवसाय सञ्चालन गरेकाहरू पीडित भएको घटनाहरू सार्वजनिक भइरहेका छन् । नयाँ व्यवसाय सुरु गर्न लघुवित्तबाट ऋण निकाल्नेहरूको पछि त्यहाँका कर्मचारीले दुःख दिएको गुनासो पनि सार्वजनिक हुँदै गएको पाइन्छ । त्यही कारणले पनि लघुवित्तप्रति आममानिसको गलत बुझाइ छ । तर, कतिपय ठाउँमा भने लघुवित्तकै कारण जीवन उकासिएको उदाहरण पनि छन् । ऋण लिएर व्यवसाय सुरु गरेका केही महिलाले भने सफलता पनि हात पारेका छन् । तनहुँको दुम्रेस्थित सबैको लघुवित्त वित्तीय संस्थाबाट ऋण लिएर सफलता हात पारेका केही पौरखी महिला सफलताका पात्र बनेका छन् ।

बन्दीपुर गाउँपालिका- ५ याम्पाफाँटकी कमला पन्त क्षेत्रीको अहिले जनजीवन नै फेरिएको छ । ०७५ सालमा सबैको लघुवित्त वित्तीय संस्थाबाट एक लाख रुपैयाँ ऋण लिएर उनले गाईपालन सुरु गरेकी थिइन् । सुरुमा दुईवटा गाईबाट व्यवसाय सुरु गरेकी उनले पछि तीनवटा गाई थपिन् । बिस्तारै गाईबाट पनि उनलाई राम्रो आम्दानी हुँदै गयो । अहिले उनको गोठमा १५ वटा गाई छन् । दैनिक एक सय पाँच लिटर दूध बिक्री गर्दै आएको उनले बताइन् । 'उत्पादित दूध स्थानीय बजारमै खपत भइरहेको छ,' उनले भनिन् ।

व्यवसायबाट उनी अहिले सन्तुष्ट छिन् । क्षेत्रीका तीन छोरा छन् । त्यतिबेला श्रीमान् विदेशमा थिए । 'सुरुमा निकै सास्ती व्यहोर्‍यौं । त्यही पनि हिम्मतका साथ अघि बढ्यौं,' उनले भनिन्, 'तीन छोरा साथमै थिए । यहाँ पढ्ने वातावरण मिल्दैन कि भनेर ठूलोबाबाले ठूलो छोरालाई चितवन लगिदिनुभयो । तर, पढाइ खर्च मैले यहींबाट पठाइदिन्थें । बिस्तारै व्यवसाय राम्रो हुँदै गयो । आम्दानी पनि बढ्यो । अहिले खर्च कटाएर मासिक डेढ लाख रुपैयाँ कमाइ हुन्छ ।'

क्षेत्रीले गाईपालनबाट वार्षिक १८ लाख रुपैयाँ आम्दानी गरिरहेकी छिन् । ०७५ मा उनले किशोर गाई फार्म दर्ता गरेर व्यवसाय सुरु गरेकी हुन् ।

क्षेत्रीका अनुसार त्यतिबेला उनी तरकारी लगाएर बिक्री गरी जीवन निर्वाह गर्थिन् । 'त्यतिले सन्तुष्ट नभएपछि व्यवसाय गर्ने मन लाग्यो,' उनी भन्छिन्, 'अनि त्यति नै बेला लघुवित्तले मलाई सहयोग गर्‍यो, त्यसपछि दुईवटा गाई किनेर सुरु गरेकी हुँ । आफूले राम्रो गर्‍यो भने सबैले राम्रो गर्छन्, आफूअनुसार पनि हुन्छ । मेरा लागि लघुवित्त भगवान्‌जस्तै भयो । मसँग पैसा नभएको भए व्यवसायमा हात हाल्दिनँथिएँ होला । सजिलै पैसा उपलब्ध भयो त्यसपछि काम गर्ने ।'

त्यसैगरी, भानु नगरपालिका- १ कल्याणटारकी मैया श्रेष्ठको दैनिकी पनि फेरिएको छ । तीन वर्षअघिको उनको जीवनशैली फरक थियो । वैदेशिक रोजगारीमा गएका श्रीमान्‌को कमाइले जीवन निर्वाह गर्दै आएकी उनी बिस्तारै टोल समूहमा आबद्ध भइन् । त्यसपछि लघुवित्तका कर्मचारीहरू पनि गाउँ-टोलमा आउन थाले । उनीहरूले गाउँका महिलालाई स्वावलम्बन बन्नुपर्छ, त्यसका लागि थोरै लगानी गरेर पनि व्यवसाय सञ्चालन गर्न सकिन्छ भने । त्यति मात्र नभई विनाधितो पनि केही रकम लगानी गर्न सकिन्छ भन्ने सुनेपछि व्यवसाय सुरु गर्ने मनस्थिति बनाएको मैया श्रेष्ठले बताइन् । 'भोलिपल्ट लघुवित्तको कार्यालय पुगें । पैसा लिएँ र किराना पसल सुरु गरें,' उनले भनिन् ।

एउटा सानो छोरासहित उनको तीनजनाको परिवार थियो । सानो परिवार भएकाले पनि उसलाई किराना पसल सञ्चालन गर्न सहज भयो । सुरुमा ५० हजार ऋण लिएर किराना पसल सुरु गरे पनि बिस्तारै लगानी बढाएको उनको भनाइ छ ।

'व्यवसायबाट राम्रै अम्दानी गरेकी छु,' उनी भन्छिन्, 'अहिले खर्च कटाएर मासिक ४० हजार बचत हुन्छ । पहिले-पहिले मीठो खान, राम्रो लगाउन पनि कठिन थियो, तर अहिले मन परेको खान र लगाउन पाइन्छ । त्यो पहिलेको दैनिकी परिवर्तन गराउन मलाई लघुवित्तले सहयोग गर्‍यो ।'

सबैले विदेश-विदेश भने पनि खट्न सके नेपालमै राम्रो कमाइ गर्न सकिन्छ भन्ने उदाहरण आफूलाई लाग्ने श्रेष्ठ बताउँछिन् । 'संस्थाले पनि विश्वास गर्दै गयो । अहिले पनि पाँच लाख लिएकी छु, किस्ता पनि तिर्दै गइरहेकी छु । त्यहाँका कर्मचारीले पनि मलाई विश्वास गरिरहेका छन्,' उनले खुसी हुँदै सुनाइन्, 'मलाई यो स्थानमा पुर्‍याउने लघुवित्त नै हो । म सन्तुष्ट छु ।'

तनहुँमा यी दुई महिला सफलताका पात्र मात्र बनेका हुन् । कतिपय ठाउँमा लघुवित्तले दुःख दिएको कुरा सार्वजनिक भइरहेका छन् । तर, दुम्रेको सबैको लघुवित्त वित्तीय संस्था नामजस्तै सबैको नै भएको यी दुई पौरखी महिलाको सफलताको कथाले देखाएको छ ।

■ गरिबलाई विनाधितो कर्जा दिएर उसको आयस्तर उकास्ने हो



केशवकुमार पौडेल
प्रमुख कार्यकारी अधिकृत
सबैको लघुवित्त वित्तीय संस्था

सबैको लघुवित्त वित्तीय संस्थाले फुर्सदिला महिलालाई ऋण दिएर सहयोग गर्दै आइरहेको छ । कसैलाई कर्जा चाहिएको छ भने त्यो सजिलैसँग उपलब्ध गराउने संस्थाको लक्ष्य छ । विपन्न र आर्थिक अवस्था कमजोर भएकाका लागि कर्जाको पहुँच बढाउन हामीले सहयोगी भूमिका खेल्ने हो ।

हाम्रो देशभर गरी ९० वटा शाखा कार्यालय छन् । मुख्यगरी आर्थिक अवस्था कमजोर भएका नागरिकलाई माथि उकास्ने उद्देश्यका साथ कार्यालय स्थापना गरिएको हो । गरिबलाई बिनाधितो कर्जा दिएर उसको आयस्तर उकास्ने हो । लगानी गरेको केहीको बाहेक धेरैजसोको राम्रो भएको पनि छ । हामीले लगानी गरेपछि उनीहरूको घरमै पुग्छौं । गाईवस्तु छन् कि छैनन्, पसल गरेका छन् कि छैनन्, कतै गलत पो गरेका छन् कि भनेर त्यहीं नै गएर रेखदेख गर्दै आएका छौं । सानो-सानो कर्जा लिएर उन्नति गर्ने कृषक धेरै नै छन् । उनीहरूको राम्रो भएको पनि छ । हामी सुरुमा विनाधितो लगानी गर्छौं । त्यसपछि उनीहरूले राम्रो गर्दै गए भने र उनीहरूले अलिकति कर्जा रकम बढाइदिए केही गर्ने थिएँ भन्ने कुरा आयो भने हामी सहजीकरण गर्छौं । उनीहरूसँग भएको जमिन धितो राखेर या आयस्रोत हेरेर रकम दिन सकिन्छ ।

अहिले हामीले विनाधितो तीन लाख रुपैयाँसम्म दिएका छौं । त्यसपछि धितो राखेर सात लाखसम्म दिएका छौं । राष्ट्र बैंकले १५ प्रतिशतभन्दा बढी ब्याज लिन पाइँदैन भनेको छ । हामीले त्यसैलाई आधार मानेर दिएका छौं ।

हाम्रो संस्थामा सबै गरेर अहिले ७८ हजार सदस्य छन् । अहिले लघुवितमा पनि धेरै विकृति आए । धेरै ठाउँबाट कर्जा लिए, अनि नतिर्ने परिपाटी बढ्यो जसले गर्दा समस्या भयो । तर, यस्तो हुँदा पनि दुई-चार प्रतिशत मान्छे मात्रै छन् नतिर्ने । तर, आममान्छेचाहिँ कर्जा लिएपछि तिर्नुपर्छ । हामीलाई बैंकले यो खालको कर्जा दिएको छ । तिर्नुपर्छ भन्ने भावना भएका नै छन् । उनीहरूले तिरेका पनि छन् ।

■ युनिक नेपाल लघुवित्त

एक हजारबाट सुरु गरेको नर्सरी अहिले भयो करोडको



युनिक नेपाल लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिएर नर्सरी व्यवसाय सञ्चालन गरिरहेकी कोहलपुर नगरपालिका- ३ मैटहवाकी राजरानी थारू ।

कोहलपुर नगरपालिका- ३ मैटहवाकी राजरानी थारू नर्सरी व्यवसाय गर्छिन् । भएको सात कट्ठा जमिन पनि बन्धकी राखेर सौतेली दिदीको उपचारमा सकिएपछि उनको परिवारको बिचल्ली भएकै बेला उनले कोहलपुरस्थित एक एग्रोभेटबाट पाँच सय रुपैयाँमा लौका, फर्सी, काँक्रा, करेला र घिरौंलाको बिउ किनिन् । त्यससँगै उनले पाँच सय रुपैयाँमा मलिलो माटो र पोलीब्याग खरिद गरिन् ।

बिउबाट उनले घरमै तरकारीका दुई हजार बेर्ना उत्पादन गरी प्रतिबिरुवा तीन रुपैयाँका दरले बिक्री गरेको उनले बताइन् । एक हजार रुपैयाँमा उत्पादन गरेको तरकारीको बेर्नाबाट उनले ६ हजार आम्दानी गरिन् । 'थोरै लगानीबाट सोचेभन्दा धेरै आम्दानी भएपछि हौसला बढ्यो,' उनले भनिन् ।

तरकारीको बेर्ना उत्पादनसँगै आफ्नो करेसाबारीमा प्लास्टिकमा बिरुवा उत्पादन गरेको उनले सुनाइन् । त्यहीबेला कोहलपुरस्थित एक जंगलमा झाडी फँडानी भइरहेको थियो । इलाका वन कार्यालयका कर्मचारी प्लास्टिकको बिरुवा खोज्दै उनीकहाँ पुगे र प्लास्टिकका थप बिरुवा माग गरे । तर, उनले रकम नभएकाले आफूले थप बिरुवा उत्पादन गर्न नसक्ने बताइन् । 'मेरो कुरा सुनिसकेपछि वन कार्यालयका कर्मचारीले २० हजार रुपैयाँ दिन्छौं, हाम्रा लागि एक लाख बिरुवा उत्पादन गरिदिनुपर्‍यो भन्नुभयो,' उनले भनिन्, 'उहाँहरूले दिएको रकमबाट एक लाख बिरुवा उत्पादन गर्‍यौं र प्रतिबिरुवा एक रुपैयाँका दरले बिक्री गर्‍यौं । यसले व्यवसायलाई थप मद्दत पुग्यो ।'

थारूले कोहलपुरमा दिपेश नर्सरी सञ्चालनमा ल्याएकी छिन् । उनको नर्सरीमा अहिले खोजेको र रोजेको फलफूल र रुखका बिरुवा किन्न पाइन्छ । उनले कोहलपुरस्थित तरकारी बजारमा बिक्री केन्द्र राखेकी छिन् । 'एक हजार रुपैयाँबाट सुरु गरेको व्यवसाय अहिले एक करोडको पुगेको छ,' उनले भनिन्, 'हाम्रो नर्सरीमा उत्पादन भएको फलफूल र बोटबिरुवा देशको ५४-५५ जिल्लामा जान्छ ।'

थारूका अनुसार उनले युनिक नेपाल लघुवित्त वित्तीय संस्थाबाट सुरुमा १० हजार रुपैयाँ ऋण लिइन् । उक्त ऋण चुक्ता गरेपछि २० हजार लिने आँट गरिन् । अहिले उनले सात लाख रुपैयाँ ऋण लिएर मासिक २५ हजार बुझाउँछिन् । 'महिनामा सरदर दुई लाख रुपैयाँ नाफा हुन्छ । यहींबाट कमाएर म्याक्सिमा अटो, मोटरसाइकल, टनेल, पोली हाउस टनेल बनायौं । दिदीको उपचारमा ३० लाख खर्च भयो, त्यो पनि नर्सरी व्यवसायबाट कमाएको पैसा हो,' उनले भनिन् । उनलाई पति रामदयाल थारूले साथ दिन्छन् । उनले धनगढीमा पाँच लाख र कोहलपुरमा साढे दुई लाख रुपैयाँको चाइनिज दुबो लगाउने योजना रहेको बताइन् । 'चाइनिज दुबो आउँदै छ । दुई ठाउँमा काम सकियो भने दुई लाखजति नाफा हुन्छ होला,' राजरानीले सुनाइन् ।

पहिलेको भन्दा नर्सरी उत्पादकको संख्या बढे पनि बिक्रीमा कमी नआएको उनको भनाइ छ । नर्सरी उत्पादकको संख्या बढे पनि बिक्री घटेको छैन,' उनले भनिन्, 'बजारीकरण गर्न जानुपर्दैन ग्राहक आफैं खोज्दै आउँछन् ।'



डा. गोपाल दहित
कार्यकारी निर्देशक
युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड लघुवित्त कार्यक्रमको माध्यमद्वारा गरिबी न्यूनीकरण गर्न २१ वर्षअघि स्थापना भएको हो । यो संस्थाले कर्जा, बचत, रेमिट, लघुकर्जा बिमा र क्षमता विकाससम्बन्धी तालिम दिँदै आएको छ । पश्चिम नेपालको १० जिल्लामा कार्यक्रम सञ्चालन गरेको हाम्रो संस्थाले करिब ९० हजार सदस्यलाई लघुवित्त सेवाबाट प्रत्यक्ष लाभान्वित गराएको छ ।

विपन्न तथा सीमान्तकृत परिवारको आर्थिक तथा सामाजिक उत्थानमा सहजीकरण गर्दै जीवनस्तर सुधार गरी समृद्ध समाज निर्माणमा टेवा पुर्‍याउने मुख्य ध्येय बोकेको यो संस्थाले वित्तीय सेवा विस्तार र सामाजिक सचेतना अभिवृद्धि गरी रोजगारी र गुणस्तरीय सेवा प्रदान गर्ने प्रमुख लक्ष्य रहेको छ ।

कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रूपमा सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोत जुटाएर देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने उद्देश्य लिएको छ ।

०८० साल कात्तिक मसान्तसम्म तीन अर्ब ६७ करोड सात लाख रुपैयाँ कर्जा लगानी रहेको छ । ३० पुस ०७८ मा युनिक लघुवित्त वित्तीय संस्था र घोडीघोडा लघुवित्त वित्तीय संस्था मर्ज गरी एकीकृत सेवा सुरु गरिएपछि अधिकृत पुँजी १० करोडबाट बढेर २० करोड, चुक्ता पुँजी १४ करोड ८५ लाख पुगेको छ ।

यो संस्थामा गत आर्थिक वर्षको अन्त्यसम्म खुद अवितरित मुनाफा १५ करोड २६ लाख रहेको छ । कुल ९० हजार सदस्य रहेको यो संस्थामा ४५ हजारले कर्जा लिएका छन् भने यसका सदस्यले दुई अर्ब ५० करोड ८० लाख रुपैयाँ बचत गरेका छन् ।

४० हजार कर्जाले सुरु भएको मायावतीको व्यवसाय फक्रिँदै

डाडको गढवा गाउँपालिकाकी मायावती यादवको परिवारले ०७१ अघि सामान्य ढंगले भैंसीपालन व्यवसाय गर्दै आएको थियो । उनको परिवारले दुईवटा भैंसी पालेको थियो । त्यसको दूध बिक्रीसहित सामान्य खेतीबाट हुने आम्दानीले उनको परिवारको गुजारा चल्दै आएको थियो । तर, त्यसबाट हुने आम्दानीले उनको परिवारको आवश्यकता पूरा गर्न धौ-धौ भएको थियो । तसर्थ, यादव परिवारलाई भैंसीपालन व्यवसाय विस्तार गरेर आम्दानी बढाउने चाहना थियो । तर, लगानी गर्ने पैसा नहुँदा व्यवसाय विस्तार गर्न सकेका थिएनन् ।

यसैक्रममा उनको गाउँमा छिमेक लघुवित्त वित्तीय संस्थाको भालुभाङ शाखाका कर्मचारी सदस्य समूह बनाउन आइपुगे । त्यहाँ आबद्ध हुँदा व्यवसाय गर्नेलगायतका प्रयोजनका लागि कर्जा पाइन्छ भन्ने जानकारी पाएपछि मायावती यादव छिमेक लघुवित्तमा सदस्य बनिन् । लगत्तै उनले लघुवित्तबाट ४० हजार रुपैयाँ ऋण ल्याएर भैंसीपालनमा लगानी गरिन् । पहिला उनको गोठ (फार्म)मा दुईवटा मात्रै भैंसी थिए । कर्जा ल्याएपछि उनले थप दुईवटा भैंसी किनिन् । यसरी चारवटा भैंसीको दूध बिक्री गर्नेलगायतको माध्यमबाट हुने आम्दानीले उनले लघुवित्तको ऋण तिर्ने र पैसा बचत गर्ने गरिन् । त्यसपछि पनि उनले कहिले ५० हजार, कहिले ६० हजार, कहिले एक लाख, कहिले चार लाख गर्दै १० पटकमा गरेर कुल १६ लाख ३२ हजार कर्जा ल्याइन् । पछिल्लोपटक उनले लघुवित्तबाट पाँच लाख कर्जा ल्याएर भैंसीपालनमा लगानी गरेकी छिन् । उनको भैंसीपालन व्यवसायलाई २९ वर्षीय माइला छोरा हिमाल यादवले अघि बढाएका छन् । साथै, एकजनालाई रोजगारीसमेत दिएका छन् ।

अहिले उनको फार्ममा १२ वटा भैंसी छन्, त्यसमा अहिले चारवटा दुहुना छन् । ती चारवटा भैंसीले दैनिक २० लिटरसम्म दूध दिन्छन् । त्यो दूध उनले प्रतिलिटर ९०-१०० रुपैयाँसम्ममा धानखोल बजारमा बिक्री गर्छन् । यादव परिवारले आफ्नो भैंसीको मात्रै होइन, गाउँमा रहेका अन्य फार्मका भैंसीको दूध पनि खरिद गरेर बजारमा बिक्री गर्छन् । यो व्यवसायबाट मासिक ७० हजार रुपैयाँभन्दा बढी आम्दानी गरेको मायावतीका छोरा हिमाल यादवले बताए । त्यसमा खर्च भने एकदमै कम हुने गरेको उनको भनाइ छ ।

'गाउँकै एकजना व्यक्तिलाई खाने-बस्ने सुविधासहित रोजगारी दिएका छौं, त्यसमा तलब खर्च धेरै छैन । साथै, भैंसीलाई चाहिने दाना आफ्नै खेतमा उत्पादन गर्छौं । आफ्नै जग्गाको घाँसले पुग्छ । त्यसले गर्दा हाम्रो खर्च धेरै छैन,' उनले भने, 'तसर्थ, हामी यो आम्दानीबाट सन्तोष नै छौं । यद्यपि, व्यवसाय विस्तार गर्ने योजनामा छौं ।' उनका अनुसार झन्डै १२ कट्ठामा जग्गामा फार्म बनेको छ । त्यसबाहेक तीन बिगा जग्गामा धान, मकै, तोरी, मसरुम, तरकारी खेती गरेका छन् । त्यहाँबाट उत्पादन हुने मकैजस्ता अन्नबाट दाना बनाएर भैंसीलाई खुवाइन्छ । घाँस पनि त्यहींबाटै पुग्ने गरेको यादवले बताए । भैंसीको मल (गोबर) पनि त्यही खेत (जग्गा)मै खपत हुने गरेको छ ।

■ जोडे पाँच कट्ठा जग्गा र बनाए ६ कोठे पक्की घर

भैंसीपालन व्यवसाय गरेर यादवको परिवारले गाउँमै ५ कट्ठा जग्गा किनेका छन् । साथै, पहिला सामान्य प्रकृतिको कच्ची घरमा बसेको उनको परिवारले ६ कोठाको पक्की घरसमेत बनाउन सफल भएको छ । साथै, लघुवित्तमा नगद जम्मा पनि गर्दै गएका छन् । लघुवित्तको ऋणले नै आफ्नो परिवारको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन ल्याउन सकिएको छोरा हिमाल यादव बताउँछन् ।

■ व्यवसाय थप विस्तार गर्ने योजनामा यादव परिवार

सन्तोषजनक आम्दानी भएपछि यादव परिवार भैंसीपालन व्यवसायलाई थप विस्तार गर्ने योजनामा छ । अहिले फार्ममा १२ वटा भैंसी छन्, त्यसको संख्या न्यूनतम २२ वटा पुर्‍याउने उनीहरूको परिवार छ । अधिकतम पनि ३० वटा भैंसीपालन गर्ने लक्ष्य रहेको छोरा हिमाल यादवले बताए । 'अब १२ वटा भैंसीमा सीमित हुनुहुँदैन । अब भैंसीको संख्या बिस्तारै बढाउँदै जाने योजना छ । न्यूनतम २०-२२ देखि अधिकतम ३० वटासम्म भैंसीपालन गर्ने योजना छ,' उनले भने, 'त्यसपछि थप दुईजनालाई रोजगारीसमेत सिर्जना हुनेछ ।'

■ यी महिला, लघुवित्तकै कर्जाबाट व्यवसाय गर्दै छन्

यस्तै, कैलालीको गोदावरी- ८ की सीता चौधरीले पनि छिमेक लघुवित्तको गेटा शाखाबाट कर्जा ल्याएर कुखुरापालन तथा तरकारी खेती गर्दै आएकी छिन् । उनी २२ असोज ०७२ मा लघुवित्तको सदस्य बनेकी थिइन्, हालसम्म उनले आठपटक गरेर १३ लाख ३१ हजार कर्जा ल्याइसकेकी छिन् । पछिल्लोपटक उनले लघुवित्तबाट पाँच लाख कर्जा प्रयोग गरेकी छिन् । उनले यो व्यवसायबाट १८ लाख रुपैयाँ सम्पत्ति जम्मा गरेकी छिन् ।

यसैगरी, कञ्चनपुर जिल्लाको पुनर्वासकी ममता तामाङले पनि छिमेक लघुवित्तको पुर्नवास शाखाबाट कर्जा ल्याएर खाजाघर तथा खुद्रा पसल सञ्चालन गर्दै आएकी छिन् । उनले हालसम्म २१ पटक गरेर छिमेक लघुवित्तबाट १४ लाख ७७ हजार कर्जा प्रयोग गरेकी छिन् । पछिल्लोपटक उनले लघुवित्तबाट चार लाख रुपैयाँ कर्जा प्रयोग गरेकी छिन् । व्यवसायबाट उनले एक कट्ठा जग्गा जोडेकी छन् । यसैगरी कैलाली जिल्ला गौरीगंगाकी लक्ष्मीकुमारी सापकोटाले पनि छिमेक लघुवित्तको राजीपुर शाखाबाट कर्जा ल्याएर आलु खेती र मौरीपालन गर्दै आएकी छिन् ।

■ अबको यात्रा सदस्यहरूलाई उद्यमी बनाउने



दीपकनिधि तिवारी
प्रमुख कार्यकारी अधिकृत
छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

छिमेक लघुवित्त वित्तीय संस्था सञ्चालनमा आएको २९ वर्ष भयो । पहिलो सात वर्ष हामीले गैरसरकारी संस्था (एनजिओ)अन्तर्गत लघुवित्त वित्तीय सेवा प्रदान गरेका थियौं । पछिल्लो २२ वर्षयता भने लघुवित्त वित्तीय संस्थाकै रूपमा काम गर्दै आएका छौं । कर्जा लगानी गर्ने मामिलामा छिमेक लघुवित्तले दूरदराजका विपन्न गरिब परिवार लाई प्राथमिकतामा राखेको छ, त्यसमा पनि महिलालाई बढी प्राथमिकता दिएका छौं ।

हामीबाट कर्जा लैजाने अधिकांश ग्राहक महिला नै छन् । त्यसमा पनि कृषि, पशुपालनजस्ता अन्य व्यवसाय गर्ने सदस्यलाई बढी प्राथमिकतामा राख्ने गरेका छौं । साथै, कर्जा लगानी पनि हचुवामा गर्दैनौं । पहिला सदस्यलाई कृषि, पशुपालनलगायतका व्यावसायिक तालिम प्रदान गर्छौं । एउटा शाखाले वर्षमा दुईवटा तालिम दिनैपर्छ । कृषि, पशुपालन, खुद्रा व्यापारसहित धुप, मैनबत्ती, अगरबत्ती र अचार बनाउने तालिम पनि सदस्यहरूलाई दिने गर्छौं । त्यसपछि सोही व्यवसाय गर्न कर्जा लगानी गरिदिन्छौं । हामीबाट वित्तीय सेवा लिएर धेरै सदस्य कृषि, पशुपालन, खुद्रा व्यापारमा स्थापित हुन सफल भएका छन् ।

हाम्रो उपस्थितिले महिलाको आर्थिक तथा सामाजिक विकासमा ठूलो सहयोग पुगेको छ । २९ वर्षअघि हामीले काम सुरु गर्दा महिलालाई घरबाट निस्कनै चुनौती थियो । उनीहरूको श्रीमान् तथा परिवारका अन्य सदस्यलाई 'कन्भिन्स' गर्नुपर्ने थियो । उनीहरूलाई कन्भिन्स गरेपछि मात्रै महिला हाम्रो समूहमा सदस्य हुने गर्दथे । अहिले महिला आफैं पैसा जुटाएर व्यवसाय गर्न सक्ने, आर्थिक रूपमा माथि आउने र सामाजिक रूपमा समेत अघि बढ्ने अवस्थामा पुगेका छन् । महिला सशक्तीकरणमा लघुवित्तको पनि ठूलो योगदान छ । साथै, गरिबी निवारणमा पनि लघुवित्तले योगदान दिँदै आएको छ ।

हाम्रो सेवाबाट ग्राहक पनि खुसी नै देखिन्छन् । हामीले प्रत्येक शाखा कार्यालयमा सार्वजनिक सुनुवाइ कार्यक्रम गर्न थालेका छौं । केही शाखा कार्यालयमा सार्वजनिक सुनुवाइ भइसक्यो । त्यसमा ग्राहकको गुनासो नगन्य छ । जति गुनासो आएको छ, त्यसलाई सम्बोधन गर्ने गरी अघि बढेका छौं । सार्वजनिक सुनुवाइमा अधिकांशले छिमेक लघुवित्तमा आबद्ध भएर धेरै फाइदा भएको बताएका छन् । हाम्रो कारण व्यवसायमा लगानी जुटाउन, घरपरिवार चलाउन सजिलो भएको उनीहरूको भनाइ छ ।

अब हामी सदस्यलाई मात्र नभएर उनीहरूको परिवारका अभिभावक तथा छोराछोरीलाई उद्यमशीलता सम्बन्धी तालिम दिएर व्यावसायिक तथा स्वरोजगार बनाउने योजनामा छौं । अहिले बाराको जितपुरमा १८ सदस्यका छोरा र श्रीमान्‌हरूलाई पलम्बिङसम्बन्धी तीनमहिने तालिम दिइरहेका छौं । खाना, खाजा र आवासीय सुविधासहित निःशुल्कमा रूपमा उक्त तालिम आयोजना गरिएको हो । यो तालिम अन्तिम चरणमा पुगिसकेको छ । यो तालिमप्राप्त व्यक्तिहरूलाई स्वरोजगार बन्न सहयोग पुग्ने विश्वास छ ।

यस्तै, अब हामी सदस्यहरूलाई उद्यमी बनाउने योजनामा पनि छौं । कर्मचारीहरूमा उद्यमशीलतासम्बन्धी ज्ञान नभएसम्म सदस्यहरूलाई उद्यमी बनाउन सकिँदैन । कर्मचारीहरूमा उद्यमशीलताबारे ज्ञान भए मात्रै सदस्यहरूलाई उद्यमशील बनाउन सकिन्छ जस्तो लाग्छ । तसर्थ, व्यवसायी योजना कसरी बनाउने ? कस्तो व्यावसायिक योजना बनाउने ? कुन व्यवसाय गर्ने ? भन्नेलगायतका विषयमा सदस्यलाई परामर्श दिने गरी कर्मचारीमा क्षमता विकास गर्दै छौं । साथै, सदस्यहरूमा पनि उद्यमशीलताबारे क्षमता विकास गर्ने तालिम दिनेछौं । समग्रमा अब हामी सदस्यहरूलाई उद्यमी बनाउने गरी अघि बढ्छौं ।

यसबाट कर्जाको सदुपयोग पनि बढ्छ भन्ने विश्वास छ । पछिल्लो समय लघुवित्त वित्तीय संस्थाहरूमा विकृति देखियो भनेर टिप्पणी भइरहेको छ । कर्जाको दुरुपयोग पनि भएका हुन सक्छन् । अब लघुवित्त क्षेत्रमा भएको विकृति हटाउने र कर्जाको सदुपयोग बढाउने गरी अघि बढ्छौं ।

हालसम्म ६९ जिल्लामा एक सय ९७ शाखा सञ्जाल विस्तार गरिसकेका छौं । हालसम्म आउँदा हाम्रो सदस्य संख्या चार लाख १५ हजार ६ सय ७३ र कर्जा लिने ग्राहकको संख्या दुई लाख पाँच हजार तनि सय ५६ पुगेको छ । हालसम्म छिमेक लघुवित्तले ३१ अर्ब ८८ करोड ९६ लाख निक्षेप संकलन गरेको छ भने ३३ अर्ब सात करोड २४ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ ।

सदस्यको प्रगतिमा जीवन विकासको साथ

विगतको कष्टप्रद दैनिकी सम्झँदा विराटनगरकी नसिमा खातुनलाई अहिले पनि भाउन्न चल्छ। दुःखजिलो गर्दै परिवार चलाउन त्यसवेला गर्नुपरेका अनेकौं कष्टले अहिले पनि उनलाई झस्काउँछ। तर, जब उनी आफैं उद्यमशील बन्ने दिशामा उन्मुख बनिन्, त्यो यात्राले उनको जीवनरेखा बदल्दै लगेको छ। हिजोका अग्ला दुःखका टाकुरा आज क्रमशः होचिँदै गएका छन्। पारिवारिक र आर्थिक हैसियत उकालिँदै गएको छ। सामाजिक प्रतिष्ठा पनि बढेको छ।

'म र मेरो परिवारलाई आजको अवस्थामा पुऱ्याउने जीवन विकास लघुवित्त हो,' कृतज्ञतासहितको स्वरमा उनले भनिन्, 'जीवनमा उत्साहसाथ केही गर्नुपर्छ भन्ने आँट यही संस्थाले दियो। बलियो साथ र भरोसा दियो। त्यही आडले आज हाम्रो परिवारको अवस्था सहज बन्दै गएको छ।'

०६४ मा जीवन विकासको सदस्य बनेकी नसिमाले पहिलोपटक आठ हजार रुपैयाँ ऋण लिइन्। विगत सम्झँदै नसिमाले भनिन्, 'आठ हजार धेरै थियो मेरा लागि, नियमित तिर्ने किस्ता कहाँबाट ल्याउनु, तर आँट गरैं, जे हुन्छ उपरवालाको कृपाले हुन्छ भन्दै लिएको ऋणबाट कवाडीको व्यापार सुरु गर्‍यौं त्यसले पुँजी बढ्दै गयो।'

भाडाको सानो एउटा कोठामा बसिरहेकी नसिमाले लघुवित्तको सहयोगमा आफ्नो घर बनाइन्। जेठो छोरो जाकिर अर्काको चप्पलजुत्ता पसलमा काम गर्थे। जीवन विकास लघुवित्तबाटै ऋण लिएर जुन पसलमा उनले पाँच वर्षसम्म काम गरेका थिए त्यो पसल किने। मासिक तीन हजार पाँच सयबाट पसलमा काम गरेका जाकिरले अहिले तीनजनालाई रोजगारी दिएका छन्। 'मैले यही दोकानमा ५-६ वर्ष स्टाफको रूपमा काम गरैं,' विगत सम्झँदै जाकिर भन्छन्, 'जीवन विकास लघुवित्तको सहयोगमा अहिले यसको मालिक छु, अरूलाई रोजगारी पनि दिएको छु।'

विदेश जान ठिक्क परेको छोरालाई नेपालमै रोकेर व्यवसायी बनाएकी नसिमा खुसी छिन्। उनको परिवार खुसीसाथ बसेको छ।

१८ वर्ष अरूको रिक्सा भाडामा चलाएका विराटनगर-१६ दरैयाका ह्याप्पीकुमार पासवानलाई पनि जीवन विकास लघुवित्तले सिटी सफारीको मालिक बनाएको छ। परिवारको आवश्यकता पूरा गरेर बचत पनि गरिरहेका छन्। छोरालाई इन्जिनियरिङ पनि पढाइरहेका छन्। '१६ वर्ष पाइडल रिक्सा भाडामा चलाएँ, त्यसपछि सिटी सफारी भाडामा चलाएँ,' पासवान भन्छन्, 'हिजो आफूसँग नहुँदा भाडामा चलाएँ, जीवन विकासले मलाई मालिक बनाइदियो।' भाडाको सफारी चलाउँदा कमाएको पैसा साहुलाई बुझाउनुपर्थ्यो, तर अहिले कमाएको पैसा सबै आफ्नै हुन्छ। नसिमा र ह्याप्पी मात्रै होइन, जीवन विकास लघुवित्त वित्तीय संस्थाले लाखौं परिवारको प्रगतिमा सहयोग गरेको छ।

गाउँमा 'ह्युमन एटिएम'

मोरङ ग्रामथान गाउँपालिका- १ रविहाटकी रेवता रानामगरलाई गाउँका मान्छेले एटिएम भन्छन्। उनी काम पनि एटिएमले जस्तै गर्छिन्। घरअगाडि आँगनमा अधिकृत टेलर सदस्य (एटिएम)को बोर्ड टाँगिएको छ। पैसा झिक्न र राख्नु परे छरछिमेकीहरू उनको घरमा आउँछन्। बिजुलीको बिल, मोबाइल रिचार्ज गर्नका लागि पनि उनलाई नै खोज्छन्। 'म अहिले यहाँको एटिएम भएकी छु,' रानामगर भन्छिन्, 'एटिएमले जस्तै काम पनि गर्छु।'

जीवन विकास लघुवित्तले ग्रामीण क्षेत्रमा रहेका विपन्न समुदायसम्म डिजिटल पहुँच पुऱ्याउन ह्युमन एटिएम (अधिकृत टेलर सदस्य) र मोबाइल बैंकिङ सेवा प्रदान गरिरहेको छ। ह्युमन एटिएममार्फत जीवन विकासमा आबद्ध सदस्यले गाउँगाउँमा नगदरहित कारोबार गरिरहेका छन्।

एटिएम सुरु भएपछि प्रविधिको प्रयोग गर्न पनि सदस्यले सिकेका छन्। नगदरहित कारोबार सुरु भएपछि लघुवित्तको केन्द्र बैठक पनि छिटो सकिन थालेको बिमलाले बताइन्। उनले भनिन्, 'बचत र किस्ता सदस्यले अनलाइनबाटै तिर्छन्,आफ्नो पैसा झिक्न पनि मिल्छ।'

नगदरहित कारोबारलाई प्रोत्साहित गर्न लघुवित्तले गाउँमा अधिकृत टेलर सदस्य (एटिएम) तोकेको लघुवित्तका प्रमुख कार्यकारी अधिकृत सञ्जयकुमार मण्डलले बताए। 'नगद हुँदा जोखिम हुन्छ, त्यसैले नगदरहित कारोबारलाई लघुवित्तले प्रोत्साहित गरिरहेको छ,' उनले भने, 'नगदरहित कारोबार गर्नेको संख्या बढ्दो छ।' उनका अनुसार लघुवित्तले 'एक टोल एक एटिएम'को नारासहित सेवा सञ्चालन गरिरहेको छ। 'ह्युमन एटिएमको प्रयोगले समाजमा नगदरहित कारोबार प्रभावकारी भएको छ,' उनले भने, 'यसले नगदरहित केन्द्र बैठक सञ्चालनमा समेत सहयोग गरेको छ।' हाल एक हजारभन्दा बढी ह्युमन एटिएम एक लाख १२ हजारभन्दा बढी सदस्यले कारोबार गरिरहेका छन्।

सुखदुःखमा 'जीवन विकास'

केही दिनअघि ग्रामथान गाउँपालिका- २ खड्गरिया झोडाकी यारुनाकुमारी सरदारको घरमा जीवन विकास लघुवित्त वित्तीय संस्था झोराहाट शाखाकी प्रमुख सिर्जना खवास कर्मचारीसहित झोला र दुईवटा फलफूलका बिरुवा बोकेर पुगिन्। उनलाई हर्लिक्स, साबुन, च्यावनप्राश र पाउडर राखिएको झोला उपहार दिइन्। ब्ल्यांकेट निकालेर कोक्रोमा सुतिरहेकी शिशुलाई ओडाइन्। बोकेर लगेको आँप र लिचीको बिरुवा करेसाबारीमा रोपिदिइन्। यारुनालाई एक हजार रुपैयाँ दिएर फर्किइन्।

जीवन विकास लघुवित्तको केन्द्र नम्बर ४६ की सदस्य सरदार सुत्केरी भएपछि उपहार र बिरुवा बोकेर शाखा प्रमुख खवास सरदारको घर पुगेकी थिइन्। संस्थामा आबद्ध सदस्यको घरमा जन्ममा खुसी र मृत्युमा समवेदना प्रकट गर्न उनी बिरुवा बोकेर पुग्छिन्। खवास मात्र होइन, जीवन विकास लघुवित्तको एक सय ६० शाखा कार्यालयका कर्मचारी सदस्यको सुखदुःखमा बिरुवा बोकेर घर-घर पुग्छन्। जन्मिएका र मृत्यु भएका व्यक्तिको नाममा फलफूलको बिरुवा रोपेर फर्कन्छन्।

दुईवटा बच्चासम्म लघुवित्तले आफ्नो सदस्यलाई सुत्केरी सुविधा दिने गरेको छ। नर्मल डेलिभरी भएका सदस्यलाई एक हजार र अप्रेसन गरेकालाई दुई हजार दिन्छ। सदस्य र सदस्यको श्रीमान्को मृत्यु भए जीवन विकासले १० हजार रुपैयाँ काजकिरिया खर्च दिन्छ। मृतकको नाममा फलफूलको बिरुवा रोपिदिन्छन्।

जन्म र मृत्यु भए सदस्यको घर पुगेर लघुवित्तले बिरुवा रोप्न थालेको तीन वर्ष भयो। सदस्यको सुखदुःखमा संस्था साथमा रहेको आभास दिलाउन यो अभियान सञ्चालन गरिएको लघुवित्तले जनाएको छ। सदस्यको घरमा रोपिएको बिरुवाले भोलि उत्पादन दिन्छ, बारीमै उत्पादन भए सिजनका फलफूल खान पाइने र बोटबिरुवाले वरिपरिको वातावरण स्वच्छ राख्नमा टेवा पुग्छ। यसरी रोपेको बिरुवाको संरक्षण पनि भएको छ। तीन वर्षमा संस्थाले तीन हजार तीन सय १६ सदस्यको घरमा पुगेर ६ हजार ६ सय ३२ वटा फलफूलको बिरुवा रोपिसकेको छ।

निःशुल्क ट्युसन सेन्टर

जीवन विकास लघुवित्त वित्तीय संस्थाले दुई हजार बालबालिकालाई निःशुल्क ट्युसन पढाइरहेको छ। मोरङको कटहरीमा केन्द्रीय कार्यालय रहेको लघुवित्तले सामाजिक उत्तरदायित्वअन्तर्गत २४ जिल्लाका विभिन्न ७२ स्थानमा निःशुल्क ट्युसन सेन्टर सञ्चालन गरिरहेको हो। ती सेन्टरमा एक-एकजना शिक्षकले रोजगारी पाएका छन्। दुई हजारभन्दा बढी विपन्न परिवारका बालबालिकाले पढ्न पाएका छन्।

विपन्न समुदायका बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्तिको अभियानमा सहयोग गर्ने उद्देश्यले ट्युसन सेन्टर सञ्चालन गरेको लघुवित्तका प्रमुख कार्यकारी अधिकृत मण्डलले बताए।

'सहरबजारका सम्पन्न परिवारका बालबालिका सुविधासम्पन्न विद्यालय जान्छन्, बिहान-बेलुका बाबुआमाले आफ्ना छोराछोरीले गृहकार्य गरे-नगरेको हेर्छन् र गराउँछन्,' उनले भने, 'विपन्न परिवारलाई दैनिक गुजाराको बन्दोबस्त जुटाउँदै ठिक्क हुन्छ, अधिकांशले बच्चाबारे चासो लिएर गृहकार्य गराउने र बच्चाको सिकाइ कस्तो छ भनेर मापन गर्न पनि सक्दैनन्।'



मोरङको ग्रामथान गाउँपालिकामा जीवन विकास लघुवित्त वित्तीय संस्थाले सञ्चालन गरिरहेको ह्युमन एटिएम (अधिकृत टेलर सदस्य)मा कार्यरत रेवाता रानामगर।

ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन लघुवित्तको ठूलो भूमिका छ

०५४ मा स्थापना भएको जीवन विकास समाजद्वारा प्रवर्द्धित जीवन विकास लघुवित्त वित्तीय संस्थाले गरिबीरहित नेपालको परिकल्पनासहित वित्तीय, सामाजिक र डिजिटल सेवा प्रदान गरिरहेको छ। हाल नेपालका २४ जिल्लाका तीन लाख ४३ हजार विपन्न परिवार जीवन विकासमा आबद्ध भई सेवा लिइरहेका छन्। १० अर्ब निक्षेप संकलन गरेको लघुवित्तले २६ अर्ब कर्जा लगानी गरेको छ। वित्तीय संस्थाले सदस्यलाई वित्तीय सेवासँगै उद्यमशीलता र वित्तीय साक्षरता विकासका लागि अभियान सञ्चालन गरिरहेको छ। यो क्रम निरन्तर बढ्दो छ। लघुवित्तको सहयोगमा लाखौं परिवारको जीवनस्तर उकासिएको छ।


सञ्जयकुमार मण्डल
प्रमुख कार्यकारी अधिकृत
जीवन विकास लघुवित्त वित्तीय संस्था

आर्थिक असमानतालाई न्यूनीकरण गर्दै सहरी क्षेत्र तथा सम्पन्न परिवारको मात्र पहुँच रहेका वित्तीय र अन्य सेवा लघुवित्तमार्फत ग्रामीण क्षेत्रका विपन्न परिवारले उपभोग गर्न पाएका छन्। स्थानीय स्तरमा आयआर्जन र उद्यमशीलता विकास गर्ने अवसर सिर्जना भएको छ।

जीवन विकासले देशभित्र रहेको बेरोजगारी समस्या न्यूनीकरण गर्ने उद्देश्यका साथ स्वदेशमै रहेका तथा वैदेशिक रोजगारबाट फर्किएका युवालाई लक्षित गरी उद्यमशीलता विकासमा जोड दिएको छ। ग्रामीण तथा विपन्न परिवारको वित्तीय साक्षरताको स्तर अभिवृद्धि गर्दै डिजिटल बैंकिङ सेवाको विकास लागि नगदरहित कारोबार गर्न प्रोत्साहित गरेको छ। ग्रामीण क्षेत्रमा नै डिजिटल सेवा उपभोगको वातावरण सिर्जना गरेको छ।

लघुवित्तको सेवालाई नागरिकको घरसम्म पुऱ्याउन लघुवित्तका कर्मचारीले अहोरात्र मिहिनेत गरिरहेका छन्। कर्मचारीको मिहिनेत प्रशंसनीय छ। तर, पछिल्लो समय गाउँ तहमा फैलिएको नकारात्मक प्रचारले लघुवित्तको सेवा प्रवाहमा चुनौती थपिएको छ।

सदस्यको घरआँगनमा वित्तीय पहुँच पुऱ्याउन खटिएका कर्मचारीमाथि केही स्थानमा अवरोध भएका छन्। अहिले बजारमा फैलिएको नकारात्मक प्रभाव चिर्न र कर्मचारीको मनोबल बढाउन राज्यले तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकता छ। नकारात्मक भ्रम फैलाउने जोकोहीलाई सरकारले कानुनी दायरामा ल्याउनुपर्छ, होइन भने दण्डहीनता बढ्छ।

अहिलेको असहज परिस्थितिमा सदस्यको आवश्यकताअनुसार किस्तामा सहजता गर्ने, बन्द भएका वा कमजोर अवस्थामा रहेका व्यवसाय पुनः सञ्चालन गर्न सहयोग गर्ने र नियमित वित्तीय सेवा प्रदान गरी ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन मिहिनेत गरिरहेका छौं।

उपकार लघुवित्त : दूध बेचेरै दैनिक २५ सय आम्दानी


उपकार लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिएर भैंसीपालन गरिरहेकी कोहलपुर नगरपालिका- २ शक्तिनगरकी इन्द्रा वली।

दूध बिक्री गरेर कोहलपुर नगरपालिका- २ शक्तिनगरकी इन्द्रा वलीले दैनिक दुई हजार पाँच सय रुपैयाँ कमाउँछिन्। उनीसँग ६ वटा भैंसी र तीनवटा पाडापाडी छन्। तीनवटा दुहुना भैंसीले दैनिक कम्तीमा ३० लिटर दूध दिन्छन्। त्यो दूध उनले गाउँमा प्रतिलिटर सय रुपैयाँमा बिक्री गर्छिन् भने डेरी उद्योगले प्रतिलिटर ८० रुपैयाँमा किन्छन्। 'डेरी उद्योगले घरमै आएर लैजान्छन्। तर, मूल्य थोरै दिन्छन्,' उनले भनिन्।

वलीले सुरुमा उपकार लघुवित्त वित्तीय संस्थाबाट १० हजार रुपैयाँ कर्जा लिइन्। उक्त कर्जाबाट बाख्रा खरिद गरिन्। बाख्रा बिक्री गरेर कर्जा चुक्ता गरेकी उनले ५० हजारमा एउटा व्याउने भैंसी किनिन्। त्यो भैंसीले दैनिक ६-७ लिटर दूध दिइरहेको थियो। तर, उक्त भैंसी खाल्डोमा खसेर मऱ्यो। 'दुहुनो भैंसी मरेपछि गोठ खाली भयो,' उनले भनिन्, 'भैंसीको बिमाबापतको रकम र उपकार लघुवित्त वित्तीय संस्थाबाट एक लाख रुपैयाँ कर्जा लिएर तीनवटा भैंसी किन्यौं।'

अहिले वली दूध बिक्रीबाटै मासिक १७ हजार रुपैयाँ कर्जा बुझाउँछिन्। र, मासिक सरदर एक हजार रुपैयाँ उपकार लघुवित्तमा बचत गर्छिन्। व्यावसायिक रूपमा भैंसीपालन गर्न थालेदेखि घर खर्च चलाउन उनलाई पतिसँग हात थाप्न परेको छैन। 'छोराछोरीको विद्यालय शुल्क, स्टेसनरी, लत्ताकपडाका लागि पतिसँग माग्न पर्दैन। घर व्यवहारसमेत दूध बेचेर चलाउँछौं,' वलीले भनिन्। भैंसीपालन गर्दा दुःख भए पनि परिश्रमअनुसारको फल पाएको उनले सुनाइन्। उनले भनिन्, 'भैंसी पाल्न दुःख त छ, तर आम्दानी पनि राम्रो छ।'


शारदाकुमारी खत्री
प्रमुख कार्यकारी अधिकृत
उपकार लघुवित्त वित्तीय संस्था लि.

पश्चिम नेपालका महिलालाई आर्थिक तथा सामाजिक रूपमा सबल बनाई महिला सशक्तीकरण गर्ने उद्देश्यसहित उपकार लघुवित्त वित्तीय संस्था सुरु भएको हो।

लुम्बिनी प्रदेशको गुल्मी र पूर्वी रुकुमबाहेक १० जिल्लामा कार्यक्रम सञ्चालन गरेको उपकार लघुवित्त वित्तीय संस्था २५ साउन ०७५ मा वित्तीय संस्थामा रूपान्तरण भएको हो। हाम्रो संस्थाले ३३ वटा शाखामार्फत सेवा प्रवाह गर्दै आएको छ। विपन्न, निम्नमध्यम वर्गलाई मध्यनजर गरी स्थापना भई हालसम्म ४१ हजार महिला आबद्ध छन्।

सुरुवाती चरणमा यसको कुल पुँजी ६ करोड ५६ लाख र चुक्ता पुँजी चार करोड २० लाख रहेकोमा सर्वसाधारणका लागि सेयर खुला गरेपछि १० करोड ६१ लाख रुपैयाँ पुगेको छ। विपन्न महिलालाई विनाधितो कर्जा प्रवाह गर्दै आएको यो संस्थाका सदस्यले सुरुमा मासिक १० रुपैयाँ बचत गरेका थिए। अहिले उनीहरूसँग एक लाखसम्म बचत पुगेको छ। संस्थाले दुई अर्ब सात करोड रुपैयाँ कर्जा लगानी गरी एक अर्ब १२ करोड बचत गरेको छ।

सहकारीको सहयोगले बनायो उद्यमी

खानलाई खेतमा उब्जाएको अन्नबालीले पुगे पनि नुनतेल, लुगाफाटो, बिरामी पर्दा औषधोपचारका लागि खर्चको जोहो गर्न धौधौ पर्थ्यो। श्रीमान् बेरोजगार थिए। वृद्धावस्थामा भारतमा काम गर्ने ससुराले पठाउने पैसाले मुस्किलले घर खर्च धानेको थियो। कैलालीको लम्कीचुहा नगरपालिका- ३, तिल्काकी उषादेवी खड्काको दशकअघिको यस्तो अवस्था अहिले फेरिएको छ। घरखर्च चलाउन उनले अहिले अरूसँग हात फैलाउनुपरेको छैन। लम्कीमा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाको सहयोगमा उद्यम सुरु गरेपछि उनको परिवारको जीवनस्तर फेरिएको हो।

घरखर्चको समस्याले पिरोलेपछि उनले आफैं केही गर्ने सोच बनाइन्। १० वर्षअघि किसान बहुउद्देश्यीय सहकारीबाट १५ हजार रुपैयाँ ऋण लिएर चारवटा बंगुरका पाठा किनेर बंगुरपालन सुरु गरिन्। व्यवसाय बढ्न थालेसँगै आर्थिक समस्यासँग सामना गर्न सहज हुन थाल्यो। चार वर्ष बंगुरपालन गरेपछि उषाले कुखुरापालन सुरु गरिन्। उनको मिहिनेत र लगनशीलता देखेर साना किसानले विश्वास गरेर ऋण लगानी बढायो।

सहकारीबाट ८० हजार ऋण लिएर कुखुरापालन सुरु गरेकी उनको खोरमा अहिले एक हजार दुई सय कुखुरा छन्। व्यवसाय विस्तार गर्दा सहकारीको ऋण थपेर पाँच लाख पुऱ्याइन्।

व्यावसायिक कुखुरापालन सुरु गरेपछि अहिले घरखर्च चलाउन सहज भएको उनले बताइन्। छोराछोरीलाई निजी विद्यालय पढाउँछिन्। 'आम्दानीले सहकारीबाट लिएको ऋणको किस्ता तिर्ने, घरखर्च चलाउनेसँगै बचत पनि हुन थालेको छ,' उनले भनिन्, 'पहिलेजस्तो खर्चको समस्या छैन।'

उत्पादित कुखुरा चल्ला दिने डिलरले नै किनिदिने भएकाले बजारको समस्या नरहेको उनी बताउँछिन्। दाना उत्पादन गर्ने कम्पनीमा काम गर्ने उनका श्रीमान् टेकबहादुर फुर्सदमा श्रीमतीलाई सघाउँछन्। परिवारको गुजाराका लागि जीवनका ४० वर्ष भारतमा मजदुरी गरेर बिताएका ससुरा शेरबहादुर वृद्धावस्था लागेसँगै ६ वर्षयता भारत गएका छैनन्। व्यवसाय सुरु गरेपछि आर्थिक हैसियतसँगै जीवनस्तर पनि फेरिएको उषाले बताइन्। 'किसान सरकारीबाट लिएको कर्जाले मलाई व्यवसायमा धेरै ठूलो सहयोग पुगेको छ,' उनले भनिन्।

लम्कीचुहा-९, प्रतापपुरकी अम्मकला शाही घरमा किराना पसल चलाउँछिन्। नौ वर्षअघि किसान सहकारीको स्थानीय महिला समूहमा आबद्ध भएपछि उनी व्यवसायमा लागेकी हुन्। घरवास ऐलानी भएकाले त्यसलाई धितोमा राखेर ऋण लिई केही गर्न सक्ने अवस्था थिएन। धितो र आम्दानी पनि नभएपछि ऋण दिन कसैले पत्याउँदैनथे। समूहमा आबद्ध भएपछि उनले सहकारीबाट विनाधितो ऋण पाउन सकिने थाहा पाइन्। सुरुमा सहकारीबाट २० हजार रुपैयाँ ऋण लिएर बाटोमै रहेको आफ्नो घरमा थोरै सामान राखेर किराना पसल सुरु गरिन्। नियमित किस्ता तिरेकाले त्यही सहकारीबाट ऋण बढाएर पसलमा सामान पनि थपेको उनी बताउँछिन्।

टोलछिमेकका स्थानीय उनका ग्राहक हुन्। पसल सुरु गरेपछि सामान्य घरखर्च चलाउन पहिलेभन्दा सजिलो भएको अम्मकलाले बताइन्। 'गाउँमा धेरै ठूलो व्यापार हुँदैन, नजिकका मान्छे सामान किन्न आउँछन्,' उनले भनिन्, 'घरखर्च चलेको छ।' उनले अहिले किसान सहकारीबाट तीन लाख रुपैयाँ ऋण थपेर पसलमा सामान थप्नुका साथै कपडाको घुम्ती व्यवसाय सुरु गरेकी छिन्। ६ वर्षअघिसम्म भारतमा मजदुरी गर्ने उनका श्रीमान् अहिले तयारी कपडा गाउँघरमा गएर बेच्ने काम गर्छन्।

श्रीमान्-श्रीमती व्यवसायमा लागेपछि किसान सहकारीको नियमित किस्ता तिर्ने, घरखर्च, तीन छोराछोरीको पढाइ खर्चसँगै मासिक थोरै रकम स्थानीय समूहमा जम्मा गर्न थालेको उनले बताइन्।

उषा र अम्मकलाजस्तै किसान बहुउद्देश्यीय सहकारीबाट ऋण लिएर महिला उद्यमी बनेका अरू पनि उदाहरण छन्। लम्कीमा प्रधान कार्यालय रहेको यो सहकारीले समूहमार्फत विनाधितोसमेत ऋण लगानी गर्न थालेपछि उद्यमतिर लागेका महिलाको संख्या ठूलो छ।


कैलालीको लम्कीचुहा नगरपालिका- ३ चिल्काकी उषादेवी खड्काले किसान बहउद्देश्यीय सहकारी संस्थाबाट ऋण लिएर सञ्चालन गरिरहेको कुखुरा फार्म।

उद्यमशीलतालाई प्राथमिकता दिएर लगानी गरेका छौं

०५२ सालमा स्थापना भएको किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सुदूरपश्चिम प्रदेशका ६ वटा र लुम्बिनी प्रदेशका एक जिल्लामा गरी ४२ वटा सेवा केन्द्रमार्फत सेवा दिइरहेको छ। सहकारीका ८० हजार सेयरधनी र तीन सय १८ जना कर्मचारी छन्। वार्षिक करिब ६ अर्बको कारोबार हुन्छ। पाँच अर्ब ७२ करोड रुपैयाँ लगानी र पाँच करोड रुपैयाँ निक्षेप छ। हामीले उद्यमशीलतालाई जोड दिएका छौं। विशेष गरेर कृषि र पशुपालनलाई प्राथमिकतामा राखेर लगानीमा जोड दिएका छौं। लगानीसँगै तालिम, बिउबिजन तथा मलखादमा सहयोग गरिरहेका छौं। हाम्रा सेयर सदस्यले सहकारीको सहयोगमा कृषिमा बाख्रापालन, भैंसीपालन, तरकारी खेती, बंगुरपालन, कुखुरापालनजस्ता व्यवसाय गरिरहेका छन्। हामीले किसान 'कपमार्ट' चलाइरहेका छौं। सदस्यका उत्पादन मार्टमार्फत बिक्री गर्छौं।


डम्बरबहादुर शाह
महाप्रबन्धक
किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, लम्की, कैलाली

८० हजार सेयर सदस्यमध्ये ३२ हजार ऋणी हुनुहुन्छ। ऋण लिएका सबैजसो केही न केही उद्यमसँग जोडिनुभएको छ। हाम्रो ऋणको आकार कम छ। धेरै ठूलो ऋणलाई प्राथमिकता दिएका छैनौं। विपन्न वर्गलाई उद्यमसँग जोड्न ऋण लगानी गरिरहेका छौं।

सहकारी संस्थाका उच्च पदाधिकारीले संस्थाको सुशासन कायम नराख्दा, जुन क्षेत्रका लागि सहकारी संस्था स्थापना भएको हो त्यो क्षेत्रबाहेक अन्य क्षेत्रमा कर्जा लगानी गर्दा त्यसमा व्यक्तिगत स्वार्थ बाझिएकाले केही सीमित सहकारी संस्थाहरू डुबेको, सदस्यहरूको बचत समयमा फिर्ता नगरेको कारण सम्पूर्ण सहकारी संस्था नै अहिले बदनाम हुन पुगेका छन्। संस्थागत सुशासन नभएको कारणले त्यस्तो समस्या आएको हो, तर हाम्रो सहकारीमा त्यस्तो अवस्था छैन। हामीसँग २२ प्रतिशत तरलता मौज्दात छ। हामीले सेयर सदस्यलाई सुविधा दिन प्रविधिलाई पनि आत्मसात् गरेका छौं। मोबाइल बैंकिङको सुविधा छ। हाम्रो एटिएमले अरू बैंकको एटिएममा पैसा झिक्दा शुल्क नलाग्ने बनाएका छौं।

छोराछोरीलाई शिक्षादीक्षादेखि लाखौंको आम्दानी

काभ्रे जिल्लाको पाँचखाल नगरपालिका वडा नं ९, कार्कीगाउँ पुग्दा लक्ष्मी कार्की गाईभैंसीलाई दाना दिँदै थिइन् । आजभोलि कार्कीको यसरी नै गाईभैंसी स्याहारसुसारमै दिन बित्छ । गाईभैंसी पालेर उनको परिवारले राम्रै आम्दानी गरेको छ ।

दुई वर्षअगाडिसम्म कार्कीले थोरै गाई र भैंसी पालेकी थिइन् । थोरै गाईभैंसी पाल्दा दुःख बढी र आम्दानी कम हुने गर्थ्यो । त्यसरी नै भए पनि पशुपालन र तरकारी खेती गरेर दुई छोरालाई शिक्षा दिँदै आएकी थिइन् । व्यवहार टार्न धौधौ थियो । व्यावसायिक पशुपालन गर्ने चाहना त थियो, तर उनीसँग लगानी गर्ने रकम थिएन् । यसै क्रममा दुई वर्षअगाडि नेसनल लघुवित्त वित्तीय संस्था लिमिटेडले फार्म खोल्न सल्लाह दिएपछि उनले पशुपालन फार्म खोल्ने निधो गरिन र सिंगडी पशुपक्षी कृषि फार्म दर्ता गरी पशुपालन गर्न थालिन् ।

'पहिला थोरै पशु थिए । धेरै दुःख थियो । आम्दानी कम थियो । त्यही भए पनि हामीले गर्दै आएका थियौं,' कार्कीले भनिन्, 'नेसनल लघुवित्त वित्तीय संस्थाको सल्लाह, सुझावअनुसार व्यावसायिक रूपमै फार्म दर्ता गरी नेसनल लघुवित्तबाट पहिलो कर्जा ६० हजार रुपैयाँ लिई पशुपालन गर्न थालें ।' पहिला ऋण खोज्दा पनि आफूलाई नपत्याएर नदिने गरेको उनी सम्झिन्छिन् ।

हाल नेसनल लघुवित्तबाट चार लाख रुपैयाँ कर्जा लिएकी उनको फार्ममा ४० लाखबराबरको लगानी पुगिसकेको छ । उनको फार्ममा अहिले नौवटा गाई र चारवटा भैंसी छन् । उनले ९० लिटरभन्दा बढी दूध बेच्दै आएकी छिन् । नेसनलले देखाएको बाटोले आज खुसी भएको र राम्रो आम्दानी गर्न सकेको उनी बताउँछिन् । उनको परिवारमा चारजना छन् । पशुपालनबाटै दुई भाइ छोरामध्ये एउटालाई डाक्टर र अर्कोलाई इन्जिनियर पढाएको उनी बताउँछिन् । उनले एकजनालाई रोजगारी पनि दिएकी छिन् ।

सोही स्थानकी बिनु कार्कीले पनि नेसनल लघुवित्त वित्तीय संस्थाबाट कृषि ऋण लिएर राम्रै आम्दानी गर्न थालेकी छिन् । उनको परिवारले तरकारी खेती, कुखुरापालन र पशुपालन गर्दै आएकी छिन् । उनको परिवारले पाँच रोपनी जग्गामा तरकारी खेती, एक हजार चार सयवटा कुखुरा, तीनवटा गाई र दुईवटा भैंसी पाल्दै आएकी छिन् । उनको परिवारले कुखुरापालन, पशुपालन र तरकारी खेतीबाट वार्षिक १२ लाखभन्दा बढी कमाउने गरेको छ ।

'कृषिबाटै हामीले वार्षिक ३० लाखभन्दा बढी कमाउँछौं, खर्च कटाएर नै १२ लाखभन्दा बढी कमाउँछौं,' कार्कीले भनिन्, 'दुई छोरी र एक छोरालाई त्यहींबाट पढाएका हौं । छोरीलाई उच्च शिक्षाका लागि अमेरिका पठाउने तयारी छ ।' उनीहरूजस्तै थोरै ऋण लिएर धेरै आम्दानी गरेका रीता खड्कालगायत धेरै छन् ।

सुखदुःखको सारथि नेसनल

नेसनल लघुवित्त वित्तीय संस्था लिमिटेड सुख-दुखको सारथि भएको पाँचखाल नगरपालिका-९ की रीता खड्काले बताइन् । पशुपालन र तरकारी खेतीमा कहिलेकाहीं लगानी नपुगेको हुन्छ, त्यसबेलामा नेसनलले घरआँगनमै आएर ऋण दिने गरेको उनी बताउँछिन् । 'नेसनल लघुवित्त वित्तीय संस्था हाम्रा लागि सुखदुःखको सारथि भएको छ । चाहिएका बेलामा घरआँगनमै आएर ऋण दिने गरेको छ ।' उनले भनिन्, 'हामी महिलालाई जहिले भन्यो त्यहीले ऋण कसले पत्याउँछ र ? तर, नेसनलले पत्याएको छ । सायद हामी इमानदार भएर पनि होला ।'

त्यसरी नै लक्ष्मी कार्की र बिनु कार्कीको पनि अनुभव छ । उनीहरूले नेसनलबाट ऋण लिने र व्यवसायबाटै बिस्तारै तिर्दै जाने गरेको बताउँछिन् । नेसशनलले विनाधितो विनाझन्झट घरमै आएर ऋण दिने गरेको उनीहरू बताउँछन् ।

नेसनल लघुवित्त वित्तीय संस्थाको लगानीको ४५ प्रतिशत कृषिमा लगानी गरिएको संस्थाका तालिम तथा विकास विभागका प्रमुख भोजराज फुँयाललले बताए । पाँचखालका कृषक समूहले राम्रोसँग कर्जा सञ्चालन गरेको उनले बताए । त्यहाँका समूहले व्यावसायिक कृषिका लागि ऋण लिने र सहज रूपमा चुक्ता गर्दै जाने गरेको उनले बताए ।

■ विपन्नका लागि नेसनल लघुवित्त



रामबहादुर यादव
प्रमुख कार्यकारी अधिकृत, नेसनल लघुवित्त तथा लघुवित्त बैंकर्स संघका अध्यक्ष

नेसनल माइक्रो फाइन्सको रूपमा २०७१ असार १८ गतेबाट कारोबार सुरु गरी हालसम्म राष्ट्रियस्तरका तीनवटा लघुवित्त वित्तीय संस्थालाई गाभिसकेको छ । हालसम्म महिला सहयात्रा लघुवित्त वित्तीय संस्था, सजिलो लघुवित्त वित्तीय संस्था र समिट लघुवित्त वित्तीय संस्था गाभिएको छ । समिट लघुवित्त वित्तीय संस्थासँग मर्जर भएर ०८० असार ३० गतेबाट एकीकृत कारोबार सुरु गरेको हो ।

यस संस्थाले नवौं वर्ष पूरा गरी दसौं वर्षमा कार्य सञ्चालन गर्दै आएको छ । हालसम्म एक अर्ब आठ करोडभन्दा बढि चुक्ता पुँजी रहेको छ । गत पुस मसान्तसम्ममा वित्तीय संस्थाले १८ अर्ब ३७ करोड लगानी गरेको छ । संस्थाको निक्षेप पाँच अर्ब २४ करोड रहेको छ । संस्थाले पुस मसान्तसम्ममा १० करोड ४२ लाख खुद नाफा आर्जन गर्न सफल भएको छ । हाल संस्थाले आव ०७९/८० को नाफाबाट बोनस सेयर ७ दशमलव ५ प्रतिशत र नगद लाभांश ७ दशमलव ५ प्रतिशत गरी १५ प्रतिशत लाभांश बाँड्न प्रस्ताव गरेको छ ।

संस्थाले लघुवित्तको मूल मर्म, भावना र सिद्धान्तअनुरूप देशको ७४ जिल्लाका एक सय ९६ शाखामार्फत दुई लाख २२ हजार घरपरिवारलाई वित्तीय र गैरवित्तीय सेवा प्रदान गर्दै आएको छ । हाल संस्थाले प्रत्यक्ष रूपमा आठ सयजना कर्मचारीलाई रोजगारी दिएको छ ।

संस्थाले आफ्ना सेवाग्राही सदस्यलाई सामाजिक तथा आर्थिक उत्थानका लागि वित्तीय साक्षरता, व्यावसायिक सीपमूलक तालिम, सामाजिक क्रियाकलाप र दैवीप्रकोप उद्धार कार्यक्रम गर्दै आएको छ । संस्थाले आगामी दिनमा डिजिटलाइजेसन सेवामा व्यापक रूपमा सञ्चालन गर्ने र स्थानीय निकायसँग सहकार्य गरी सीपमूलक तथा व्यावसायिक, लघुउद्यमशीलता सदस्यले उत्पादन गरेको वस्तुको बजारीकरण गरी व्यावसायिकता प्रवर्द्धन गर्ने र देशका सबै स्थानीय निकाय, वडा कार्यालयमा सेवा विस्तारको पहुँच पुऱ्याउने रणनीति संस्थाले लिएको छ ।

किसानका लागि 'सहारा'

बुद्धशान्ति गाउँपालिका-१, होक्सेका इन्द्रकुमार गौतम तीन वर्षअघिसम्म रोजगारविहीन थिए । रोजगारी भएपछि उनी महिनामा दुई दिन पनि घर बस्दैनथे । तर, अहिले उनको दैनिकी फेरिएको छ । उनी खेती र बाख्रापालनमा व्यस्त छन् । श्रीमती गंगादेवी ढकाल गौतमले तीन वर्षअघि सहारा नेपाल बचत तथा ऋण सहरकारी संस्थाबाट एक लाख ऋण लिइन् । उक्त ऋणले २० वटा बाख्रा किनेर बाख्रापालन सुरु गरेपछि भने गौतम अहिले बाख्राको स्याहारसुसारमा व्यस्त छन् । 'म बिग्रिएको मान्छेलाई सहाराले सुधाऱ्यो,' उनी भन्छन्, 'कहिले घरमा नहुने मान्छे म आजकाल घर नै छाड्दिनँ । सहाराले नयाँ जीवन दियो ।'

श्रीमती गंगादेवीले पनि अहिले घरमै रोजगारी पाएकी छन् । तीन वर्षअघि सुरु गरेको बाख्रापालनले अहिले उनी राम्रो आम्दानी गर्दै आएकी छिन् । 'बाख्राको बिमा पनि सहारा लघुवित्तले नै गरिदिएको छ । केही भएर बाख्रा मऱ्यो भने पैसा लिन सहकारी धाउनुपर्दैन । खातामा आफैं पैसा आउँछ,' गंगादेवी भन्छिन्, 'बाख्रापालनबाट वर्षमा तीन लाखभन्दा धेरै आम्दानी गरिसकेकी छु ।' सहाराले नै घाँसको बिउ पनि उपलब्ध गराएको उनी बताउँछिन् ।

यस्तै, सहाराले निःशुल्क बाख्राको उपचार सेवा पनि दिइरहेको छ । बाख्राको खोर बनाउनसमेत सहाराले सहयोग गरेको उनले बताइन् । 'तालिम पनि वेला-वेलामा दिइरहन्छ । अहिले त हामी औषधि खुवाउन, सुई लगाउन आफैं जान्ने भइसकेका छौं,' उनले भनिन् ।

सहारा नेपालले उनको गाउँमा महिलाको समूह बनाइदिएको छ । ६ लाखसम्म विनाधितो ऋण लगानी गर्दै आएको छ । गंगादेवीले विभिन्न समयमा गरेर पाँच लाखसम्म ऋण लिएकी थिइन् । उनले महिनैपिच्छे किस्ता बुझाउँदै आएकी छिन् । अब ४४ हजार हाराहारी मात्र ऋण बाँकी छ । 'साहुबाट लिएर बाख्रापालन सुरु गरेको भए ब्याजसँग एकमुस्ट बुझाउनुपर्थ्यो । त्यसको गर्दा त गाह्रो हुन्छ नि । यहाँ त महिनैपिच्छे अलि-अलि गर्दै तिर्दातिर्दै सकिएको थाहै हुँदैन रहेछ,' गंगादेवी भन्छिन् । बाख्रापालनबाटै अहिले उनको परिवार राम्ररी चलेको छ । 'नेपालमै पनि गर्दा हुने रहेछ । विदेश गइरहनुनपर्ने रहेछ,' उनले भनिन् ।

बुद्धशान्ति-५, शान्तिपुरकी विना गुरुङको दैनिकी केही वर्षअघिसम्म घरायसी काममै बित्थ्यो । तर, तीन वर्षअघि सहारा नेपालबाट दुई लाख ऋण लिएर बाख्रापालन सुरु गरेपछि भने उनको दैनिकी फेरिएको छ । उनले पाँच कट्ठामा बाख्राको खोर बनाएकी छिन् । डेढ बिघा खेती भाडामा लिएर सिजनअनुसारको तरकारी खेती पनि गर्दै आएकी छिन् । 'अहिलेसम्म सहाराबाट विनाधितो ६ लाखसम्म ऋण लिएँ । अब एक लाख १५ हजारजति बुझाउन बाँकी छ,' उनी भन्छिन्, 'सहाराका कारण हामीलाई व्यवसाय गर्न पनि सहज भएको छ । लगानी लगाउने अवस्था नभएका वेला सहाराले लगानी लगाइदिएको छ ।' सुरुमा १० वटा बाख्राबाट सुरु गरेकी उनले ४६ वटासम्म पुऱ्याइन् । केही महिनाअघि १९ वटा बाख्रा बेचिन् । अब २७ वटा बाँकी छन् । 'बल्ल प्रतिफल दिन थालेको छ,' उनले भनिन्, 'वर्षमा तीन-चार लाख त मज्जाले कमाइ हुने रहेछ ।'

अब उनी गाईपालन सुरु गर्ने तरखरमा छिन् । सहाराले उनलाई समय-समयमा तालिम पनि दिइरहेको छ । बाख्रा बिरामी हुँदा प्राविधिक सेवा दिनुका साथै बिमा पनि गरिदिएको छ । जसका कारण सहज भएको गुरुङ बताउँछिन् । 'सहार नेपाल हाम्रो सहारा बनेर आएको छ,' उनले भनिन्, 'म १६ वर्षअघिको सदस्य हुँ । अहिलेसम्म पनि सदस्य नै छु ।'



सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिएर बाख्रापालन गरिरहेका बुद्धशान्ति गाउँपालिका-१, होक्सेका इन्द्रकुमार गौतमकी श्रीमती गंगादेवी ।

■ सामाजिक व्यवसायका रूपमा सहकारी सञ्चालन गरिरहेका छौं

२७ वर्षअघि स्थापना भएको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्यालय बिर्तामोड- २ चारपानेमा छ । कोशी प्रदेशका ६ जिल्लामा ८० वटा सेवा केन्द्रमार्फत सेवा दिइरहेका छौं । हामीसँग करिब एक लाख ६७ हजार सदस्य आबद्ध छन् । १२ अर्बबराबर बचत, एक अर्ब ६७ करोड हाराहारी सेयर पुँजी र एक अर्ब २३ करोड हाराहारी जगेडा कोष छ । त्यस्तै, १० अर्ब ६० करोडजति लगानी छ भने झन्डै १६ अर्बजति नाफा छ ।



महेन्द्र गिरी
प्रमुख कार्यकारी अधिकृत
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था

सहकारी सामाजिक व्यवसायको रूपमा सञ्चालन गरिरहेका छौं । सदस्य र समुदायको हितका लागि बचत तथा ऋणको कारोबार गर्छौं । त्यसबाहेक पनि विविध खालका कार्यक्रम गर्छौं । बचत तथा ऋणसँगै रेमिट्यान्स, बिमाका कार्यक्रम पनि गर्छौं । नाफा कमाउने मात्र होइन, कमाएको नाफा सदस्य र समुदायमा विभिन्न कार्यक्रममार्फत लगेर सहकारी सञ्चालन गरिरहेका छौं । सुशासनका साथ सहकारी चलाइरहेका छौं । सदस्यहरूका लागि 'जीवन बरदान' कार्यक्रम भनेर स्वास्थ्य सुरक्षा कार्यक्रम चलाएका छौं । सदस्य बिरामी पर्दा नेपालभरिको विभिन्न एक सयभन्दा बढी अस्पतालसँग सहकार्य गरेर हामीले उपचारमा सहयोग गरिरहेका छौं । कृषिसँग सम्बन्धित कार्यक्रम पनि गर्दै आएका छौं । कृषि व्यवसाय शाखा स्थापन गरेर पशु चिकित्सक र कृषि प्राविधिक राखेर गाउँगाउँमा तालिम र पशुधनको सुरक्षा तथा विभिन्न तालिम गर्दै आएका छौं । उद्यमशीलता विकास र वित्तीय साक्षरताका कार्यक्रम गर्दै आएका छौं । समुदायमा उद्यमी बनाउने कार्यक्रम गर्दै आएका छौं ।

हाम्रो लगानी ९० प्रतिशतभन्दा बढी उत्पादन क्षेत्रमा छ । खास गरेर उद्यमशीलतामा ४० प्रतिशत, कृषिमा २० प्रतिशत, स्वरोजगारमा १५ प्रतिशत र विपन्नको आवासका लागि १५ प्रतिशत तथा ऊर्जामा पनि छुट्याएर काम गर्दै आएका छौं ।

हामी समुदायमा आधारित छौं । गरिब, विपन्न र मध्यम वर्गीयलाई प्रतिनिधित्व गर्छौं । सञ्चालकहरू कसैले पनि ऋण लिन पाउँदैनन् । हामीलाई राष्ट्र बैंकको निर्देशन लाग्दैन । तर, हामीले पालना गरेका छौं । जोखिम विश्लेषण गरिरहन्छौं । दीर्घकालीन बचत हाम्रो ८० प्रतिशत छ । साना ऋणलाई प्रोत्साहन गर्छौं । ९५ प्रतिशत ऋण साना र गरिब परिवारमा पुगेको छ । गरिब इमानदार हुन्छन् । उनीहरूले इमानदारपूर्वक ऋण तिर्छन् । उनीहरूलाई जागरण र सीप दिएर उद्यमी बनाउनेमा हामी लागेका छौं । सहकारीले बैंकले जस्तो ठूलो मात्रमा लगानी गर्ने होइन, भुइँमान्छेको प्रतिनिधित्व गर्नुपर्छ ।

लघुवित्तको २० हजार कर्जाले फेरिएको जीवन

उदयपुरको बेलका नगरपालिका- ६ की सुमित्रा राईको हिजोआज दैनिकी नै फेरिएको छ । पाँचजनाको परिवार रहेको राईले जीवनमा अनेक दुःखकष्ट खेपिन् । तर, यतिवेला उनी ढुक्क छिन् । स्थानीय महुली लघुवित्तबाट पहिलो कर्जा २० हजार रुपैयाँ लिएर व्यवसाय सुरु गरेपछि जीवनयापन नै फेरिएको राई बताउँछिन् । ०६६ सालमा समूहमा आबद्ध भएपछि राईले लघुवित्तबाट २० हजार रुपैयाँ कर्जा लिएर बाख्रापालन सुरु गरिन् । आर्थिक अभाव खेपिरहेका वेला ब्राखापालनले उनलाई निकै सहयोग पुग्यो ।

'आर्थिक अभाव खेपिरहेकी थिएँ । एकजना साथीको सल्लाहमा लघुवित्तमा आब भएदेखि मेरो जीवन फेरिएको छ,' राई भन्छिन्, 'अहिले महुली लघुवित्तबाटै पाँच लाख ५० हजार रुपैयाँ कर्जा लिएर यही व्यवसायमा लगानी गरेकी छु । हिजोआज समाजले हेर्ने दृष्टकोण राम्रो छ । समाजमा एउटा छुट्टै पहिचान बनेको छ ।' लघुवित्तका कारण तुलनात्मक रूपमा दुःख गरेर सुखसँग जीवन बिताइरहेको र यो स्थानसम्म आउन लघुवित्तले सहयोग गरेको उनको भनाइ छ ।

■ सदस्यहरूको एक अर्ब ५७ करोडभन्दा बढी बचत छ

महुली लघुवित्त वित्तीय संस्था एक विशुद्ध लघुवित वित्तीय संस्था हो । महुली सामुदायिक विकास केन्द्र बकधुवा- ६ बाट प्रवर्द्धन भई १७ भदौ ०६९ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीको रूपमा विधिवत् दर्ता भई सञ्चालनमा रहेको छ ।

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट २ जेठ ०७० मा १० जिल्ला कार्यक्षेत्रको स्वीकृती लिई कम्पनी रजिस्ट्रारको कार्यालयबाट ३० जेठ ०७० मा कारोबार सञ्चालनको अनुमति पाएर सोही मितिबाट बैंक तथा वित्तीय संस्था नियमावलीअनुसार औपचारिक रूपबाट कारोबार सञ्चालन गरी १० जेठ ०७५ मा थप पाँच जिल्लामा कार्यक्षेत्र विस्तार गर्न अनुमति पाई १५ जिल्लामा पुग्न सफल भएको थियो । यसैगरी ८ माघ ०७६ मा नवकिरण लघुवित्त वित्तीय संस्था लिमिटेडसँग गाभ्ने/गाभिने (मर्जर) सम्झौतापश्चात् सम्पूर्ण प्रक्रिया पूरा गरी ८ मंसिर ०७७ मा '**महुली लघुवित्त वित्तीय संस्था लिमिटेड**'को नामबाट एकीकृत कारोबार शुभारम्भ भएपश्चात् नेपाल राष्ट्र बैंकबाट २२ मंसिर ०७७ मा राष्ट्रिय स्तरको रूपमा कार्य गर्न इजाजतपत्र पाउन सफल भई मर्जरपश्चात् हाल ३४ जिल्लामा ६४ वटा शाखा कार्यालयमार्फत वित्तीय सेवा प्रदान गरिरहेको छ । हाल यस वित्तीय संस्थामा ८२ हजारभन्दा बढी सदस्य आबद्ध छन् भने आबद्ध सदस्यहरूको एक अर्ब ५७ करोडभन्दा बढी बचत छ । यसैगरी चार अर्ब ३१ करोड कर्जा उठाउन बाँकी रहेको छ ।



गंगाधर पाण्डे
प्रमुख कार्यकारी अधिकृत
महुली लघुवित्त वित्तीय संस्था लिमिटेड

वित्तीय संस्थाले स्थानीय साझेदारी कार्यक्रमअन्तर्गत बृहत् वित्तीय साक्षरता कार्यक्रम, सदस्यसँग सार्वजनिक सुनुवाइ, महुली विकास केन्द्र, स्थानीय पालिका, नेपाल सरकार तथा हेबिट्याट नेपालको सहकार्यमा करिब ६३०० घरपरिवारलाई सुरक्षित आवास हस्तान्तरण तथा रोजगारीमूलक कार्यक्रम साथै एडिबीको सहयोगमा उद्यमशीलता कार्यक्रमलगायतका बहुपक्षीय क्षेत्रमा महिला सशक्तीकरण एवं स्थानीयस्तरमा वित्तीय पहुँच अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

प्रेरणाको स्रोत बन्दै लघुउद्यमी पवित्रा



पाँचथरको पौवासार्तापकी पवित्रा क्षेत्री हाल झापाको बिर्तामोडमा नर्सरी सञ्चालन गरिरहेकी छिन् । स्वावलम्बन लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिएर नर्सरी चलाइरहेकी उनी त्यसकै आम्दानीबाट घरसमेत बनाएको बताउँछिन् ।

पाँचथरको पौवासार्तापकी पवित्रा क्षेत्री सानैदेखि फूल, बोटबिरुवाप्रति सौखिन थिइन् । सौख बढ्दै जाँदा उनमा एउटा नर्सरी बनाई व्यावसायिक रूपमै काम थाल्ने सोच पलायो । तर, कहाँ थालनी गर्ने भन्ने विषयले उनी अलमल थिइन् । ०६८ पश्चात् झापा, बिर्तामोडमा जग्गा खरिद गरी तत्काल स्थायी रूपमा भाडामा बस्न थालिन् । एक दिन नजिकैको शिवालय टोलमा स्वावलम्बन लघुवित्त वित्तीय संस्थाबारे जानकारी पाएपछि त्यहाँ संलग्न हुन तालिममा सहभागी भई संस्थामा आबद्ध भइन् ।

समूहका साथीहरूसँगको सरसल्लाहमा स्वावलम्बन, बिर्तामोडबाट एक लाख रुपैयाँ कर्जा लिई नर्सरी सुरु गरिन् । एक वर्षसम्म कर्जाको किस्ता त्यही फूल व्यवसायको आम्दानीले तिर्दै नर्सरीमा गमला, नयाँ जातका फूल, बोटबिरुवा थपिन् ।

आफ्नो व्यवसायबाट राम्रो संकेत देखिएपछि उनले पुनः दुई लाख रुपैयाँ कर्जा लिएर नर्सरीमा केही रकम लगाइन् र अरू रकम घर निर्माणमा प्रयोग गरिन् । समय-समयमा मौसमी कर्जाले नर्सरीको काममा वृद्धि गर्दै छोराहरूको साथमा रहेर व्यवसायको आम्दानीबाट घर निर्माण सम्पन्न गरिन् । एकतले घर बनाए पनि उनमा आफ्नो व्यवसाय बढाउँदै छोराहरूको पढाइ पूरा गर्ने र घर तला थप्ने मन रहिरह्यो । उनले छोराहरूको पढाइमा कहिलेकाहीं आवश्यक पर्दा आकस्मिक कर्जा लिने गरेको सुनाइन् र थप किस्ता तिर्न अप्ठ्यारो नपरोस् भनेर आफूले नर्सरीको फूल स्थानीय बुधबारको हाटबजारको दिन त्यहाँ राखेरसमेत बिक्री गरी राम्रो आम्दानी गरिन् ।

फेरि दुई लाख रुपैयाँ कर्जा लिएर व्यवसाय बढाउने सोच राखेकी थिइन्, तर कोरोना महामारीले उनको आम्दानीमा असर पऱ्यो । स्थानीय हाटबजारमा व्यापार गर्न नपाएपछि घरबाटै बेचबिखन गरिन् । उनी व्यापार नहुँदा आत्तिएकी थिइनन्, उनका छोरा पढे-लेखेका र प्रविधिमा ज्ञान भएकाले आमालाई व्यापार गर्न टिकटक र युट्युबको सहयोग लिई व्यवसाय गर्न थाले । यसरी नर्सरी, फूल-बिरुवासम्बन्धी जानकारी दिनहुँ अपलोड गर्न थाल्दा ठाउँठाउँबाट अर्डर आएर बिक्री हुन थाल्यो र कमाइ पनि पुरानै लयमा फर्कियो ।

पुरानो कर्जाको किस्ता चुक्ता भएपछि उनले त्यसपछि पनि तीन लाख साधारण कर्जा लिएर केही रकम नर्सरीको सजावट, नयाँ प्रजातिका फूल-बिरुवा थप गर्न र घरको तला थप गर्दा झ्याल-ढोका बनाउन, ट्वाइलेट, बाथरुमका सामान राख्न सहयोग गरिन् । अहिले नियमित नर्सरीलाई बढाउँदै बिर्तामोडको बुधबारे हाट र शिवालय टोलकी एक सफल उद्यमी बनेकी छिन् उनी ।

अहिले एकजनालाई नियमित रोजगारीसमेत दिएकी छिन् भने एक छोराले युट्युबमा भिडियो हालेर पूर्ण सहयोग गर्छन् । अर्का छोरा रोजगारीको सिलसिलामा विदेश गएका छन् । उनको फूल विभिन्न जिल्लाबाट र भारतको सिलिगुडी आसपासका ग्राहकले समेत अर्डर गर्ने गरेका छन् ।

अहिले फूलका बोटबिरुवा बिक्रीबाट मासिक ७५ हजार र युट्युब च्यानलबाट करिब २८ हजार रुपैयाँ गरी महिनाको एक लाखसम्म आम्दानी हुने उनी बताउँछिन् । यसरी आफ्नो रहरलाई व्यवसाय बनाउन स्वावलम्बन लघुवित्त वित्तीय संस्थाको ठूलो भूमिका रहेको र सफल उद्यमी भई देश-विदेशमा चिनिन पाएकोमा खुसी छिन् । अहिले उनी अन्य दिदीबहिनीको प्रेरणाको स्रोतसमेत बनेकी छिन् ।

■ गरिबीको रेखामुनि रहेका महिला नै प्रमुख प्राथमिकतामा

हामीले लघुवित्त सेवा सुरु गरेको ३० वर्ष भयो । ०५०-०५८ सम्म गैरसरकारी संस्थाअन्तर्गत र ०५८ यता लघुवित्त संस्थाकै रूपमा वित्तीय सेवा प्रदान गर्दै आएका छौं । हालसम्म ६१ जिल्लामा एक सय ४५ शाखा स्थापना गरिसकेका छौं । हालसम्म हाम्रो सदस्य संख्या दुई लाख ६० हजार र ऋणी संख्या एक लाख ५० हजार हाराहारी पुगेको छ ।



नरेन्द्रसिंह विष्ट
प्रमुख कार्यकारी अधिकृत
स्वावलम्बन लघुवित्त वित्तीय संस्था

ऋण लगानी गर्ने विषयमा हामीले गरिबीका रेखामुनि रहेका महिलालाई नै उच्च प्राथमिकतामा राखेका छौं । उनीहरूलाई समूहमा ल्याएर वित्तीय ज्ञानसहित विभिन्न उद्यमशीलतासम्बन्धी तालिम प्रदान गर्छौं । त्यसमा हामीले कृषि, माछापालान, बाख्रापालन, सिलाइ, ढाका उद्योगजस्ता क्षेत्रलाई प्राथमिकतामा राखेका छौं । त्यसपछि उनीहरूलाई व्यवसाय गर्न कर्जाको सुविधा दिन्छौं । त्यससँगै कर्जाको सदुपयोगसम्बन्धी निरीक्षणसमेत गर्छौं । सदस्यहरूले उत्पादन गरेका वस्तुका लागि बजारसमेत व्यवस्था गर्दै आएका छौं । साथै, ग्राहकलाई इमर्जेन्सीबापत तत्काल २० हजार कर्जा दिने व्यवस्था पनि गरेका छौं । समग्रमा हाम्रो सेवाबाट सदस्य तथा ऋणीहरू सन्तुष्ट नै छन् । ग्राहकबाट आउने गुनासा सम्बोधन गर्न पनि हामी सकारात्मक छौं ।

अब पनि गरिबीका रेखामुनि रहेका महिलालाई वित्तीय सेवा दिएर उनीहरूको जीवनस्तर उकास्ने हाम्रो लक्ष्य छ । साथै, समग्र ग्राहकलाई उद्यमी बनाउने लक्ष्य लिएर अघि बढेका छौं । उनीहरूलाई उद्यमी बनाएर स्वदेशी उत्पादन बढाउने हाम्रो लक्ष्य हो । त्यसले आयात प्रतिस्थापनसँगै कुल गार्हस्थ्य उत्पादनमा समेत योगदान पुग्ने विश्वास छ । केही गरौं भन्ने र केही गर्न सक्ने महिलालाई वित्तीय अभाव हुन दिँदैनौं ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार ५ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

भारतीय जुरीको पक्षपातले ग्वान्झाउ एसियाडमा कांस्यमै रोकिएँ





भारतीय जुरी नभएको भए सेमिफाइनलको नतिजा मेरो पक्षमा हुने थियो । उनले हल्का मलाई छुँदा पनि जुरीका सदस्यले अंक दिन्थे । मैले जति मुक्का प्रहार गर्दा पनि स्कोर नै आएन । आफ्नो प्रदर्शनअनुसार फाइनल पुग्नेमा ढुक्क थिएँ । तर, निर्णय भारतीय खेलाडीको हकमा आयो । त्यसपछि म १६औँ एसियाडमा कांस्य पदकमै सीमित भएँ ।

नेपालले सन् २०१० ग्वान्झाउमा भएको १६औँ एसियाली खेलकुदमा एउटै मात्र पदक कांस्य बक्सिङले जितेको थियो । मुक्केबाज दीपक महर्जनले ८१ केजीको लाइट हेभिवेट समूहमा कांस्य जितेका थिए । थाइल्यान्डका खेलाडी क्रिइडकाई सुखुमलाई क्वार्टरफाइनलमा हराएपछि उनको कांस्य पदक पक्का भएको थियो । त्यसवेला नेपालबाट सहभागी अन्य खेलबाट पदकको आशा गरिएको थियो । तर, ती खेलबाट पदक नआउँदा नेपाल लगभग चीनबाट खाली हात फर्कने निश्चित भइसकेको थियो । दीपकले कसैले आशा नगरेको पदक दिलाए । उनी अहिले बक्सिङको एआइबिए थ्री स्टार कोच हुन् । एसियाडमा नेपालका लागि एक मात्र पदक दिलाउँदाको क्षण उनले नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**लाई यसरी सुनाए :

थाइल्यान्डको प्रशिक्षणपछि कोटा पक्का भयो

चीनमा आयोजना हुने १६औँ एसियाडमा हामीले ५-६ महिनादेखि नै तयारी गरेका थियौँ । ग्वान्झाउमा जानुअघि हामीले थाइल्यान्डमा विशेष प्रशिक्षणको अवसर पायौँ । त्यहाँ दुई महिनाको तयारी भयो । बक्सिङको तयारी र प्रशिक्षणका निमित्त थाइल्यान्डको बैंकक असाध्यै राम्रो मानिन्छ । बैंककमा त्यसैवेला एउटा अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगिता भएको थियो । एक प्रकारले यो हामी मुक्केबाजका लागि मिनी ओलम्पिकजस्तै हो । त्यहाँ विकसित राष्ट्रका प्रोफेसनल बक्सरहरू खेल्न आएका थिए । यहाँ लामो तयारीपछि मैले एसियाडको कोटा पक्का गरेको थिएँ । मिनी ओलम्पिकमा मैले कांस्य हात पारेँ । थाइल्यान्डका घरेलु खेलाडीलाई नकआउट गरेपछि एसियाडमा मेरो नाम राखिएको थियो । त्यसपछि मात्रै म प्रशिक्षकको नजरमा पर्न थालेँ । बैंककमा रमाइलो पक्ष भनेको विभिन्न राष्ट्रका कम्तीमा ४० देखि ४५ खेलाडी एकै रिङमा अभ्यास गर्ने गर्थे । बैंककको प्रशिक्षण सम्झना पीडासँगै खुसी पनि लाग्छ । त्यहाँ एसियाली र अन्य देशका नाम चलेका मुक्केबाजहरूसँग अभ्यास गरेका थियौँ । उनीहरूको रामधुलाइ खाएपछि बल्ल हामीले पनि बक्सिङमा केही सिक्ने अवसर पायौँ । त्यसपछि मात्र बक्सिङ रिङमा विपक्षी जतिसुकै बलिया भए पनि हामी डराएनौँ । उनीहरूविरुद्ध त्यही स्तरमा प्रतिस्पर्धा गर्न हिम्मत आयो ।

थाइल्यान्ड सधैं मामाघर जस्तो लाग्छ

थाइल्यान्डमा दुई-तीन महिना अभ्यास भयो । मेरो नजरमा थाइल्यान्ड मामाघरजस्तै हो । नेपाललाई बक्सिङलगायत अन्य खेलमा सधैं र माया गर्ने देश नै थाइल्यान्ड हो । उनीहरूकै सबै खर्चमा हामीले थाइल्यान्डमा अभ्यासदेखि प्रतियोगिता खेल्ने अवसर पाइरहेका छौँ । अहिले पनि यो निरन्तर छ । सन् २०१० मा एसियाडको तयारीमा रहेका मलगायत अन्य पाँचजना खेलाडी बैंककको अभ्यासपछि चीन पुगेका थियौँ । त्यहाँको अभ्यास स्तरीय नहुँदा ग्वान्झाउमा कांस्य पदकको सम्भावना हुने थिएन । थाइल्यान्डमा गरिएको अभ्यासले नै हामी बलिया भयौँ । जहाँसम्म लाग्छ, बुद्ध धर्मको सम्बन्धले पनि होला । त्यहाँ पनि बुद्ध धर्म निकै मान्छन् । नेपालमा पनि पनि उस्तै छ । त्यसले दुई देशबीचको सम्बन्ध प्रगाढ बनेको हुनुपर्छ । नेपाली प्रशिक्षकले बेवास्ता गरे पनि थाइल्यान्डका प्रशिक्षकले मलाई राम्रो अभ्यास गराएका थिए । थाइल्यान्डमा सुवान कोच हुनुहुन्थ्यो । उहाँले मलाई सधैं केन्द्रमा राख्नुभएको थियो । नेपाली प्रशिक्षकबीचको विवादले मेरो तयारी त्यति राम्रो हुन सकेको थिएन ।

प्रशिक्षकहरूको आपसी विवाद खेलाडीसम्म गाँसिन पुग्यो । आफूअनुकूलका खेलाडीलाई मात्रै अन्तर्राष्ट्रिय रिङमा उतार्ने प्रचलन थियो, जुन अहिले पनि यसले निरन्तरता पाइरहेको छ । केही व्यक्ति तत्कालीन मेरो पछाडि परेका थिए । प्रशिक्षकहरूको लडाइँमा खेलाडी 'बलिको बोका' हुँदा मजस्ता धेरै खेलाडीले अवसर पाएनन् । तर, मैले एकै अवसरमा आफ्नो प्रभाव देखाएँ । जसको कारण नेपालले ग्वान्झाउमा पदक जित्न सफल भयो । नेपाल बक्सिङ संघ तत्काल निकै विवाद थियो । यसै दबाबबीच मेरो नाम समावेश भयो । तर, नेपाली प्रशिक्षकबीचको विवादका कारण हाम्रो प्रशिक्षण राम्रो भएन ।

थाई खेलाडीलाई मनको बाघले खायो

थाइल्यान्डमा विशेष प्रशिक्षणपछि हामी नेपाली बक्सिङ टोली चीन पुग्यौँ । त्यहाँ सबै खेलाडीको तौल नापियो । सबै देशका खेलाडीलाई एकै होटेलमा राखिएको थियो । बिहानदेखि बेलुकासम्म हामी सबै एकै हलमा बसेर खाना खान्थ्यौँ । यसकारण सबै खेलाडीबीच एक-आपसमा नजिकबाट नियाल्ने अवसर मिलेको थियो । त्यो अवसरलाई म भाग्यमानी ठान्छु । मैले प्रिक्वार्टरफाइनलमा बाई पाएँ । सीधै क्वार्टरफाइनल खेल भएको थियो । क्वार्टरफाइनलमा मेरो प्रतिद्वन्द्वी घरेलु खेलाडी थाई थिए । मैले उनलाई ४-० ले हराएँ ।

क्वार्टरफाइनल खेल्न रिङमा जानुअघि हामी दुईबीच भेट भएको थियो । उनले थाइल्यान्डमा भएको घटना सम्झेका थिए । मैले थाइल्यान्डमा अभ्यासका क्रममा त्यही थाई खेलाडीलाई एक मुक्कामा सुताएको थिएँ । ती थाई खेलाडी एक साता ओछ्यानमै सुतेको भन्ने सुनेको थिएँ । थाइल्यान्डमै मेरो मुक्काले सुतेका ती थाई खेलाडीलाई चीनमा मनको बाघले खायो । रिङमा मलाई सहज भएको थियो । मसँग रिङमा निकै डराएर उनले खेले । यसको फाइदा मैले खुबै लिएँ । थाई खेलाडीले एक अंक पनि लिन सकेनन् । यदि नडराएको भए पक्कै अंक गुम्ने थियो । थाइल्यान्डलाई हराएपछि कांस्य पक्का भएको थियो ।

भारतीय जुरी भएकै कारण कांस्यमै सीमित

सेमिफाइनलमा मेरो प्रतिद्वन्द्वी भारतीय खेलाडी दीनेशकुमार सिंह थिए । उनी भारतका निकै राम्रा खेलाडी थिए । भारतले उनीबाट स्वर्णको आशा गरेको थियो । फेरि चीनमै आयोजना भएको बेइजिङ ओलम्पिकमा उनी क्वार्टरफाइनलसम्म पुगेका थिए । त्यसवेला भारतमा विजेन्द्र सिंहपछि दिनेशको आउँथ्यो । उनको बानी नै रिङमा धेरै अट्याक खेल्ने थियो । उनका अगाडि म हाइटमा अलि होचो नै थिएँ । उनलाई हाइटको फाइदा थियो । फेरि जुरीमा भारतकै पदाधिकारी थिए । त्यसकारण पनि भारतीय खेलाडीलाई फाइदा भयो । भारतीय जुरी नभएको भए त्यो खेलको नतिजा मेरो पक्षमा हुने थियो । उनले हल्का मलाई छुँदा पनि जुरीका सदस्यले अंक दिन्थे । मज्जाले जति बल गरी उनलाई मुक्का प्रहार गर्दा पनि स्कोर जुरीले दिएनन् । तर, अट्याकअनुसार मैले जितेको जस्तो लाग्छ । मेरो आफ्नो प्रदर्शनअनुसार फाइनल पुग्नेमा ढुक्क थिएँ । तर, निर्णय भारतीय खेलाडीको हकमा आयो । मेरो प्रहारमा भारतीय खेलाडीको रगत आएको थियो । मैले रिङको चारैतिर भारतीय खेलाडीलाई लखेटेको थिएँ । उनी भने भाग्दै हिँडे । यसकारण फाइनल पुग्ने विश्वस्त थिएँ । बक्सिङमा जुरीको निर्णय नै अन्तिम हुन्छ । अपिल गर्‍यो भने पदक नै खोसिने हुँदा केही गरिनँ ।

सेमिफाइनल पुगेपछि नेपाल ओलम्पिक कमिटीले तत्कालै पाँच सय डलर पुरस्कार घोषणा गरेको थियो । त्यसको भोलिपल्टै रुपैयाँ दिएको थियो । सम्भवतः त्यसवेला बक्सिङबाट पदक आउने कसैले पनि कल्पना नै गरेका थिएनन् । फेरि कसैले पनि थाई खेलाडीलाई हराउँछ भनेर सोचेकै थिएन । संघका कुनै पदाधिकारी र प्रशिक्षकले मबाट कांस्य भित्रिने कल्पना नै गरेनन् । विमानस्थल ओर्लिँदा निकै खुसी भएँ । हजारौँ मान्छे अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए । मलाई विजय च्याली गर्दै गौशाला, नारायणगोपाल चोक, लाजिम्पाट हुँदै रंगशाला ल्याइएको थियो ।

सफल भएको हेर्न नचाहने प्रशिक्षक

अहिले राखेप तालिम तथा प्रशिक्षण विभागका प्रमुख प्रचण्ड शर्मा हुनुहुन्छ । सन् २०१० को एसियाडमा उहाँ र विजय डंगोल (हाल अमेरिका) रहनुभएका प्रशिक्षकबीच चर्को प्रतिस्पर्धा थियो । प्रचण्ड गुरुको स्वभाव जहिल्यै पनि ठूलो बन्नुपर्ने हुन्थ्यो । एसियाडको तयारीमा विजय गुरुले मलाई प्रशिक्षण गराइराख्नुभएको थियो । राखेपको आधिकारिक प्रशिक्षकमा प्रचण्ड गुरु नै हुनुहुन्थ्यो । एसियाडमा म पनि समावेश भएपछि प्रचण्ड गुरु खासै खुसी देखिनुभएन । उहाँले प्रशिक्षणका दौरान मलाई एकपटक पन्च हान्न सिकाउनुभएन । तर, जब मैले पदक ल्याएँ, उहाँ नै ठूलो हुनुभयो । उत्कृष्ट प्रशिक्षक पनि हुनुभयो । मैले पदक जित्नुको पछाडि विजय गुरुको योगदान निकै ठूलो छ । एसियाडमा मैले कांस्य जितेपछि सर्वत्र प्रचण्ड गुरुकै बखान भयो । अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलको मुख्य प्रशिक्षक निर्धारण गर्ने काम राखेपको हुन्छ । त्यसवेला मैले विजय गुरुसँग प्रशिक्षण गरिरहे पनि अन्तिममा राखेपले नै प्रचण्ड गुरुलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको थियो । कांस्य जित्दा मैले विजय गुरुको नाम खासै लिन सकिनँ । कमै मात्र मैले उहाँको नाम लिएको होला । तर, आज म खुलस्त रूपमा भन्छु, ग्वान्झाउ एसियाडमा मलाई प्रचण्ड गुरुले केही पनि सिकाउनुभएन । सायद म विजय गुरुको चेलो भएका कारण उहाँले ईर्ष्या राखेको हुनुपर्छ । आजको दिनसम्म पनि यही छ । १९औँ एसियन गेम्समा म प्रशिक्षक थिएँ । तर, मलाई कहिल्यै पनि उहाँले खेलाडीलाई प्रशिक्षण गर्ने अवसर दिनुभएन । यो विषयमा सदस्यसचिव (टंकलाल घिसिङ)लाई पनि भनेको थिएँ । तर, प्रचण्ड गुरु नै राखेपमा हाबी हुनुभयो ।

१. ग्वान्झाउमा नेपाललाई कांस्य पदक दिलाएपछि दीपक महर्जन, २. काठमाडौंमा फर्किँदा भव्य स्वागत ।

नेदरल्यान्ड्सको सामना गर्दै नेपाल

एकदिवसीय वरीयता
नेदरल्यान्ड्स - १३
नेपाल- १५

हेड टु हेड
नेदरल्यान्ड्स - २ जित
नेपाल - १ जित

एक खेल अनिर्णीत

नयाँ पत्रिका

दोस्रो संस्करणको आइसिसी विश्वकप लिग-२ मा नेपालले घरेलु मैदानमा आज नेदरल्यान्ड्सको सामना गर्दै छ । नेपाल र नेदरल्यान्ड्सबीच यो समग्रमा चौथो एकदिवसीय खेल हुनेछ । यसअघि दुई टोलीले चारपटक एकदिवसीय खेलमा प्रतिस्पर्धा गरिसकेका छन् ।

नेदरल्यान्ड्सविरुद्ध नै पहिलो एकदिवसीय सिरिज

सन् २०१८ मा एकदिवसीय मान्यता प्राप्त गरेलगत्तै नेपालले नेदरल्यान्ड्सको घरेलु मैदानमा तीन खेलको शृंखलामा सहभागिता जनाएको थियो । नेपाली क्रिकेटकै पहिलो अन्तर्राष्ट्रिय एकदिवसीय



नेदरल्यान्ड्सले दुई र नेपालले एकपटक जित निकालेका छन् । नेपालले एकदिवसीय मान्यता प्राप्त गर्दा नेदरल्यान्ड्सविरुद्ध नै पहिलो सिरिज सन् २०१८ मा खेलेको थियो । पछिल्लोपटक यी दुई टोलीबीच जिम्बाबेमा भएको विश्वकपको एकदिवसीय ग्लोबल छनोटमा प्रतिस्पर्धा भएको थियो ।

आइसिसी विश्वकप सुपर लिगको पुछारमा रहेपछि नेदरल्यान्ड्स विश्वकप लिग-२ मा घटुवा भएको हो । नेदरल्यान्ड्स पहिलोपटक लिग-२ मा प्रतिस्पर्धा गर्न लागेको हो । नेपालले पछिल्लो लिग-२ मा तेस्रो स्थानमा रहँदै एकदिवसीय ग्लोबल छनोट स्थान सुरक्षित गरेको थियो । यसपटक पनि आइसिसीले एकदिवसीय विश्वकप छनोटको रोडम्यापका रूपमा रहेको विश्वकप लिग-२ मा ढाँचा बनाएको हो । यसपटकको शृंखलामा नेपालले कमजोर सुरुवात गरेको छ । बिहीबार आफ्नो पहिलो खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भयो । पछिल्लो संस्करणमा नेपालले १२ मध्ये ११ खेलमा जित निकालेको थियो ।

खेलमा नेदरल्यान्ड्स ५५ रनले विजयी भयो । सो खेलमा नेपालका लागि ज्ञानेन्द्र मल्लले ६१ बलमा आठ चौकाको सहयोगमा ५१ रन र दीपेन्द्रसिंह ऐरीले ४८ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३३ रन बनाएका थिए । बलिडतर्फ तत्कालीन कप्तान पारस खड्काले २६ रन खर्चेर चार विकेट लिएका थिए । सोमपाल कामीले ८.४ ओभरमा ३४ रन खर्चेर तीन विकेट लिएका थिए ।

दोस्रो खेलमा नेपालले नेदरल्यान्ड्समाथि एक रनको रोमाञ्चक जित निकाल्यो । पहिलो ब्याटिङ गरेको नेपाल ४८.५ ओभरमा सबै विकेट गुमाएर दुई सय १६ रन जोडेको थियो । प्रत्युत्तरमा नेदरल्यान्ड्स ५० आभेरमा दुई सय १५ रनमा समेटियो । नेपाल र नेदरल्यान्ड्सबीचको तेस्रो खेल भने अनिर्णीत रूपमा सकियो ।

सन् २०२३ को १४ जुनमा नेपाल र नेदरल्यान्ड्सबीच चौथो एकदिवसीय खेल जिम्बाबेमा भएको थियो । जसमा नेपालमाथि नेदरल्यान्ड्सले सात विकेटको जित निकाल्यो ।

नेपाल मलेसियासँग चार विकेटले स्तब्ध

एसिसी प्रिमियर कपको सेमिफाइनलमा मलेसियासँग पराजित भएसँगै नेपालले एसिया कपमा भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशविरुद्ध खेल्ने अवसर गुमायो



नयाँ पत्रिका

एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको समूह चरण र क्वार्टरफाइनलमा सानदार प्रदर्शन गरेको नेपाली महिला सिनियर टोली शुक्रबार आयोजक मलेसियासँग चार विकेटले स्तब्ध भएको छ । क्वालालम्पुरमा भएको सेमिफाइनलमा पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेटको नोक्सानीमा एक सय १५ रनको मध्यम योगफल खडा गरेको थियो । प्रत्युत्तरमा मलेसियाले १९.५ ओभरमा ६ विकेटको नोक्सानीमा एक सय १६ रन जोड्दै नेपाललाई स्तब्ध पार्‍यो । मलेसियाले अब उपाधि भिडन्तमा युएईको सामना गर्नेछ । हारसँगै नेपाल महिला एसिया कपमा छनोट हुनबाट चुकेको छ । फाइनल पुगेका मलेसिया र युएई एसिया कपमा छनोट भएका छन् । एसिसी प्रिमियर कपका शीर्ष दुई टोली सीधै एसिया कपमा पुग्ने प्रावधान छ । एसिया कपमा भारत, पाकिस्तान, श्रीलंका र बंगलादेश सीधा छनोट भएका छन् ।

अन्तिम ओभरमा ११ रन आवश्यक

लक्ष्य पछ्याएको इनिङ्सको अन्तिम ओभरमा मलेसियालाई ११ रन आवश्यक थियो । नेपालबाट कविता कुँवरले बलिङ गरेकी थिइन् । मलेसियाका लागि इलास हन्टर र मिहिराज इस्मेलले ब्याटिङ गरेका थिए । क्रिजमा स्ट्राइक हन्टरले लिइन् । उनले १९.१ र १९.३ ओभरमा चौका प्रहार गर्दै मलेसियालाई जितनजिक पुऱ्याइन् । त्यसपछि उनले १९.४ ओभरमा चलाखी गर्दै दुई रन लिँदै नेपाल र मलेसियाको स्कोर बराबरी गरिन् । उनले सहजै एक रन लिँदै नेपालमाथि सनसनी जित दिलाइन् । हन्टरले ५३ बलमा आक्रामक रूपमा ब्याटिङ गरी ६३ रनको योगदान दिइन् । इस्मेलले २२ बलमा १६ रनको महत्त्वपूर्ण योगदान गरिन् । नेपाल र मलेसियाबीचको महिला क्रिकेटमा दुई सय ३१ रनको समग्र योगफल अहिलेसम्मकै ठूलो हो । हन्टरले आफ्नो महत्त्वपूर्ण इनिङ्समा ६ चौका प्रहार गरेकी थिइन् । नेपालको बलिङमा कविता कुँवरले ३.५ ओभरमा २५ रन खर्चेँदै एक विकेट लिइन् । सीता रानामगरले चार ओभरमा १९ रन खर्चेर दुई विकेट लिइन् । कविता जोशीले १७ रन दिँदै दुई विकेट हात पारिन् । नेपालको बलिङमा सीता, कप्तान इन्दु बर्मा र कविता खर्चिलो बलर भए ।

मध्यक्रमले सम्हालेको मलेसियाको ब्याटिङ

सहज लक्ष्य पछ्याउँदा मलेसियाको सुरुवात गतिलो भएन । इनिङ्सको १.४ ओभरमा मलेसियाले ओपनर अनिना हसिमलाई गुमाएको थियो । चार बल सामना गरेकी अनिना शून्य रनमा आउट भइन् । उनलाई रुबिना क्षेत्रीले एलबिडब्लू आउट पारिन् । त्यसपछि कविताले ओपनर विनिफ्रेडलाई बोल्ड गर्दै खेल नेपालतर्फ ल्याइन् । पहिलो दुई विकेट गुमाउँदा मलेसिया ९-२ को कमजोर स्थितिमा थियो ।

त्यसपछि इल्सा हन्टरले मास इलसा र इस्मेलबीच गतिलो साझेदारी गर्दै मलेसियालाई जिततर्फ अग्रसर गराइन् । हन्टरले मासँग तेस्रो विकेटका लागि २७ रनको साझेदारी गरिन् । मासले २२ बलमा १३ रन बनाइन् । हन्टरले इस्मेलसँग चौथो विकेटका लागि ३६ रनको साझेदारी गरेकी थिइन् । इस्मेलले २२ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन् ।

नेपालको मध्यम योगफल

उत्कृष्ट फर्ममा रहेको नेपालले मलेसियाविरुद्ध आशा गरेजस्तो ब्याटिङ गर्न सकेन । इनिङ्सको ३.६ ओभरमा सीता रानामगरलाई पहिलो विकेटका रूपमा नेपालले गुमाएको थियो । सीताले १३ बलमा ६ रन मात्र जोडिन् । त्यसपछि कविता कुँवर र कप्तान इन्दुबीच दोस्रो विकेटका लागि ३५ रनको महत्त्वपूर्ण साझेदारी भयो ।

कविताले ३१ बलमा दुई चौकाको सहयोगमा २३ रनको योगदान दिइन् । इन्दुले पूर्वकप्तान रुबिनासँग चौथो विकेटका लागि ३३ रनको साझेदारी गरिन् । दुवैले नेपाललाई १५.२ ओभरमा ७८-३ को स्थितिमा राखे । रुबिनाले १८ बलमा दुई चौकाको सहयोगमा २० रन बनाइन् । डोली भट्टले १४ बलमा दुई छक्का र एक चौकाको सहयोगमा २५ रन जोडिन् ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com